सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

२२ भदौ २०८०, शुक्रबार (8 Sep 2023, Friday) ■ नेपाल संवत् ११४३ ■ वर्ष १७ ■ अंक १४८ ■ पृष्ठ १२ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. ५/-

संसदीय समितिमा
परराष्ट्रमन्त्री
एनपी साउदले भने-

चुच्चे नक्साबारे तत्कालीन सरकारले मित्रराष्ट्रहरूलाई पत्राचार गरेको पाइएन



०७७ मा केपी ओली नेतृत्वको तत्कालीन नेकपाको सरकारको पालामा संसद्ले चुच्चे नक्सा पारित गरेको थियो । तत्कालीन परराष्ट्रमन्त्री प्रदीप ज्ञवालीले त्यसबारे अन्तर्राष्ट्रिय समुदायलाई जानकारी गराइएको अभिव्यक्ति दिएका थिए । तर, अहिलेका परराष्ट्रमन्त्री एनपी साउदले भने मन्त्रालयमा त्यस्तो कुनै रेकर्ड नरहेको जानकारी संसदीय समितिलाई दिएका छन् ।

(विस्तृत पृष्ठ ३)

भारतमा आगामी निर्वाचन

मोदी भर्सेस २८ दल



सत्तारूढ हिन्दू राष्ट्रवादी भारतीय जनता पार्टी (भाजपा)को लगातार तेस्रो जितलाई रोक्ने उद्देश्यले भारतका दुई दर्जनभन्दा बढी विपक्षी दलले प्रधानमन्त्री मोदीविरुद्ध सन् २०२४ को चुनावमा संयुक्त रूपमा लड्ने निर्णय गरेका हुन् ।

विश्लेषकले मोदीलाई हराउने विपक्षीको प्रयास सफल हुन गाह्रो हुने बताएका छन् । उनी अहिलेसम्म भारतको सबैभन्दा लोकप्रिय नेता हुन् । भारतका २८ राज्यमध्ये १० राज्यमाथि उनको पार्टीको प्रत्यक्ष नियन्त्रण छ, अन्य चार राज्यमा अरू पार्टीको सहयोगमा गठबन्धनले सरकार चलाएको छ ।

(विस्तृत पृष्ठ ७)

कोशी बन्यो अस्थिरताको केन्द्र

मुख्यमन्त्री उद्धव थापालाई पदमुक्त गर्दै ४८ घन्टाभित्र हिक्मत कार्कीको नेतृत्वमा मन्त्रिपरिषद् गठन गर्न सर्वोच्चको परमादेशसँगै

कोशीमा आठ महिनामै चार सरकार, एक महिनाभित्र विश्वासको मत प्राप्त गर्न कार्कीसँग छैन सहज अंकगणित, फेरि बन्नसक्छ अर्को सरकार

सर्वोच्चको परमादेशपछि मुख्यमन्त्री हिक्मत कार्कीले भने-

संविधान मिच्ने गठबन्धनको कामलाई सर्वोच्च अदालतको फैसलाले सच्याएको छ । फैसलाको स्वागत गर्छौं । मुख्यमन्त्रीमा नियुक्त नभई अहिले नै गठबन्धनको कुरा नगर्रौं । तर, सबै दललाई मिलाएर लैजान्छौं, हाम्रो दायित्व हो । पाँच वर्षसम्म यही (मेरो नेतृत्वको) सरकार रहन्छ ।



● **भूपेन्द्र राई**, कांग्रेस संसदीय दलका प्रमुख सचेक

कानुनी राज्य मान्ने दलहरूले सर्वोच्च अदालतको फैसलालाई मान्छौं । त्यसको विकल्प छैन । तर, बहुमत प्राप्त गठबन्धनलाई बाहिर राखेर अल्पमतको सरकार निर्माण गर्नु राम्रो देखिएन । सर्वोच्च अदालतको फैसलाको पूर्ण पाठ आएपछि थप केही गर्न सकिएला ।

काठमाडौंमा **शिल्पा कर्ण**
झापामा **चिरञ्जीवी घिमिरे**

दलहरूले स्थापित मूल्य-मान्यता र संविधानमाथि बलमिच्याइँ गर्दा कोशी प्रदेश राजनीतिक अस्थिरताको केन्द्र बनेको छ । मुख्यमन्त्री उद्धव थापालाई पदमुक्त गर्दै बिहीबार सर्वोच्च अदालतले ४८ घन्टाभित्र एमाले संसदीय दलका नेता हिक्मत कार्कीको नेतृत्वमा सरकार गठन गठन गर्न परमादेश दिएको छ । यससँगै कोशीमा आठ महिनाको अवधिमा चौथो सरकार बन्ने निश्चित भएको छ ।

सर्वोच्चले पटक-पटक संवैधानिक मान्यता स्मरण गराउँदै आए पनि दलहरू हरहालतमा सरकार बनाउने र भत्काउने खेलमा लिप्त छन् । प्रदेश सभामा ९३ सदस्य रहेकाले सरकार गठनका लागि न्यूनतम ४७ सदस्यको समर्थन चाहिन्छ । संख्याको खेलमा दलहरूले अस्वस्थ राजनीति गरिरहेका छन् ।

सर्वोच्चको आदेशअनुसार प्रदेश सभाको सबैभन्दा ठूलो दलको हैसियतमा एमाले नेता कार्की नेतृत्वको सरकार बन्नेछ, तर उनले पनि प्रदेश सभामा

» पृष्ठ ११ मा क्रमशः

■ कोशीमा सत्ता दाउपेचका शृंखला

२४ पुस : माओवादी, राप्रपा र जसपाको समर्थनमा एमालेका हिक्मत कार्की १६८ (२) बमोजिम कोशी प्रदेशको मुख्यमन्त्रीमा नियुक्त

२३ जेठ : माओवादीले समर्थन फिर्ता लिएपछि कार्की अल्पमतमा

१५ असार : प्रदेश सभामा शक्ति परीक्षण, कार्कीले पाएनन् विश्वासको मत (४६ मत), ढल्यो सरकार

१७ असार : नयाँ सरकार गठनका लागि प्रदेश प्रमुखको आह्वान, २१ असारभित्र १६८ (२) अनुसार दाबी पेस गर्न समय



हिक्मत कार्की



उद्धव थापा

२१ असार : सभामुख बाबुराम गौतमसमेतको हस्ताक्षर पेस गरेर मुख्यमन्त्रीमा उद्धव थापाको दाबी, प्रदेश प्रमुखद्वारा मुख्यमन्त्रीमा नियुक्त

२२ असार : थापाको नियुक्तिविरुद्ध एमाले प्रदेश सभा दलका नेता तथा पूर्वमुख्यमन्त्री हिक्मत कार्कीको रिट दर्ता

११ साउन : सभामुखको हस्ताक्षर त्रुटिपूर्ण रहेको भन्दै पुनः धारा १६८ (२) बमोजिम सरकार बनाउन परमादेश

१२ साउन : प्रदेश प्रमुखद्वारा पुनः १८६ (२) बमोजिम सरकार गठनका लागि आह्वान

१६ साउन : सभामुख गौतमको राजीनामा, उनको समेत समर्थनमा पुनः उद्धव थापा मुख्यमन्त्री नियुक्त

४ भदौ : विश्वासको मत लिने प्रदेश सभामा उपसभामुख सिर्जना दनुवार नै अनुपस्थित, ज्येष्ठ सदस्य इस्राइल मन्सुरीको अध्यक्षतामा बैठक, मन्सुरीले समेत दिए मत

६ भदौ : मन्सुरीको मत असंवैधानिक भन्दै कार्कीद्वारा पुनः सर्वोच्चमा रिट

७ भदौ : सभाध्यक्षको मतसमेत जोडेर विश्वासको मत पाएको भनु संविधानसम्मत नरहेको भन्दै दीर्घकालीन र नीतिगत निर्णय नगर्न सर्वोच्चको अन्तरिम आदेश

१७ भदौ : पूर्ण इजलासमा पठाउन संयुक्त इजलासको आदेश

२१ भदौ उद्धव थापा नेतृत्वको सरकारले पाएको विश्वासको मत असंवैधानिक ठहर, ४८ घन्टाभित्र ठूलो दलको नेता नेतृत्वमा सरकार गठन गर्न सर्वोच्चको परमादेश

■ सर्वोच्च अदालतको संक्षिप्त आदेशमा के छ ?



सपना प्रधान मल्ल



कुमार चुडाल



नहकुल सुवेदी

सर्वोच्च अदालतका न्यायाधीशत्रय सपना प्रधान मल्ल, कुमार चुडाल र नहकुल सुवेदीको पूर्ण इजलासले दिएको संक्षिप्त आदेशमा भनिएको छ-

● नेपालको संविधानको धारा १८६ ले अध्यक्षता गर्ने व्यक्तिलाई मतदानको अधिकार हुने छैन भन्ने व्यवस्था गरेबाट उक्त धाराले केवल सभामुख वा उपसभामुखले मात्र मतदान गर्न नपाउने व्यवस्था गरेको नभई अध्यक्षता गर्ने व्यक्तिलाई समेत त्यस्तो अधिकार नहुने भनी स्पष्ट व्यवस्था गरेको देखियो । यस आधारबाट अध्यक्षमण्डलमा मनोनीत सदस्यले अध्यक्षता गरिरहेको बैठकमा निजलाई मतदान गर्ने अधिकार संविधानतः नहुँदा बैठकको अध्यक्षता गरेको माननीय सदस्य इस्राइल मन्सुरीलाई मत दिने अधिकार भएको मान्न मिलेन । नेपालको संविधानको धारा १८६ को प्रतिबन्धात्मक वाक्यांशले मत बराबर भएमा मात्र अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ भन्ने व्यवस्था गरेको देखिन्छ ।

● ... प्रस्तुत रिट निवेदनउपरको प्रारम्भिक सुनुवाइमा यस अदालतबाट कोशी प्रदेश सरकारका नाउँमा प्रस्तुत निवेदनको अन्तिम टुंगो नलागुन्जेल दीर्घकालीन महत्त्वको र नीतिगत निर्णय नगर्नू-नगराउनू भनी अन्तरिम आदेश जारी भएको देखिँदा प्रदेशको कार्यकारिणी अधिकार निहित मन्त्रिपरिषद्लाई लामो समयसम्म सो अवस्थामा राखिरहनु उचित नदेखिएकाले प्रस्तुत आदेश प्राप्त भएका मितिले ४८ घन्टाभित्र नेपालको संविधानको धारा १६८ को उपधारा (३) बमोजिमको प्रक्रियाबाट मन्त्रिपरिषद् गठन गर्नू-गराउनू भनी प्रत्यर्थी कोशी प्रदेश प्रमुखसमेतका नाउँमा परमादेश जारी गरिएको छ ।

■ अस्वस्थ राजनीतिले

कोशीमा हुन सक्छ मध्यावधि

परमादेशबाट संविधानको धारा १६८ (३) अनुसार ठूलो दलको हैसियतमा नियुक्त हुने मुख्यमन्त्रीले ३० दिनभित्र विश्वासको मत लिनुपर्छ, विश्वासको मत आर्जन गर्न नसके १६८ (५) अनुसार बहुमत पुऱ्याउन सक्ने आधार पेस गर्ने प्रदेश सभा सदस्य मुख्यमन्त्री नियुक्त हुन्छन्, उनले पनि विश्वासको मत लिन नसके प्रदेशमा मध्यावधि निर्वाचनको बाटो खुल्छ ।

सर्वोच्चको आदेशसँगै कोशीमा एमाले संसदीय दलका नेता हिक्मतकुमार कार्की फेरि मुख्यमन्त्री बन्दै छन् । तर, अहिलेसम्मको राजनीतिक समीकरण र अंकगणित हेर्दा उनलाई विश्वासको मत पाउन सहज छैन । कार्कीले ३० दिनभित्र प्रदेश सभाबाट विश्वासको मत लिनुपर्ने हुन्छ । ९३ सदस्यीय प्रदेश सभामा बहुमतका लागि ४७ प्रदेश सभा सदस्य चाहिन्छन् । तर, विपक्षी गठबन्धनसँग अहिले एमालेका ४० र राप्रपाका ६ गरी ४६ मत छ । यस्तो अवस्थामा कार्कीको पक्षमा बहुमत पुऱ्याउन कांग्रेस-माओवादी-एकीकृत समाजवादी-जसपा गठबन्धनबाट कुनै न कुनै दलले सघाउनुपर्ने हुन्छ । धेरै कुरा सरकार गठनको ३० दिनभित्र हुने राजनीतिक दौडधुप र घटनाक्रममा निर्भर हुनेछ ।

अदालतले संविधानको धारा १६८ (३) अनुसार प्रदेश सभाको सबैभन्दा ठूलो दलका नेतालाई ४८ घन्टाभित्र मुख्यमन्त्री नियुक्त गर्न पनि परमादेश दिएको छ । धारा १६८ (३) मा प्रदेश प्रमुखले प्रदेश सभामा सबैभन्दा बढी सदस्यहरू भएको संसदीय दलको नेतालाई मुख्यमन्त्री नियुक्त गर्ने व्यवस्था छ । त्यसरी नियुक्त भएका मुख्यमन्त्रीले ३० दिनभित्र विश्वासको मत लिन नसके संविधानको धारा १६८ (५) अनुसार नयाँ सरकार गठनको बाटो खुला हुन्छ ।

अहिलेको सत्तागठबन्धन कार्कीको सरकारलाई विश्वासको मत ल्याउन नदिने र पुनः उद्धव थापाकै नेतृत्वमा संविधानको धारा १६८ (५) अनुसार सरकार बनाउने रणनीतिमा छ । १६८ (३) अनुसारको सरकारले विश्वासको मत हासिल गर्न नसके प्रदेश प्रमुखले संविधानको धारा १६८ (५) अनुसार नयाँ सरकार गठनका आह्वान गर्न सक्छन् ।

यसअनुसार प्रदेश सभाको कुनै सदस्यले प्रदेश सभामा विश्वासको मत प्राप्त गर्न सक्ने अवस्था भए प्रदेश प्रमुखले त्यस्तो सदस्यलाई मुख्यमन्त्री नियुक्त गर्ने व्यवस्था छ । त्यसरी नियुक्त भएका मुख्यमन्त्रीले पनि ३० दिनभित्र विश्वासको मत पाएनन् भने संविधानको धारा १६८ (७) अनुसार मुख्यमन्त्रीको सिफारिसमा प्रदेश प्रमुखले प्रदेश सभा विघटन गरी ६ महिनाभित्र अर्को प्रदेश सभाको निर्वाचन सम्पन्न हुने गरी निर्वाचन मिति तोक्न पाउनेछन् ।

अदालतको आदेशअनुसार बन्ने कार्की नेतृत्वको सरकार विस्थापित गर्न सक्ने अंकगणित हालको सत्तापक्षसँग छ । त्यसका लागि उपसभामुखले संसद्मा विश्वासको मतको परीक्षण गराउनुपर्ने हुन्छ । सभामुख बाबुराम गौतमले राजीनामा दिइसकेको अवस्थामा कांग्रेस-माओवादी-एकीकृत समाजवादी-जसपा गठबन्धनसँग ४७ मत छ । जसमध्ये कांग्रेसका २९, माओवादीका १३, एकीकृत समाजवादीका चार र जसपाको एक मत छ ।

कर्नर किक

● रवि मिश्र



NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

कान्तिमा बालिका मृत्यु प्रकरण : दोषीलाई कारबाही गर्न सांसदहरूको माग, सभामुखको रुलिङ

नयाँ पत्रिका

सांसदहरूले कान्ति बाल अस्पतालमा उपचार नपाएर पाँच वर्षीया बालिका रेजिशा गोपालीको ज्यान गएको घटनाको सत्यतथ्य छानबिन गरी दोषीलाई कारबाही गर्न माग गरेका छन् । बिहीबारको प्रतिनिधिसभा बैठकमा सभामुख देवराज घिमिरेले घटनाबारे सदनलाई जानकारी गराउन सरकारलाई रुलिङ गरेका छन् ।

लगातारको बान्ता र ज्वरोले थलिएकी रेजिशालाई गत सोमबार आमा र हजुरबुबाले उपचारका लागि कान्ति अस्पतालको इमर्जेन्सी कक्षमा पुऱ्याएका थिए । तर, दुई घन्टासम्म पनि उपचार नपाउँदा अबोध बालिकाले अकालमै प्राण त्यागेकी थिइन् । यसबारे बुधबारको नयाँ पत्रिकामा प्रमुख समाचार प्रकाशित भएको थियो ।

प्रतिनिधिसभाको बैठकमा बोल्दै पूर्वस्वास्थ्यमन्त्री

» पृष्ठ ११ मा क्रमशः



● **गगन थापा**, पूर्वस्वास्थ्यमन्त्री एवं कांग्रेस सांसद

कान्ति बाल अस्पतालमा लाइन बसिरहेको एउटा हजुरबुबाले आफ्नी नातिनीको उपचार गराउन नसक्दा मृत्यु भएको भन्नुभएको छ । मैले समाचारमा पढें, नियम बनाउनुपर्नेछ । म स्वास्थ्यमन्त्री भएकै वेला नियम बनेको थियो, अस्पतालमा अत्यावश्यक सेवा लिने मान्छेले लाइन बस्नै पर्दैन । त्यो नियम छ । तर, अहिले नियम छैन भनेर ढाकछोप गर्न खोजिएको छ ।



● **महेश बर्तौला**, एमाले सचेतक

वैदेशिक रोजगारीमा पोर्चुगल गएको बुबाको सपना कान्ति बाल अस्पतालको लापरबाहीका कारण चकनाचुर भयो । चरम गैरजिम्मेवारीपनले पाँच वर्षको बच्चाको मृत्यु भयो । यसले अस्पतालभित्रको बेथिति देखाउँछ । निर्देशक र अस्पताल विकास समितिले यसको जिम्मेवारी लिनुपर्छ । स्वास्थ्यमन्त्रीले जवाफ दिनुपर्छ । पीडितलाई अविलम्ब न्याय र क्षतिपूर्ति दिनुपर्ने माग गर्दछु ।




● **डा. चन्दा कार्की**, सांसद, रास्वपा

आमाको कोख रित्तियो, परदेशमा बुबाको सपना चकनाचुर भयो । जनशक्ति र संरचनाको अभाव हुँदा सरकार सुतेर बसेको छ, बजेट काटेको छ । अस्पतालमा निर्देशक पनि भागबन्डामा नियुक्त गरिन्छ, चिकित्सकलाई मात्र दोष दिएर सरकार उन्मुक्त हुन पाउँदैन, इमानदारपूर्वक छानबिन होस्, गोपाली परिवारले न्याय पाओस् ।

■ राष्ट्रिय कृषि गणना- २०७८

पाका कृषक बढे, युवा घटे



पछिल्ला दश वर्षमा कृषिमा आबद्ध हुने युवाभन्दा पाका कृषकको संख्या बढेको छ । ५५ देखि ६४ वर्ष समूहका मुख्य कृषक १७.६% ले बढेर १८.३% पुगेको छ । त्यस्तै, ६५ वर्षमाथिका मुख्य कृषक ११.४% बाट १३.७% ले बढेका छन् । तर, काम गर्ने युवा अवस्थाका कृषकको संख्या भनेको घटेको छ । २५ वर्षमुनि उमेरका मुख्य कृषकको हिस्सा ०६८ को जनगणनामा ३.१% रहेकोमा ०७८ मा आइपुग्दा २.६% मा सीमित भएको छ । त्यस्तै, २५ देखि ३४ उमेर समूहका कृषक १६.१% बाट घटेर १४.९% मा आइपुगेका छन् । ३५ देखि ४४ उमेर समूहका कृषक २६.७% बाट घटेर २५.७%, ४५ देखि ५४ उमेर समूहका २५.१% बाट घटेर २४% मा झरेका छन् ।

(विस्तृत पृष्ठ ९)



काठमाडौं– १६ का वडाध्यक्ष रिजालको निमोनियाबाट निधन



वडाध्यक्ष रिजालको पार्थिव शरीरमा महानगरको झन्डा ओढाएर श्रद्धाञ्जली अर्पण गर्दै मेयर बालेन्द्र साह ।

काठमाडौं / काग्रेस काठमाडौं निर्वाचन क्षेत्र नम्बर ७ का क्षेत्रीय सभापति तथा काठमाडौं महानगरपालिका- १६ का वडाध्यक्ष मुकुन्द रिजालको भाइरल निमोनियाका कारण निधन भएको छ । ग्रान्डी अस्पतालमा उपचारका क्रममा उनको बिहीबार निधन भएको हो । अस्पतालका मेडिकल डाइरेक्टर डा. विनोद बिजुक्छेले १७ भदौमा भर्ना भएका रिजालको उपचारका क्रममा बिहीबार बिहान साढे सात बजे निधन भएको जानकारी दिए । रिजालको बिहीबार नै पशुपति आर्यघाटमा अन्त्येष्टि गरिएको छ । आर्यघाट लानुअघि उनको पार्थिव शरीरलाई श्रद्धाञ्जलीका लागि राष्ट्रिय सभागृहमा राखिएको थियो । काठमाडौं महानगरपालिकाका मेयर बालेन्द्र साह, काग्रेस महामन्त्री गगन थापालगायत काग्रेस नेता-कार्यकर्ता र सर्वसाधारणले उनलाई श्रद्धाञ्जली दिएका थिए । रिजालको निधनमा काठमाडौं महानगरले आज शोक बिदा घोषणा गरेको छ । काग्रेस सभापति शेरबहादुर देउवाले रिजालको निधनप्रति दुःख व्यक्त गरेका छन् ।

०२७ कात्तिकमा जन्मिएका रिजालले काग्रेसको संगठन निर्माण र नेपालको लोकतान्त्रिक आन्दोलनमा सक्रिय भूमिका निर्वाह गरेका थिए । ०४६ सालको ऐतिहासिक जनआन्दोलमा उनी प्रहरीको हिरासतमा परेका थिए । रिजाल काग्रेस काठमाडौं- ७ को क्षेत्रीय सभापति र काठमाडौं महानगरपालिका- १६ को वडाध्यक्षमा दोस्रोपटक निर्वाचित भएका थिए । सरस्वती क्याम्पसमा अध्ययनका क्रममा नेविसंघमा आबद्ध भई उनले राजनीतिक यात्रा थालेका थिए ।

मृगस्थलीमा मृग हेर्नेको चहलपहल

दैनिक सयौं पुग्छन् मृग हेर्न, मृगवाटिका थप व्यवस्थित गर्ने पशुपति विकास कोषको तयारी

शान्ति तामाङ/नयाँ पत्रिका

पशुपति भन्नेबित्तिकै विश्वभर धार्मिक एवं पर्यटकीय स्थलका रूपमा परिचित छ । यहाँका मठ-मन्दिर, हरेक साँझ हुने सन्ध्याकालीन आरतीसहितका धार्मिक गतिविधिले यो क्षेत्रमा २४सै घन्टा चहलपहल हुन्छ ।

यही क्षेत्रमा श्लेषमान्तक वन (मृगस्थली)ले पशुपतिको परिचय थप विस्तार गरिरहेको छ । मृगस्थलीमा १९ वर्षअघि सुरु भएको मृगवाटिकाले पशुपति क्षेत्रको परिचयमा विविधता ल्याएको छ । मृगस्थलीमा अचेल मृग हेर्नकै लागि भनेर सयौं मानिस आउन थालेका छन् । यहाँ १९ वर्षअघि छाडिएका १८ वटा कृष्णसार, १० वटा चित्तल र २ रतुवाको संख्या बढेर अहिले करिब एक सय ५० पुगेका छन् । मृगस्थलीको करिब ९५ रोपनी क्षेत्रफलमा मृग हेर्न दिनभरजस्तो जमघट हुन थालेको छ ।

पशुपति क्षेत्र विकास कोषका उपनिर्देशक रेवतीरमण अधिकारीका अनुसार पौराणिक नामको स्वरूपमा ल्याउन मृग पालिएको हो । 'मृगस्थली नाम कसरी रह्यो भनेर इतिहास खोतल्दै जाँदा धार्मिक ग्रन्थहरूमा त्यहाँ मृग थियो भन्ने भेटिन्छ । त्यसैले नामअनुसार नै मृग किन नराख्ने भनेर ल्याइएको थियो,' उपनिर्देशक अधिकारीले भने, 'सुरुवातमा मृगका तीन प्रजातिका ३० मृग ल्याएर सुरु गरिए पनि हाल बढेर एक सय ५० भन्दा धेरै भएको छ ।' मृगको संख्या बढे पनि तारबार लगाएकाले मृग बस्ने क्षेत्र भने रुखो जमिनमा परिणत भएको छ । मृग पालिएको क्षेत्रमा कुनै पनि रूखबिरुवा उम्रिएका छैनन् । कोषले नै केही बिरुवा ल्याएर रोपे पनि त्यो बिरुवा पनि अन्य ठाउँमा जसरी फस्टाउन सकेको छैन । मृगस्थलीमा करिब एक सय ३५ चित्तल मात्र छन् ।



मृगस्थलीका मृगलाई आहारा दिँदै कोषका कर्मचारी । तस्बिर : संजित परियार/नयाँ पत्रिका

■ बिहान चार बजेदेखि नै मृगलाई खाना

मृगस्थलीमा भएका मृगका लागि बिहान चार बजे एकपटक आहारा दिइन्छ भने अर्कोपटक दिउँसो एकदेखि चार बजेभित्र खुवाइन्छ । मृग रेखदेख र दाना खुवाउने देहीबहादुर अधिकारीका अनुसार मकै, भटमास, चना र गहुँको चोकर मिसाएर खुवाउने गरिन्छ । कोषभित्रका बर्गैचामा रहेका घाँस पनि मृगलाई खुवाउने गरिन्छ । आहारा खुवाउने समय भने बाँदर नआउने समय मिलाइएको उनले बताए । 'चित्तललाई बिहान चारदेखि साढे चारभित्र आहारा खुवाइसक्छौं । दिउँसो एकदेखि चार बजेको समय हेर्छौं । किनभने, त्यसवेला बाँदर आएर यिनीहरूको आहारा खान सक्दैनन्,' अधिकारीले भने । तीन प्रजातिका मृग चिडियाखानाबाट ल्याइए पनि हाल चित्तल प्रजातिका मृग मात्र संख्यात्मक हिसाबले धेरै छन् । मृगस्थलीमा रहेका जनावरका लागि दाना र तीन कर्मचारीसहित वार्षिक करिब ६० लाख खर्च हुने गरेको छ ।

कोषका उपनिर्देशक रेवतीरमण अधिकारी भन्छन्–

मृगस्थली नामअनुसार नै त्यहाँ मृग किन नराख्ने भनेर योजना ल्याइएको थियो । सुरुवातमा तीन प्रजातिका ३० मृग ल्याएर योजना अघि बढाए पनि अहिले एक सय ५० भदा बढी भइसकेका छन् ।

मृग हेर्न आउनेका लागि कसरी सहज गर्ने भनेर योजना बनाउने तयारीमा छौं । टिकेटिङ, इन्ट्री फीको व्यवस्था नहुँदा अहिले कति मानिस मृग हेर्न आउँछन् भन्ने तथ्यांक छैन ।

■ सकिए कृष्णसार

सुरुवातमा सदर चिडियाखानाबाट यहाँ १८ वटा कृष्णसार ल्याइए पनि हाल एउटै पनि छैन । मृगस्थलीमा भएका सबै कृष्णसार मरेर सकिएका हुन् । चार वर्षअघिसम्म रहेको कृष्णसार हाल एउटै पनि छैन । संख्यात्मक हिसाबले चित्तलबाहेक अन्य जनावर मृगस्थलीमा फैलिन सकेनन् । एक सय ३५ वटा चित्तलबाहेक मृगस्थलीमा तीन रतुवा, १२ बोका, तीन भेडा र एक खसीसमेत छन् । चित्तल र रतुवा चिडियाखानबाटै ल्याइए पनि खसी, बोका र भेडा भने पशुपतिमा भक्तजनले चढाउन ल्याएका जनावर व्यवस्थापन गरिएको हो । 'कृष्णसारका लागि यो ठाउँ ठीक नभएको हुन सक्छ । एकपटक राम्रैसँग फैलिएको थियो । पछि के भयो, बिस्तारै सकिँदै गए । प्रजननका लागि भाले-पोथीबीच कम्बिनेसन हुनुपर्‍यो । तर, भाले एउटा मात्र बाँकी रह्यो । त्यो पनि बिरामी भएर मर्‍यो । त्यसपछि प्रजननको काम भएन । र, कृष्णसार सकियो,' उपनिर्देशक अधिकारीले भने । मृगस्थलीमा रतुवा पनि फस्टाउन सकेको छैन ।

उनका अनुसार मृगस्थलीमा मृग हेर्न पर्यटक आऊन् भनेर कुनै योजना बनाइएको छैन । 'मृग हेर्न आउने पर्यटकका लागि भौतिक संरचनामा सुधार गर्नुपर्ने हो । ठ्याक्कै यो योजना भनेर त बनाएका छैनौं । बनाउनुपर्छ भन्नेमा चाहिँ छौं,' उनले भने, 'पशुपतिमा केही संरचना बनाउन, केही सुविधा दिनका लागि केही सिस्टम राख्नुपर्ने हुन्छ । त्यसका लागि टिकेटिङ, इन्ट्री फी राख्नुपर्ने हुन्छ । तर, पशुपतिले यहाँ पनि पैसा लियो भन्ने हुन्छ ।' कोषका अनुसार हालका लागि मृगस्थलीको मृग व्यवस्थापनका लागि कुनै समस्या छैन । तर, पर्यटकका लागि पशुपतिको अर्को महत्त्वपूर्ण स्थान बनाउन भने धेरै काम हुन बाँकी छ ।

Lumbini Province Government
Ministry of Physical Infrastructure Development
Transport Infrastructure Directorate

Road Infrastructure Development Office

Banke, Nepal

Invitation for Bids

IFB No: 03-080/081

(First date of Publication: **22 *Bhadra, 2080 (2023-09-08)***

1. Lumbini Province Government has allocated funds towards the cost for improvement of provincial roads and intends to apply part of the funds to cover eligible payments under the Contract for upgrading of roads under national competitive bidding (NCB) & Sealed Quotation.
2. Road Infrastructure Development Office, Banke invites **only electronic bids** from eligible bidders for the construction of the contract mentioned in table below:

S. N.	Name of Works	Contract ID	Estimated Amt. Without VAT & PS	Bid Doc. Fees Nrs.	Bid Security Amt.NRs	Type of Bidding
1	Asphalt work at Khajura B gaun E Gaun Piladi Chanauwa hudai Maitawa chowk	RIDO/BANKE/ ROAD/W/ NCB/16/080-81	1,68,29,405.27	3000	4,80,000.00	NCB
2	Blacktop work at Chhyama (RRM) Samjhana (MRM) khajura Rimjhim chowk Radhapur Road (Khajura B Gaun to Digiya Backtop Maintenace work)	RIDO/BANKE/ ROAD/W/ NCB/17/080-81	1,68,00,597.29	3000	4,80,000.00	NCB
3	Asphalt concrete & Rigid Pavement work at Khajura Ga.Pa.2 chuchedada - Balaipur hudai 16 no chowk Uttar Naya Guraspur Ghimire chowk L Gau Muskatuwa talau Road	RIDO/BANKE/ ROAD/W/ NCB/18/080-81	1,68,55,786.46	3000	4,80,000.00	NCB
4	Blacktop work at Kamayadanda to Mahimanpur chowk Road	RIDO/BANKE/ ROAD/W/ NCB/19/080-81	42,02,910.05	3000	1,20,000.00	NCB
5	Blacktop Work at Thukaila - Nandai Gau Jodne Road	RIDO/BANKE/ ROAD/W/ NCB/20/080-81	42,05,247.39	3000	1,20,000.00	NCB
6	RCC drain Work at Sitapur Radhapur Pulchowk PCO Road	RIDO/BANKE/ ROAD/W/ NCB/21/080-81	42,03,073.93	3000	1,20,000.00	NCB
7	R.C.C Drain & Asphalt concrete work at Chyama RRM Samjhana chowk MRM Khajura Rimjhim chowk Radhapur Road (Khajura ward no 2 office - Chandra Nagar Section)	RIDO/BANKE/ ROAD/W/ NCB/22/080-81	42,03,242.68	3000	1,20,000.00	NCB
8	Blacktop Work at Khajura 3 Manakamana chowk - ward no 4 ko pitch samma	RIDO/BANKE/ ROAD/W/ NCB/23/080-81	25,20,166.00	3000	72,000.00	NCB
9	Blacktop Work at Khajura 5 SantaRam Yadav ko ghar -2 no ward jodne Simal chowk samma Road	RIDO/BANKE/ ROAD/W/ NCB/24/080-81	25,19,498.16	3000	72,000.00	NCB
10	R.C.C drain Work at Chandra Nagar 20 No chowk-Purba Bagesori mandir samma	RIDO/BANKE/ ROAD/W/ NCB/25/080-81	33,61,701.69	3000	96,000.00	NCB

Last Date & Time for purchase of Bid document & bid submission	Date,Time & place of bid opening
21th Asoj 2080 (8th Oct.2023) upto 12:00 Noon	21th Asoj 2080 (8th Oct.2023) 1:00 PM (Place:-Road Infrastructure Development Office, Nepalgunj, Banke)

Bid security validity period	30 days beyond Bid Validity period
Date , Time & place of Pre-Bid Meeting	12th Asoj 2080 (29th Sep.2023) 11:00 AM Place:-Road Infrastructure Development Office, Nepalgunj, Banke
Account No.for bid document purchase/Bid Fee	Name of Office: Road Infrastructure Development Office, Nepalgunj, Banke. Office Code Number: 3370157015; Office Account Number: 1000100200010000 Rajaswa Shirshak (revenue) Number: 14229
Account No for bid security deposit	Name of the Bank: Rastriya Banijya Bank; Name of Office: Road Infrastructure Development Office, Nepalgunj, Banke. Office Code Number: 3370157015; Office Account Number: 4130100202030000 ;

3. Bidder shall submit their bid electronically only.For e-bidding visit PPMO's e-procurement web portal http://www.bolpatra.gov.np/egp and for other additional information please visit Road Infrastructure Development Office, Nepalgunj, Banke
4. If the last date of pre-bid meeting, purchasing and /or submission falls on a government holiday, then the same time on next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

कुमारी बैंक लिमिटेड शाखा कार्यालय धनगढी, कैलालीको धितोमा रहेको सम्पति पुन:लिलाम बिक्रीको लागि ७ दिने गोप्य शिलबन्दी बोलपत्र आह्वानको सूचना

(प्रकाशित मिति २०८०/०५/२२ गते नयाँ पत्रिका दैनिक)

यस कुमारी बैंक लिमिटेड शाखा कार्यालय धनगढी, कैलालीबाट तपसिलमा उल्लेखित ऋणीहरुले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसँग भएको ऋणकर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लङ्घन गरेको हुनाले निज ऋणीहरुलाई सम्पूर्ण कर्जा, सो कर्जाको ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु तिर्नु बुझाउनको लागि ३५ दिने सार्वजनीक सूचना प्रकाशित गर्दा समेत बैंकलाई तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु चुक्ता भुक्तान नगरेको हुँदा निज ऋणीहरुले प्राप्त गरेको ऋणकर्जाहरुको सुरक्षण बापत बैंकलाई धितो बन्धक लेखिदिएको तपसिलमा उल्लेखित सम्पत्ति तथा सोको लिगलगापातहरु समेत जहां जे जस्तो अवस्थामा छ, सोही अवस्थामा बिक्री गर्न १५ दिने धितो लिलाम सूचना प्रकाशित गरी लिलाम गर्दा समेत लिलाम हुन नसकेकाले यो पुन धितो लिलाम सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको **मितिले ८ औं दिन अर्थात मिति २०८० भदौ २९ गते शुक्रबार**को दिन गोप्य शिलबन्दी बोलपत्रद्वारा शाखा कार्यालय धनगढी, कैलालीमा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गरिने भएको हुँदा सर्वसाधारणको जानकारीको लागि यो गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ । धितोमा रहेको अचल सम्पत्तिहरु सकार गरी लिन ईच्छुक महानुभावहरुले देहायका शर्तबन्देजहरुको अधिनमा रहि गोप्य शिलबन्दी बोलपत्र दिन सक्नुहुनेछ ।

तपसिल

१. **ऋणीको विवरण:**
आश बहादुर तमाङको नाति, कुल बहादुर तमाङ/पण्डी माया तमाङको छोरा, सुनमाया तमाङको पति, कञ्चनपुर जिल्ला, पुनर्वास न.पा., वडा नं. ३ (साविक कञ्चनपुर जिल्ला, त्रिभुवनवस्ती गा.वि.स., वडा नं.०४) बस्ने **नरवीर तमाङ** (ना.प्र.नं. ६९७४८०० जारी मिति २०४४/०८/०६, जारी जिल्ला कञ्चनपुर) ।

व्यक्तिगत जमानीकर्ताहरुको विवरण:
१. फुलमान सिंह घिसीङ/ज्ञानी माया घिसीङको छोरी, कुल बहादुर तमाङ/पण्डी माया तमाङको बुहारी, नरवीर तमाङको पत्नी कञ्चनपुर जिल्ला, पुनर्वास न.पा., वडा नं. ०३ (साविक कञ्चनपुर जिल्ला, त्रिभुवनवस्ती गा.वि.स., वडा नं.०४) बस्ने **सुनमाया तमाङ** (ना.प्र.नं. ७५३०२०/४३४ जारी मिति: २०६३/१०/१९, जारी जिल्ला कञ्चनपुर) ।
२. कुल बहादुर तमाङ/पण्डी मायां तमाङको नाती, नरवीर तमाङ/सुनमाया तमाङको छोरा कञ्चनपुर जिल्ला, पुनर्वास न.पा., वडा नं. ०३ (साविक कञ्चनपुर जिल्ला, त्रिभुवनवस्ती गा.वि.स., वडा नं. ०४) मा बस्ने **नबिन तामाङ** (ना.प्र.नं. ७५२०२०/८२७ जारी मिति २०६६/१२/०२, जारी जिल्ला कञ्चनपुर) ।

लिलाम हुने सम्पतिको विवरण
१. **नरवीर तमाङ**को नाममा मालपोत कार्यालय बेलौरी, कञ्चनपुरमा दर्ता कायम रहेको कञ्चनपुर जिल्ला, कालिका गा.वि.स., वडा नं. ०४ स्थित कित्ता नं. २३६ को क्षेत्रफल ३४०.०० (व.मी.)को जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत ।

२. **ऋणीको विवरण:**
लोक राज स्वारको नाति, मोहन राज स्वारको छोरा, ज्यानु बोगटीको पति, कैलाली जिल्ला, धनगढी उ.म.न.पा., वडा नं. १ स्थायी ठेगाना भई हाल कैलाली जिल्ला, घोडाघोडी न.पा., वडा नं. १० बस्ने **बिजय राज स्वार** (ना.प्र.नं. १४७०६ जारी मिति २०५०/०२/१२, जारी जिल्ला कैलाली॥

व्यक्तिगत जमानीकर्ताहरुको विवरण:
१. लोक राज स्वारको नाति, मोहन राज स्वारको पत्नी, कैलाली जिल्ला, पहलमानपुर गा.वि.स., वडा नं. ०३ स्थायी ठेगाना भई हाल कैलाली जिल्ला, घोडाघोडी न.पा., वडा नं. १० मा बस्ने **ईश्वरी स्वार** (ना.प्र.नं. २९४०२४३२ जारी मिति २०३९/१२/०८, जारी जिल्ला कैलाली) ।
२. मोहन राज स्वारको बुहारी, चक बहादुर बोगटीको छोरी, बिजय राज स्वारको पति, कैलाली जिल्ला, रामशिखरझाला गा.वि.स., वडा नं. १ स्थायी ठेगाना भई हाल कैलाली जिल्ला, घोडाघोडी न.पा., वडा नं. १० बस्ने **श्यानु बोगटी** (ना.प्र.नं. ६७१००६/१०३५३ जारी मिति २०६८/०२/१६, जारी जिल्ला कैलाली) ।

लिलाम हुने सम्पतिको विवरण
१. **ईश्वरी स्वार**को नाममा मालपोत कार्यालय धनगढी, कैलालीमा दर्ता कायम रहेको कैलाली जिल्ला, धनगढी उ.म.न.पा., वडा नं. ०१ स्थित कित्ता नं. ६१ को क्षेत्रफल २८७.८४(व.मी.)को जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत ।

३. **ऋणीको विवरण:**
सुन्त खातीको नाति, दयाराम खातीको छोरा, नन्दकला कुमारी थापा (खाती)को पति, वाजुरा जिल्ला, कुल्देवमाण्डौ गा.वि.स., वडा नं. ०२ स्थायी ठेगाना भई हाल कैलाली जिल्ला, रामशिखरझाला गा.वि.स., वडा नं. ०७ बस्ने **हिक्मत बहादुर खाती** (ना.प्र.नं. ७०१०२२/४६७ जारी मिति २०६८/०९/१२, जारी जिल्ला वाजुरा) ।

व्यक्तिगत जमानीकर्ताहरुको विवरण:
१. मनी खातीको नाति, सुन्त खातीको छोरा, दिला खातीको पती, वाजुरा जिल्ला, कुल्देवमाण्डौ गा.वि.स., वडा नं. ०२ स्थायी ठेगाना भई हाल कैलाली जिल्ला, रामशिखरझाला गा.वि.स., वडा नं. ०७ बस्ने **दयाराम खाती** (ना.प्र.नं. ७०११६६ जारी मिति २०४४/१२/०९, जारी जिल्ला वाजुरा) ।
२. सुन्त खातीको बुहारी, केहर सिं थापाको छोरी, दयाराम खातीको पत्नी, वाजुरा जिल्ला, कुल्देवमाण्डौ गा.वि.स., वडा नं. ०४ स्थायी ठेगाना भई हाल कैलाली जिल्ला, रामशिखरझाला गा.वि.स., वडा नं. ०७ बस्ने **दिला खाती** (ना.प्र.नं. ११८८ जारी मिति २०४४/१२/०९, जारी जिल्ला वाजुरा) ।
३. दयाराम खातीको बुहारी, हंश थापाको छोरी, हिक्मत बहादुर खातीको पत्नी, वाजुरा जिल्ला, कुल्देवमाण्डौ गा.वि.स., वडा नं. ०२ स्थायी ठेगाना भई हाल कैलाली जिल्ला, रामशिखरझाला गा.वि.स., वडा नं. ०७ बस्ने **नन्दकला कुमारी थापा (खाती)** (ना.प्र.नं. ७०-०१-०६९-०००७६७ जारी मिति २०६९/११/१३, जारी जिल्ला वाजुरा) ।

लिलाम हुने सम्पतिको विवरण
१. **दयाराम खाती**को नाममा मालपोत कार्यालय धनगढी, कैलालीमा दर्ता कायम रहेको कैलाली जिल्ला, रामशिखरझाला गा.वि.स., वडा नं. ०७ स्थित कित्ता नं. ३२२ को क्षेत्रफल ६७७.२८ (व.मी.) जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत ।

शर्तबन्देजहरु:
१. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको **मितिले ७ (सातौं) दिन अर्थात २०८० भदौ २८ गते** भित्र बैंकको शाखा कार्यालय धनगढी, कैलालीमा कार्यालय समय भित्र प्राप्त भईसक्नु पर्नेछ ।
२. बोलपत्र फारम कुमारी बैंक लिमिटेडको शाखा कार्यालय धनगढी, कैलालीबाट रु. ५००/- तिरी प्राप्त गर्न सकिनेछ, उक्त बोलपत्रमा बोलपत्रबालाको हस्ताक्षर सहित शिलबन्दी गरी बाहिर (घर/जग्गाको बोलपत्र) समेत प्रस्ट रुपमा लेखिएको हुनुपर्नेछ ।
३. बोलपत्रमा आफुले लिन चाहेको धितोमा रहेको सम्पत्ति, के कति रकममा सकार गरी लिन चाहेको हो, स्पष्ट गरी अंक तथा अक्षरमा लेखिएको हुनुपर्नेछ र आफुले कबोल गरेको रकमको १० (दश) प्रतिशतका दरले हुने धरौटी बापत रकम कुमारी बैंक लि.मा जम्मा गरेको भौचर, कुमारी बैंक लि. को नाममा गुड फर पेमेन्ट (Good For Payment) चेक बनाई बोलपत्रको साथमा संलग्न गरेको हुनुपर्नेछ, सो बाहेक अन्य कुनै किसिमको धरौटी स्वीकार गरिने छैन र त्यस्तो धरौटी रकममा कुनै ब्याज दिईने छैन ।
४. यो सूचना प्रकाशित भएको **मितिले ८ (आठौं) दिन अर्थात २०८० भदौ २९ गते** १२:०० बजे देखि बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहबरमा शाखा कार्यालय धनगढी, कैलालीमा बोलपत्र खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधिको अनुपस्थितीले मात्र बोलपत्र खोल्न बाधा पुग्ने छैन ।
५. बोलपत्र बुझाउने अन्तिम मितिमा बैंक बिदा परेमा सोको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र बुझाउन सकिनेछ । बोलपत्र खोलिने दिन बिदा परेमा समेत बिदाको लगत्तै पछि बैंक खुलेको दिनमा बोलपत्र खोलिनेछ ।
६. म्याद नाघी वा रीत नपुगी आएको तथा शर्त राखीदिएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन ।
७. बोलपत्र स्वीकृत भएमा सम्बन्धित बोलपत्रदाताले सोको सूचना पाएको मितिले १५ (पन्ध्र) दिन भित्र बोल कबोल गरेको धरौटी बाहेकको बाँकी रकम बैंकमा जम्मा गर्नुपर्नेछ । अन्यथा धरौटी बापत जम्मा भएको रकम जफत हुनेछ ।
८. लिलाम गरिएको सम्पत्ति दाखिल खारेज गर्दा सम्बन्धित अड्डामा लाग्ने दै दस्तुर लिलाम सकार गरी लिनेले नै व्यहोर्नु पर्नेछ ।
९. लिलाम हुने सम्पत्ति सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा कार्यालय समय भित्र बैंकको शाखा कार्यालय धनगढी, कैलालीमा सम्पर्क राखी प्राप्त गर्न सकिनेछ ।
१०. धितो सम्पत्ति लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा लिलाममा कसैले भाग नलिएमा समेत बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन तथा प्रचलित कानुन बमोजिम बैंकले उक्त सम्पत्तिको स्वामित्व आफुमा सकार गरी लिन सक्नेछ ।
११. गोप्य शिलबन्दी बोलपत्र प्राप्त भएको वा नभएको कारणले बैंक आफैले सकार गर्न कुनै बाधा पर्ने छैन ।
१२. प्राप्त भएको गोप्य शिलबन्दी बोलपत्र अन्तर्गत सबै भन्दा बढि अंक बोल्नेलाई समेत बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार बैंकमै सुरक्षित राखिएको छ ।
१३. धितोबन्धक लेखिदिएको उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा बैंक आफैले सकार गर्दाको अवस्थामा समेत बैंकको सम्पूर्ण लेना असुल उपर नभएमा प्रचलित ऐन कानुन बमोजिम असुल उपर गरिनेछ ।

बोलपत्र खोलिने मिति २०८० भदौ २९ गते शुक्रबार मध्यान्ह १२:०० बजे

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि

शाखा कार्यालय धनगढी, कैलाली फोन नं. ०९१-५२६०३६

■ संसदीय समितिमा परराष्ट्रमन्त्री साउदले भने-

चुच्चे नक्साबारे तत्कालीन सरकारले मित्रराष्ट्रहरूलाई पत्राचार गरेको पाइएन

कमलराज भट्ट/नयाँ पत्रिका

लिम्पियाधुरा, लिपुलेक र कालापानी समेटेर संसद्ले सर्वसम्मत रूपमा पारित गरेको नेपालको राजनीतिक तथा प्रशासनिक नक्साबारे तत्कालीन सरकारले भारत, चीनलगायत मित्रराष्ट्रहरूलाई औपचारिक जानकारी नगराएको पाइएको छ। चीनले दश दिनअघि सार्वजनिक गरेको नयाँ स्ट्यान्डर्ड नक्सामा नेपालको चुच्चे नक्सा छुटाएपछि यो विषय बाहिर आएको हो। संसद् र संसदीय समितिको बैठकमा सांसदहरूले यसबारे सरकारको ध्यानाकर्षण गराएका छन्। संसदीय समितिले त्रुटि सच्याउन अविलम्ब पहलकदमी लिन सरकारको ध्यानाकर्षण गराएको छ।

०७७ मा केपी ओली नेतृत्वको तत्कालीन नेकपाको सरकारको पालामा संसद्ले चुच्चे नक्सा पारित गरेको थियो। तत्कालीन परराष्ट्रमन्त्री प्रदीप ज्ञवालीले त्यसबारे अन्तर्राष्ट्रिय समुदायलाई जानकारी गराइएको दाबी गरेका थिए। तर, अहिलेका परराष्ट्रमन्त्री एनपी साउदले भने मन्त्रालयमा त्यस्तो कुनै रेकर्ड नरहेको जानकारी संसदीय समितिलाई दिएका छन्।

'अनौपचारिक रूपमा भनिएका, बोलिएका कुराहरू कुन तहमा कसरी भनिएका हुन्, त्यतातिर जान चाहन्न। तर, मन्त्री भइसकेपछि र यो नक्सा जारी भइसकेपछि मेरो मन्त्रालयको (दक्षिण एसिया र उत्तर-पूर्वी एसिया) महाशाखामा त्यस्तो करेसपोन्डेन्स (पत्राचार) खोज्दा पाइएन। त्यस्तो पत्राचार नपाइएको कुरा मात्रै भन्न सक्छु। कसैले गएको कुरा जानकारीमा ल्याउँछ भने मलाई सबभन्दा खुसी हुनेछ,' बिहीबार बसेको संसद्को अन्तर्राष्ट्रिय समितिमा परराष्ट्रमन्त्री साउदले भने।

समितिमा उपस्थित सीमाविद् बुद्धिनारायण श्रेष्ठले पनि नेपालले औपचारिक रूपमा बेइजिङलाई पत्राचार नगर्दा चीनले चुच्चे नक्सालाई छुटाएको हुन सक्ने बताए। औपचारिक पत्र नपठाउनु नेपालको कमजोरी भएको भन्दै उनले कूटनीतिक पहलमार्फत तत्काल सच्याउन लगाउनुपर्ने सुझाव दिए।

बैठकमा एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपालले सदनमा नक्सा जारी भएपछि अन्तर्राष्ट्रिय समुदायलाई जानकारी गराउने सरकारको दायित्व भन्दै मौखिक हो वा लिखित कसरी जानकारी गराइएको हो स्पष्ट पार्नुपर्ने बताए। 'चीनलाई जानकारी गराएको कुरा बाझिएको छ। एक्लाएक्लै अनौपचारिक रूपमा गरेको हो कि नेपाल सरकारको तर्फबाट आधिकारिक रूपमा पूर्वपरराष्ट्रमन्त्रीजीले जानकारी गराएको हो ? यदि गराएको हो भने परराष्ट्र मन्त्रालयबाट कसै न कसैको उपस्थिति भएको हुनुपर्दछ, उपस्थिति थियो भने त्यसको रेकर्ड राख्ने चलन छ कि छैन ? खाली मौखिक रूपमा मात्रै हो कि होइन, परराष्ट्रमन्त्रीज्यूले सोध्नुभयो भने राम्रो हुन्छ,' उनले भने, 'के भएको तथ्य बाहिर आउनुपऱ्यो। कमजोरी भएको हो भने दोहोरिन नदिन विशेष ध्यान दिनुपर्छ।'

रास्वपाका शिशिर खनालले चीनलाई चुच्चे नक्साबारे जानकारी नहुनु परराष्ट्र मन्त्रालयको असफलता भएको बताए। 'चुच्चे नक्सा छिमेकी मुलुक र अन्तर्राष्ट्रिय समुदायलाई जानकारी गराएको वा नगराएको थाहा छैन भन्ने परराष्ट्रमन्त्रीले भन्नुभएको छ। ०७७ जेठदेखि यो देशको नेतृत्व ठूला दलहरूले गर्नुभएको छ। परराष्ट्र मन्त्रालयको नेतृत्व पनि ठूला दलबाटै छ। तर, यो सदनले पास गरेको नक्सा छिमेकी र अन्य मुलुकलाई जानकारी गराएको रहेनछ। गराएको हो कि होइन सदनलाई जानकारी चाहियो। नेपालको भूगोल संवेदनशील भूराजनीति कुनै पार्टीको खेल नहोस्। तथ्यपरक जानकारी दिन सभामुखबाट रुलिङ होस्,' उनले भने।

रास्वपाकै विराजभक्त श्रेष्ठले नेपालको चुच्चे नक्साको भूभाग भारतमा देखिनु दुःखद भएको बताए। 'अझ अन्तर्राष्ट्रिय समुदायलाई पत्राचार नगरेकोमा हामी परराष्ट्र नीतिमा कसरी चुक्दै छौं भन्ने देखिँदै छ। यो विषयलाई प्राथमिकतामा राखेर कूटनीतिक नोटमार्फत छिमेकी राष्ट्रलाई नेपाली भूभाग नेपालको नक्सामा राख्न पहल गर्नुपर्छ। संयुक्त राष्ट्रसंघ र चीन भ्रमणमा नेपाली भूभागबारे कूटनीतिक पहल होस्। नेपाली माटोको रक्षा गर्न खुट्टा नकामोस्,' उनले भने।

स्वतन्त्र सांसद प्रभु साहले नयाँ नक्साबारे छिमेकीलाई थाहा नहुनु गम्भीर गल्ती भन्दै समितिबाटै छानबिन गर्नुपर्ने प्रस्ताव गरे। 'त्यतिवेला यदि मिस्टेक हो भने संलग्नलाई दण्डित गर्नुपर्छ। यो विषयलाई त्यतिकै छोड्नुहुँदैन। छानबिन गरेर दूधको दूध, पानीको पानी आउनुपर्छ,' उनले भने।

माओवादी उपमहासचिव वर्षमान पुनले नक्सा जानकारी गराउन कहाँ कमजोरी भएको हो पत्ता लगाउनुपर्ने बताए। 'तथ्य के हो ? समयमै हाम्रा मित्रहरू र युएनमा पत्राचार गर्यौं कि गरेनौं ? नपाएको कुरा आयो, यसमा कहाँ कमजोरी भयो, यथार्थ आओस्,' उनले भने। नेमकिपाका प्रेम सुवालले तत्काल पत्र पठाउनुपर्ने बताए। 'हिजो गल्ती भयो भनेर हेरेर बस्ने होइन, यो सरकारले तत्काल पत्र पठाउनुपर्छ,' उनले भने।

एमालेका एकनाथ ढकालले प्रधानमन्त्रीको आसन्न भ्रमणमा भारत र चीनले देख्ने गरी राष्ट्रसंघका महासचिवलाई चुच्चे नक्सा उपहार दिएर अन्तर्राष्ट्रिय समुदायलाई जानकारी गराउनुपर्ने सुझाव दिए।

एमालेकै देवी भट्टचनले आफूले तत्कालीन भूमिसुधारमन्त्री पद्मा अर्यालसँग कुरा गर्दा राष्ट्रसंघमा नक्सा पठाउन परराष्ट्रमा पत्राचार गरेको जवाफ दिएको र तत्कालीन परराष्ट्रमन्त्री प्रदीप ज्ञवालीले पत्र प्राप्त भएपछि चिनियाँ राजदूतलाई बोलाएर परराष्ट्रले जे-जस्तो खबर गर्नुपर्ने हो, गरिसकेका छौं भनेको सुनाए। भारत र चीनसँग कुरा गरेर समाधान हुने नदेखिएको भन्दै प्रधानमन्त्रीले राष्ट्रसंघको सम्बोधनमै नेपालको नयाँ नक्साबारे जानकारी गराउनुपर्ने उनको भनाइ थियो।



बिहीबार बसेको संसद्को अन्तर्राष्ट्रिय समिति बैठक

■ छिमेकी देशलाई नक्साबारे प्रेस नोटमार्फत अपिल

संसद्को अन्तर्राष्ट्रिय समिति बैठकमा परराष्ट्रमन्त्री साउदले नेपालको चुच्चे नक्सालाई सम्मान गर्न छिमेकी देशलाई प्रेस नोटमार्फत अपिल गरिएको बताए। 'उत्तरी छिमेकी चीनले हालै प्रकाशन गरेको नक्सामा नेपालको चुच्चे नक्सा नसमेटिएको बारेमा परराष्ट्र मन्त्रालयले आफ्नो धारणा सार्वजनिक गरिसकेको छ,' उनले भने, '०७७ जेठमा संसद्ले सर्वसम्मत पारित गरेको नेपालको राजनीतिक तथा प्रशासनिक नक्साको हाम्रा छिमेकी देशलगायत अन्तर्राष्ट्रिय समुदायले सम्मान गर्नुपर्छ। सीमासम्बन्धी विषय वार्ता तथा कूटनीतिक माध्यमबाट हल गर्न नेपाल प्रतिबद्ध छ।'

■ सभापति यादव र सुवालबीच भनाभन

समिति बैठकमा चिनियाँ राजदूत छेन सडको अभिव्यक्तिको विषयमा नेमकिपाका प्रेम सुवाल र सभापति राजकिशोर यादवबीच भनाभन भएको छ। समितिका अधिकांश सदस्यले नेपाल-भारत सम्बन्धबारे राजदूत छेनले दिएको अभिव्यक्ति आपत्तिजनक भन्दै सचेत गराउनुपर्ने, स्पष्टीकरण सोधेर फिर्ता पठाउनुपर्ने धारणा राख्दा सुवालले बचाउ गरेका थिए।

'चिनियाँ राजदूतको अभिव्यक्ति मात्रै होइन, भारतका लागि नेपाली राजदूतले पनि यस्तै भनेका छन्। चीनले के गऱ्या छ र नेपालमा, भारतले के-के गऱ्या छ, गऱ्या छ, त्यसवेला छलफल गर्नुपर्दैन ? परराष्ट्रले नेपालको राजदूतलाई भन्नुपर्दैन ?' सुवालले बोल्दै गर्दा सभापति यादवले रोक्दै भने, 'माननीयज्यूलाई म फेरि पनि ध्यानाकर्षण गराउँछु, हामी अति संवेदनशील स्थितिमा छौं, त्यसैले विषयको संवेदनशीलतालाई ध्यानमा राख्दै कुनै अमुक देश होइन, समग्र विगतमा फलानोले गल्ती गऱ्यो, हामी थिएनौं, अहिले के गर्ने ? त्यसैले यहाँले विषयलाई हेरेर जानुपर्छ। यो समिति संवेदनशील र जिम्मेवार हुनुपर्छ। त्यसैले यहाँ पार्टीको मेनिफेस्टोको फोबियाबाट काम गर्नुहुँदैन भन्ने कुरा राख्छु।'

संवेदनशील भएरै कुरा राखेको भन्दै सुवालले प्रतिवाद गरे, 'समाजवादी मोर्चा भनेको कुनै सत्ता जोगाउने मोर्चा होइन, देश जोगाउने मोर्चा हो। प्रधानमन्त्रीलाई जोगाउने मोर्चा होइन, त्यतातिर सबैले ध्यान दिनुपर्छ। त्यसपछि भारतमा रहेको हाम्रो राजदूतले चीनबारे टिप्पणी गर्दा सरकार के गर्दै थियो ? उनले प्रश्न गरे। चिनियाँ राजदूतको अभिव्यक्तिबारे परराष्ट्रमन्त्री साउदले अध्ययनकै चरणमा रहेको बताए। 'चिनियाँ राजदूतको अभिव्यक्तिका सम्बन्धमा बाहिर खबर आएका छन्, अध्ययन गरिराखेको छु। अहिले यति भन्छु, छिमेकी सम्बन्ध मित्रवत् र घनिष्ठ छ। नेपाल सबै अन्तर्राष्ट्रिय समुदायसँग मिलेर काम गर्न चाहन्छ। सहयोगका लागि नेपाल जहिले पनि सम्मान गर्न चाहन्छ,' उनले भने।

प्रधानमन्त्री प्रचण्डको चीन भ्रमणको तयारी सुरु

परराष्ट्रमन्त्री एनपी साउदले प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड ३० भदौदेखि ४ असोजसम्म राष्ट्रसंघ महासभामा सहभागी हुने जानकारी दिए। न्युयोर्कबाट फर्केलगत्तै प्रधानमन्त्री ५ असोजमा चीन भ्रमणमा जाने उनले बताए। चीन भ्रमणबारे सरोकारवालासँग छलफल चलिरहेको र सबै मन्त्रालयबाट चीनसँग सम्बन्धित प्रस्तावहरू अर्थ मन्त्रालयमार्फत आइरहेको उल्लेख गर्दै मन्त्री साउदले एजेन्डा तय भइनसकेको जानकारी गराए। 'पूर्वाधार विकास, कृषि, ऊर्जा, पर्यटन, स्वास्थ्य, शिक्षालगायत विविध क्षेत्रमा चीनले गर्न सक्ने सहयोगबारे छलफल चलिरहेको छ। सोसम्बन्धी सम्झौता र समझदारीको मस्यौदामा दुई पक्षबीच छलफल भइरहेको छ। कोभिडका कारण नियमित हुन नसकेका द्विपक्षीय व्यापार नाका र पम्परागत नाका खोल्ने विषयमा छलफल चलिरहेको छ,' उनले भने। चीन भ्रमण सफल गराउन सरकारको सम्पूर्ण मेसनरी क्रियाशील रहेको र ठूलो लिस्टभन्दा पनि डेलभरीयोग्य परियोजनालाई अगाडि बढाएर प्रस्ताव गर्ने विचार गरिरहेको बताए। त्यसअघि अमेरिका भ्रमणका क्रममा प्रधानमन्त्री प्रचण्डले ४ असोजमा राष्ट्रसंघीय महासभाको ७८औं उच्चस्तरीय छलफललाई नेपालका तर्फबाट सम्बोधन गर्नेछन्।

ढोरपाटनका फरार मेयर नेपालीको इन्टरपोलमार्फत खोजी गरिँदै



बाग्लुङमा **नारायण रिजाल**

ढोरपाटन नगरपालिकाका मेयर देवकुमार नेपालीलाई इन्टरपोलमार्फत खोज्न थालिएको छ। बाग्लुङमा सञ्चालित इमेज बचत तथा ऋण सहकारी संस्थाको डेढ अर्बभन्दा बढी बचत हिनामिना गरेर फरार भएका नेपालीलाई रेड कर्नर नोटिस जारी गरी खोजी कार्य अगाडि बढाइएको हो।

मेयर नेपाली पक्राउ नपरेपछि एक महिनाअघि नै प्रहरी प्रधान कार्यालय इन्टरपोल महाशाखालाई रेड कर्नर नोटिसका लागि पत्र पठाइएको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक मदन केसीले जानकारी दिए। जिल्लाबाट केन्द्रीय कार्यालयमा पत्र पठाएसँगै उनको नाम केन्द्रीय कार्यालयले रेड कर्नर नोटिसमा राखेको बताइएको छ। मेयर नेपाली ५ जेठदेखि सपरिवार बुर्तीबाङ बजारबाट सम्पर्कविहीन भएका थिए। पोखरा र बाग्लुङ बजारमा मुख्य कार्यालयसहित गलकोट, बुर्तीबाङ बजारमा सेवा केन्द्रमार्फत बचत संकलन गरी उक्त रकम हिनामिना गरी फरार भएका नेपाली विदेशमा लुकेर बसेको आशंकामा इन्टरपोलमार्फत खोजी गर्न प्रहरीले रेड कर्नर नोटिस जारी गरेको प्रहरी नायब उपरीक्षक केसीले जानकारी दिए।

इमेज बचत तथा ऋण सहकारीको एक अर्ब ३० करोडभन्दा बढी निक्षेप हिनामिना गरेको आरोप

मेयर नेपालीलगायत सहकारी सञ्चालकविरुद्ध कुल एक अर्ब ३० करोड बिगो दाबीसहित १५ सय ४३ बचतकर्ताले जिल्ला अदालत बाग्लुङमा सहकारी ठगीको मुद्दा दर्ता गरेपछि अनुसन्धान अगाडि बढाइएको थियो। सहकारीमा सेयर सदस्य र बचतकर्तासहित झन्डै डेढ अर्ब रुपैयाँ बचत अपचलन गरेको प्रारम्भिक छानबिनले देखाएको थियो। सोही आधारमा प्रहरीले अनुसन्धान गरी उनीविरुद्ध सहकारी ठगीको मुद्दा दर्ता गरेको हो। ढोरपाटन- १ घर भएका मेयर नेपालीसहित ११ जना सञ्चालकविरुद्ध २५ असारमा बाग्लुङ जिल्ला अदालतमा मुद्दा दर्ता गरेर अनुसन्धान अगाडि बढाइएको छ।

मेयर नेपाली सम्पर्कविहीन भएपछि नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी)ले इमेज सहकारीका कार्यवाहक अध्यक्ष डोरबहादुर परियार, सचिव सुनील नेपाली, कोषाध्यक्ष लक्ष्मी सेन र सञ्चालक सदस्यत्रय चित्रबहादुर भण्डारी, रूपा विक र झगबहादुर शाहीविरुद्ध अनुसन्धान अगाडि बढाउन जिल्ला प्रहरी कार्यालय बाग्लुङलाई १६ जेठमा पत्राचार गरेको थियो। गत ४ साउनमा इमेज बचत तथा ऋण सहकारीका बचतकर्ताको अर्बौं रकम हिनामिना गरेको आरोपमा पक्राउ परेका इमेज बचत तथा ऋण सहकारी संस्थाका सञ्चालक चित्रबहादुर भण्डारी र कर्मचारीहरू प्रबन्धक शक्ति किसान र कर्मचारी लालमती रोकालाई अदालतले थुनामा राख्न आदेश दिएको थियो।

नेपाली फरार भएपछि बचतकर्ताले चरणबद्ध आन्दोलन गर्दै आएका छन्। उनीहरूले जिल्लाका राजनीतिक दल र विभिन्न सरोकारवाला निकायसँग आफ्नो रकम फिर्ता गर्नका लागि सहजीकरण गरिदिन आग्रहसमेत गरेका छन्। बाग्लुङ सदरमुकामसहित गलकोट, बुर्तीबाङ र पोखरामा पनि शाखा रहेको इमेज सहकारीमा आकर्षक ब्याज दिने आश्वासनका कारण सर्यौंले बचत गरेका थिए। सेयर सदस्य नभएका धेरैसँग सहकारीले कारोबार गरेको थियो। गत ६ वैशाखमा सञ्चालक समितिको बैठकको निर्णय भन्दै ७ वैशाखदेखि इमेज सहकारी संस्था बन्द छ। सुरुमा तरलता अभाव भनिए पनि त्यसपछि सहकारी खुलेको छैन। जेठ पहिलो सातादेखि भने सहकारीका अध्यक्ष नेपाली भागेका हुन्।

७६ वर्षीया वृद्धा बलात्कार आरोपमा सार्की पक्राउ

लमजुङ/ ७६ वर्षीया वृद्धा बलात्कारको आरोपमा ५० वर्षीय पुरुष पक्राउ परेका छन्। जिल्ला प्रहरी कार्यालय लमजुङले वृद्धा जबर्जस्ती करणी गरेको आरोपमा राइनास नगरपालिका- ६ बस्ने ५० वर्षीय बाबुराम सार्कीलाई पक्राउ गरेको हो। सार्कीले १५ भदौको राति घरमा एक्लै सुतेकी शारीरिक रूपमा कमजोर अवस्थाकी वृद्धा महिलालाई बलात्कार गरेको र महिलाले हारगुहार गरेपश्चात् घटनास्थलबाट फरार भएको प्रहरीले जनाएको छ।

उनलाई प्रहरीले १९ भदौमा घरदेखि केही टाढा जंगलमा लुकेर बसिरहेको अवस्थामा पक्राउ गरेको जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी प्रहरी निरीक्षक बुद्धिप्रसाद सुवेदीले जानकारी दिए। प्रहरीले सार्कीलाई बिहीबार म्याद थपका लागि जिल्ला अदालत लमजुङमा उपस्थित गराएकोमा अदालतले पाँच दिनको म्याद दिई अनुसन्धान अगाडि बढाउन आदेश दिएको छ।

सरकारले संघीय निजामती विधेयक संसद्मा पेस गर्ने

काठमाडौं/ सरकारले संघीय निजामती विधेयक संसद्मा पेस निर्णय गरेको छ। बिहीबार बसेको मन्त्रिपरिषद् बैठकले संघीय निजामती सेवाको गठन, सञ्चालन र सेवाको सर्तसम्बन्धी विधेयक, २०८० संसद्मा पेस गर्ने निर्णय गरेको सरकारकी प्रवक्ता रेखा शर्माले जानकारी दिइन्। उनका अनुसार शिक्षा ऐन पनि संघीय संसद्मा पेस गर्ने निर्णय भएको छ।

यस्तै, निजामती सेवाका ४० जना कर्मचारीलाई पुरस्कृत गर्ने निर्णय पनि बैठकले गरेको छ। स्वास्थ्य क्षेत्रमा लैंगिक समावेशीकरण रणनीति २०८० पनि बैठकले पारित भएको छ। बैठकले तेजाव तथा अन्य घातक रासायनिक पदार्थ नियमन नियमावली, २०८० पनि स्वीकृत गरेको छ।

■ चिकित्सा शिक्षा आयोगको उपाध्यक्षमा झा नियुक्त



मन्त्रिपरिषद् बैठकले चिकित्सा शिक्षा आयोगको उपाध्यक्षमा डा. अञ्जनीकुमार झालाई नियुक्त गरेको छ। उपाध्यक्ष नियुक्तिका लागि यसअघि १६ साउनमा बसेको मन्त्रिपरिषद् बैठकले उपाध्यक्ष सिफारिससम्बन्धी समिति गठन गरेको थियो। समितिले तीनजनाको नाम सिफारिस गरेको थियो। सिफारिस गरिएको नामावलीमध्येकै पहिलो नम्बरमा रहेका डा. झालाई नियुक्ति गर्ने निर्णय मन्त्रिपरिषद् बैठकले गरेको हो।

समितिले सिफारिस गरेको दोस्रो नम्बरमा डा. प्रवीण मिश्र र तेस्रो नम्बरमा डा. श्रीकृष्ण गिरी थिए। झा नेपाल चिकित्सक संघका पूर्वअध्यक्षसमेत हुन्। उपाध्यक्षका लागि झा, मिश्र, गिरीसहित डा. प्रमोदकुमार यादव, डा. पीयूष दाहाल, प्रा.डा. मनेनप्रसाद गोर्खाली, प्रा. डा. संगीतासिंह भण्डारी, प्रा.डा. सुमनकुमार श्रेष्ठ र प्रा.डा. विधाननिधि पौडेलले प्रस्ताव हालेका थिए।

२७ भदौदेखि पाठेघर मुखको क्यान्सरविरुद्धको एचपिभी खोप लगाइँदै

पहिलो चरणमा १०-१४ वर्ष उमेर समूहका नौ हजार पाँच सय बालिकालाई लगाइने

■ **डा. विवेककुमार लाल**,
प्रमुख, स्वास्थ्य सेवा विभाग
परिवार कल्याण महाशाखा



सीमित खोप मात्रै आएको छ, त्यसैले यसलाई समानुपातिक ढंगले प्रदान गर्न लागेका छौं। यो खोप सातै प्रदेशका प्रादेशिक तथा संघीय अस्पतालबाट लगाइन्छ। जो सुरुमा लाइन लाग्न आउँछ उसैले खोप लगाउन पाउँछ, यसमा विभेद हुँदैन।

शिवहरि घिमिरे/नयाँ पत्रिका

लामो प्रक्रियापछि चीनबाट ल्याएको पाठेघर मुखको क्यान्सरविरुद्धको एचपिभी खोप २७ भदौदेखि लगाइने भएको छ। थापाथलीस्थित परोपकार प्रसूति तथा स्त्रीरोग अस्पतालबाट 'डेमो'का रूपमा खोप कार्यक्रम सुरु गर्न लागिएको हो।

प्रसूति अस्पतालमा बागमती प्रदेशभित्रका सीमित बालिकालाई खोप दिइनेछ। पहिलो चरणमा ल्याइएको २० हजार डोज खोप बालिकालाई परिचयपत्रका आधारमा दिन लागिएको हो। तर, दोस्रो चरणमा गाभी कम्पनीको खोप ल्याउने प्रक्रिया अघि बढेकाले १० देखि १४ वर्षसम्मका बालिकालाई खोप दिइने स्वास्थ्य सेवा विभागले जनाएको छ।

स्वास्थ्यमन्त्री मोहनबहादुर बस्नेतले परोपकार अस्पतालबाट खोप कार्यक्रमको उद्घाटन गरेपछि बागमती प्रदेशका सीमित बालिकालाई यो खोप लगाइनेछ। तर, सबैतिर बाँड्दा खोप निकै कमले मात्रै पाउनेछन्। पहिलो चरणमा निकै कम खोप आएकाले सीमित संख्यालाई मात्रै खोप दिन थालिएको स्वास्थ्य सेवा विभाग परिवार कल्याण महाशाखाका प्रमुख डा. विवेककुमार लालले जानकारी दिए। उनका अनुसार २० हजार डोज खोप करिब साढे नौ हजार बालिकालाई दिइनेछ। यो खोपको पहिलो र दोस्रो मात्रा लगाउनुपर्ने हुन्छ। पहिलो मात्रा लगाएको ६ महिनापछि मात्रै दोस्रो मात्रा लगाइनेछ। त्यही २० हजारमध्येकै खोपलाई आधा-आधा गरेर दुवै मात्रा दिइनेछ।



'सीमित खोप मात्रै आएको छ, त्यसैले यसलाई समानुपातिक ढंगले प्रदान गर्न लागेका छौं,' महाशाखा प्रमुख डा. लालले भने, 'यो खोप सातै प्रदेशका प्रादेशिक तथा संघीय अस्पतालबाट लगाइन्छ। जो सुरुमा लाइनमा आउँछ उसैले खोप लगाउन पाउँछ, यसमा विभेद हुँदैन।' उनका अनुसार नौ हजार पाँच सयजनामा लगाइने खोप सातै प्रदेशलाई भाग लगाइएको छ। तर, सातै प्रदेशमा खोप पठाए पनि त्यहाँका थोरै बालिकाले मात्रै यो खोप प्राप्त गर्न सक्नेछन्। परोपकार प्रसूति तथा स्त्रीरोग अस्पताल थापाथली, कोशी अस्पताल विराटनगर, नारायणी अस्पताल वीरगन्ज, गण्डकी स्वास्थ्य विज्ञान प्रतिष्ठान पोखरा, भेरी अस्पताल नेपालगन्ज, कर्णाली प्रदेश अस्पताल वीरेन्द्रनगर र डडेल्धुरा अस्पतालमा यो खोप लगाइनेछ।

काठमाडौंमा २७ भदौमा यो खोप लगाउने मिति तोकिए पनि अन्य ठाउँको मिति भने तोकिएको छैन। तर, उद्घाटन भएको केही दिनमै प्रदेशहरूमा खोप कार्यक्रम सुरु हुने स्वास्थ्य सेवा विभागले जनाएको छ। हाल १४ वर्ष उमेर समूहका मात्रैलाई खोप दिने हो भने पनि तीन लाख ५० हजार डोज खोप चाहिन्छ। तर, कम्पनीले यो खोप सीमित उत्पादन गर्ने र यसको विश्वभरि नै माग भएकाले थप खोप ल्याउन समय लाग्ने विभागले जनाएको छ। एक वर्षभित्र भने १० वर्षदेखि ३० वर्षसम्मकालाई खोप दिने लक्ष्य राखिएको छ।

खोप लगाउन तोकिएका अस्पताल

- प्रसूति तथा स्त्रीरोग अस्पताल, थापाथली
- कोशी अस्पताल, विराटनगर
- नारायणी अस्पताल, वीरगन्ज
- गण्डकी स्वास्थ्य विज्ञान प्रतिष्ठान, पोखरा
- भेरी अस्पताल, नेपालगन्ज
- कर्णाली प्रदेश अस्पताल, वीरेन्द्रनगर
- डडेल्धुरा अस्पताल

सबै लक्षित वर्गमा यो खोप कार्यक्रम सञ्चालन गर्न सस्तो खोप ल्याउँदा पनि एक अर्ब ७७ करोड बजेट चाहिने विभागको अनुमान छ। तर, चालू आर्थिक वर्षमा सरकारले खोप किन्न पर्याप्त रकम विनियोजन नगरेको परिवार कल्याण महाशाखाले जनाएको छ। पाठेघरको क्यान्सरको सबैभन्दा मुख्य कारण एचपिभी भाइरस हो। अझ यो खोप यौन सम्बन्धमा आउनुपूर्व लगाउँदा प्रभावकारी हुने भएकाले पहिलो चरणमा १४ वर्षकै बालिकालाई लक्षित गरिएको महाशाखाका प्रमुख डा. लालको भनाइ छ। समयमै खोप लगाउँदा संक्रमणविरुद्धको एन्टिबडी बनिसक्ने भएकाले पाठेघरमा क्यान्सर हुने अवस्था नदेखिने उनको भनाइ छ।

हाल नेपालमा महिलामा हुने क्यान्सरमध्ये पाठेघरको मुखको क्यान्सर पहिलो स्थानमा रहेको पाइन्छ। सरकारले ३० वर्ष पुगेका महिलालाई हरेक पाँच वर्षको अन्तरालमा पाठेघरको परीक्षण गराउन भन्दै सरकारी अस्पतालमा यसको चेकजाँच हुने व्यवस्था सुरु गरिसकेको छ।

एन आई सी एशिया बैंक लिमिटेड
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११११७/७८/८८, फ्याक्स: +९७७-१-५१११११८०
टोल फ्री नं.: १६६०-०१-७७७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्
कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं ।
सम्पर्क फोन.: +९७७-१-०-४२६६५२०/२२ (एक्सटेन्सन: २०८/२२२/२२५)
फ्याक्स: +९७७-०१-४२६०६६७५

NIC ASIA
एन आई सी एशिया बैंक लि.

धितोमा रहेको चल अचल सम्पति लिलाम बिक्री बोलपत्र आव्हान सम्बन्धी १५ (पन्ध्र) दिने सार्वजनिक सूचना

यस बैंकबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गर्नु भएको ऋणकर्जा बैकसँगाको सम्झौताको शर्त बमोजिम नर्तिनु नबुझाउनु भएको हुँदा सो सम्बन्धमा पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान नगर्नु भएको र विभिन्न मितिको राष्ट्रिय स्तरको दैनिक पत्रिकामा ऋणकर्जा चुक्ता गर्नको लागि ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत उक्त ऋणकर्जाको बाँकी साँवा व्याज चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरी नर्तिनु नबुझाउनु भई ऋणीले बैकसँग गरेको ऋण कर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गर्नु भएकोले सो ऋण कर्जाको सुरक्षण वापत धितो लेखिदिएको तपसिलमा उल्लेखित चल अचल सम्पति जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा प्रचलित कानूनको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गर्नको लागि यो १५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । धितोमा रहेको उक्त सम्पतिहरु गोप्य शिलबन्दी बोलपत्र मार्फत खरिद गरी लिन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य संगठित संघ संस्थाले यो सूचना प्रकाशित भएको १५ (पन्ध्र) दिन (सो दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन) को कार्यालय समयभित्र बोलपत्र फारममा उल्लेखित शर्तहरुको अधिनमा रही रीतपुर्वक भरी यस बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा आईपुग्ने गरी बोलपत्र आवेदन पेश गर्न आह्वान गरिन्छ । साथै, प्रस्तुत लिलाम प्रक्रियाबाट धितोमा रहेको तपसिल वमोजिमको चल अचल सम्पति लिलाम बिक्री हुन नसकेमा वा लिलाम बिक्री हुँदा बैंकले असुल उपर गर्नुपर्ने सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, सोको नियमावली, २०५९ तथा प्रचलित कानून वमोजिम ऋणी तथा जमानीकर्ताको अन्य चलअचल जायजेथा, श्रीसम्पतिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा ऋणी, धितो सुरक्षण तथा जमानत दिनु हुने व्यक्ति तथा सम्बन्धित सबैलाइ यसै सूचनाद्वारा अवगत गराईन्छ ।

तपसिल

क्र.सं.	ऋणीको विवरण	धितोको विवरण
१)	१) नेपाल सरकार, वाणिज्य तथा आपुर्ति मन्त्रालय, वाणिज्य तथा आपुर्ति व्यवस्थापन विभाग, वाणिज्य कार्यालय विराटनगरमा प्रा.फ.र.नं.२७१७०/०७१/०७२ अर्न्तगत मिति २०७२/०१/०६ मा प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम दर्ता भएको मोरङ जिल्ला, टंकीसिनुवारी गा.वि.स. वडा नं. ७, स्थित **आशिक हार्डवेयर पसल** **प्रोप्राईटर तथा जमानतकर्ता: भुमि प्रसाद भगत** स्थायी ठेगाना : मोरङ जिल्ला, टंकीसिनुवारी गा.वि.स. वडा नं.७ हालको ठेगाना : मोरङ जिल्ला, बुढीगंगा गा.पा.वडा नं.३ बाबु : लगन लाल भगत बाजे : अजव लाल भगत	१) सुमरित खवासकी छोरी, लगन लाल भगतकी बुहारी, भुमि प्रसाद भगतकी पत्नी, मोरङ जिल्ला, वनिगामा गा.प. वडा नं. २ स्थायी ठेगाना भई हाल मोरङ जिल्ला, बुढीगंगा गा.पा. वडा नं.३ बस्ने उषा कुमारी खवासको नाममा मालपोत कार्यालय विराटनगर मोरङको लगतमा दर्ता कायम रहेको मोरङ जिल्ला, टंकीसिनुवारी गा.वि.स. वडा नं. ७क (हाल बुढीगंगा गा.पा. वडा नं. ३) स्थित कित्ता नं. ६२६, ८०५ र ५४३, को क्षेत्रफल क्रमश: ०-१-१८, ०-१-७-० र ०-२-५-० (विगाह) को घर/जग्गा र टंकीसिनुवारी गा.वि.स. वडा नं. ६/ख (हाल बुढीगंगा गा.पा. वडा नं. ३) स्थित कित्ता नं.८८५, ७९३, ८७९ र ८७८ को क्षेत्रफल क्रमश: ०-०-१७-०, ०-०-३-१, ०-०-९-१ र ०-०-९-१ (विगाह) को जग्गा सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत । २) सवारी मोडल: NISSAN KICKS XV च्यासिस नं. : MDHFBADI5K1001116 ईन्जिन नं.: E004257 | सवारी दर्ता नं.: प्रदेश १-०४-००१ च ००५३ ३) आशिक हार्डवेयर पसलको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।

जमानीकर्ताहरुको विवरण

१) आशिक भगत स्थायी ठेगाना: मोरङ जिल्ला, टंकिसिनुवारी गा.वि.स. वडा नं.७ हालको ठेगाना: मोरङ जिल्ला, बुढीगंगा गा.पा.वडा नं.३ बाबु : भुमि प्रसाद भगत बाजे : लगन लाल भगत	**२) उषा कुमारी खवास** स्थायी ठेगाना: मोरङ जिल्ला, वनिगामा गा.प. वडा नं. २ हाल ठेगाना: मोरङ जिल्ला, बुढीगंगा गा.पा. वडा नं.३ बाबु : सुमरित खवास ससुरा : लगन लाल भगत पति : भुमि प्रसाद भगत	**३) आकाश भगत** स्थायी ठेगाना : मोरङ जिल्ला, टंकिसिनुवारी गा.वि.स. वडा नं.७ हालको ठेगाना : मोरङ जिल्ला, बुढीगंगा गा.पा.वडा नं.३ बाबु : भुमि प्रसाद भगत बाजे : लगन लाल भगत
४) दिवेश भगत स्थायी ठेगाना : मोरङ जिल्ला, टंकिसिनुवारी गा.वि.स. वडा नं.७ हालको ठेगाना : मोरङ जिल्ला, बुढीगंगा गा.पा.वडा नं.३ बाबु : भुमि भगत बाजे : लगन लाल भगत	**५) सनम भगत** ठेगाना : मोरङ जिल्ला, बुढीगंगा गा.पा. वडा नं. ३ बाबु : भुमि प्रसाद भगत बाजे : लगन लाल भगत	

	ऋणीको विवरण	धितोको विवरण
२)	१) नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर,काठमाडौं दर्ता नं. १७६५१८/०७४/०७५ अन्तर्गत मिति २०७४/०६/२९ मा, कम्पनी ऐन २०६३ बमोजिम दर्ता भएको उदयपुर जिल्ला, त्रियुगा न.पा. वडा नं.१२, स्थित **थापा राज कन्स्ट्रक्सन प्रा.ली.** **संचालक तथा जमानतकर्ता: राज कुमार थापा**	

धितोको विवरण

१) पृथ्वी बहादुर थापाको नाति, रत्न बहादुर थापाको छोरा, उदयपुर जिल्ला, जोगीदह गा.वि.स. वडा नं.१ स्थायी ठेगाना भई हाल उदयपुर जिल्ला, त्रियुगा न.पा. वडा नं.१२ बस्ने राज कुमार थापाको नाममा मालपोत कार्यालय उदयपुरको लगतमा दर्ता कायम रहेको उदयपुर जिल्ला, जोगीदह गा.वि.स. वडा नं. १ (हाल त्रियुगा न.पा. वडा नं. १) स्थित कित्ता नं. ४३७ को क्षेत्रफल ३३२७.०१ (व.मी) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत ।
२) नर बहादुर खड्काकी छोरी, पृथी बहादुर थापाकी बुहारी, रत्न बहादुर थापाकी पत्नि खोटाङ जिल्ला, चिउरीडाडा गा.वि.स. वडा नं.९, स्थायी ठेगाना भई हाल उदयपुर जिल्ला, त्रियुगा न.पा. वडा नं. १२ बस्ने सिता कुमारी थापाको नाममा मालपोत कार्यालय उदयपुर को लगतमा दर्ता कायम रहेको उदयपुर जिल्ला, जाईघाट गा.वि.स. वडा नं. ३ क स्थित कित्ता नं. २१०१ को क्षेत्रफल ०-१-० (विगाह) को घरजग्गा र सो घरजग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत ।
३) सवारी मोडल : MCV TIPPER 1618 IL \| च्यासिस नं. : MB1G3DFD1JEXC2397 \| इन्जिन नं.: JXEZ433798 सवारी दर्ता नं. : स १ क २७९
४) सवारी मोडल : MCV TIPPER 1618 IL \| च्यासिस नं. : MB1G3DFD6JEXC2394 \| इन्जिन नं.: JXEZ433797 सवारी दर्ता नं. : स १ क २७८
५) सवारी मोडल : KOMATSU HYADRAULIC MODEL PC210-MO \| च्यासिस नं. : KMTPC244CJY723544 इन्जिन नं.: 6D107-26688369 \| सवारी दर्ता नं. : बा ३ क १९२१
६) थापा राज कन्स्ट्रक्सन प्रा.ली.को स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।

जमानीकर्ताहरुको विवरण

१) राज कुमार थापा स्थायी ठेगाना: उदयपुर जिल्ला, जोगीदह गा.वि.स. वडा नं.१ हालको ठेगाना:उदयपुर जिल्ला, त्रियुगा न.पा. वडा नं.१२ बाबु : रत्न बहादुर थापा बाजे : पृथ्वी बहादुर थापा	**२) रत्न बहादुर थापा** स्थायी ठेगाना : खोटाङ जिल्ला, चिउरीडाडा गा.वि.स. वडा नं.९ हालको ठेगाना:उदयपुर जिल्ला, त्रियुगा न.पा. वडा नं.१२ बाबु : पृथ्वी बहादुर थापा बाजे : मकरध्वज थापा	**३) सिता कुमारी थापा** स्थायी ठेगाना : खोटाङ जिल्ला, चिउरीडाडा गा.वि.स. वडा नं.९ हालको ठेगाना:उदयपुर जिल्ला, त्रियुगा न.पा. वडा नं.१२ बाबु : नर बहादुर खड्का ससुरा : पृथ्वी बहादुर थापा पति : रत्न बहादुर थापा	**४) चक्र बहादुर थापा** स्थायी ठेगाना: उदयपुर जिल्ला, जोगीदह गा.वि.स. वडा नं.१ हालको ठेगाना:उदयपुर जिल्ला, त्रियुगा न.पा. वडा नं.१२ बाबु : रत्न बहादुर थापा बाजे : पृथ्वी बहादुर थापा
५) डम्बर बहादुर थापा स्थायी ठेगाना : उदयपुर जिल्ला, जोगीदह गा.वि.स. वडा नं.१ हालको ठेगाना : उदयपुर जिल्ला, त्रियुगा न.पा. वडा नं.१२ बाबु : रत्न बहादुर थापा बाजे : पृथ्वी बहादुर थापा		**६) मुना खड्का** स्थायी ठेगाना : उदयपुर जिल्ला, जोगीदह गा.वि.स. वडा नं.१ हालको ठेगाना : उदयपुर जिल्ला, त्रियुगा न.पा. वडा नं.१२ बाबु : कृष्ण बहादुर खड्का ससुरा : रत्न बहादुर थापा पति : राज कुमार थापा	

ऋणीको विवरण	धितोको विवरण
२) राज कुमार थापा स्थायी ठेगाना : उदयपुर जिल्ला, जोगीदह गा.वि.स. वडा नं.१ हालको ठेगाना : उदयपुर जिल्ला, त्रियुगा न.पा. वडा नं.१२ बाबु : रत्न बहादुर थापा बाजे : पृथी बहादुर थापा	पृथ्वी बहादुर थापाको नाति, रत्न बहादुर थापाको छोरा, उदयपुर जिल्ला, जोगीदह गा.वि.स. वडा नं.१ स्थायी ठेगाना भई हाल उदयपुर जिल्ला, त्रियुगा न.पा. वडा नं.१२ बस्ने राज कुमार थापाको नाममा मालपोत कार्यालय उदयपुरको लगतमा दर्ता कायम रहेको उदयपुर जिल्ला, जोगीदह गा.वि.स. वडा नं. १ (हाल त्रियुगा न.पा. वडा नं. १) स्थित कित्ता नं. ४३७ को क्षेत्रफल ३३२७.०१ (व.मी) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत ।

जमानीकर्ताहरुको विवरण

१) मुना खड्का स्थायी ठेगाना:उदयपुर जिल्ला, जोगीदह गा.वि.स. वडा नं.१ हालको ठेगाना:उदयपुर जिल्ला, त्रियुगा न.पा. वडा नं.१२ बाबु : कृष्ण बहादुर खड्का ससुरा : रत्न बहादुर थापा पति : राज कुमार थापा	**२) रत्न बहादुर थापा** स्थायी ठेगाना : खोटाङ जिल्ला, चिउरीडाडा गा.वि.स. वडा नं.९ हालको ठेगाना:उदयपुर जिल्ला, त्रियुगा न.पा. वडा नं.१२ बाबु : पृथ्वी बहादुर थापा बाजे : मकरध्वज थापा	**३) सिता कुमारी थापा** स्थायी ठेगाना : खोटाङ जिल्ला, चिउरीडाडा गा.वि.स. वडा नं.९ हालको ठेगाना:उदयपुर जिल्ला, त्रियुगा न.पा. वडा नं.१२ बाबु : नर बहादुर खड्का ससुरा : पृथ्वी बहादुर थापा पति : रत्न बहादुर थापा	**४) चक्र बहादुर थापा** स्थायी ठेगाना: उदयपुर जिल्ला, जोगीदह गा.वि.स. वडा नं.१ हालको ठेगाना:उदयपुर जिल्ला, त्रियुगा न.पा. वडा नं.१२ बाबु : रत्न बहादुर थापा बाजे : पृथ्वी बहादुर थापा

नोट: ऋणी तथा जमानतकर्ता बाहेक सूचनामा उल्लेखित अन्य व्यक्तिका नामहरु ऋणी तथा जमानतकर्ताको परिचय खुलाउने प्रयोजनको लागि मात्र प्रयोग गरीएको ।

लिलाम बिक्री सम्बन्धी अन्य शर्त बन्देजहरु:

१) बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्र फारम बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौं वा शाखा कार्यालयबाट रु. १०००।-(रुपैया एक हजार मात्र) तिरि प्राप्त गर्न सकिनेछ) ।
२) प्राप्त बोलपत्रहरु बैंकले बिना कुनै कारण स्वीकार वा अस्वीकार गर्न सक्ने छ । शिलबन्दी बोलपत्रबाट उक्त सम्पति लिलाम बिक्री हुन नसकेमा उक्त सम्पतिको स्वामित्व बैकले लिन सक्नेछ ।
३) लिलाम हुने सम्पति निरीक्षण अवलोकन गर्नुपरेमा वा धितो लिलाम सम्बन्धी विस्तृत जानकारी आवश्यक भएमा बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा सम्पर्क राख्नुहोला ।
४) बोलपत्र पेश गर्ने अन्तिम दिनको भोलिपल्ट दिनको ३ बजे (सो दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन) यस बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा बोलपत्र खोलिने हुँदा उक्त दिन ऋणी, धितो जमानतकर्ता, इच्छुक बोलपत्रदाता तथा सम्बन्धित सबैलाई उपस्थितिको लागि जानकारी गराईन्छ ।
५) बोलपत्र फारममा उल्लेखित अन्य शर्तहरु लागू हुनेछन् ।

पुनश्च: ऋणी एवं धितो लेखिदिनेलाई सूचना:

उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै म्याद भित्र शिघ्र कर्जा भुक्तानी गरी आफ्नो सम्पतिको उचित संरक्षण गर्नु हुन पुन: अनुरोध गरिएको छ । अन्यथा तोकिएको दिन धितो लिलाम बिक्रीको कार्य हुने भएकोले उक्त दिन स्वयम उपस्थिर भई लिलामबाट कायम हुने धितो सम्पतिको मुल्य घटि वा बढि हुने प्रक्रियामा समेत प्रत्यक्ष अवलोकनको लागी सूचित गरिन्छ । उल्लिखित धितो सम्पति लिलाम बिक्री गरि वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मुल्यांकन भन्दा कम मुल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैले सकार गरि लिएमा पछि हाम्रो सम्पतिको उचित मुल्य प्राप्त नभई कम मुल्यमा बिक्री भयो वा बैंक आफैले सकार गरि लियो भनि कहि कतै उजुर बाजुर गर्न पाउनुहुने छैन । उक्त सम्पति लिलाम बिक्री गर्दा वा पुनरमुल्यांकन गरि बैंक आफैले सकार गर्दा समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभई बाँकी रहेमा ऋणीको अन्य श्रीसम्पतिहरुबाट असुल उपर गरिने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराईएको छ ।

दलका नेताले चढ्ने गाडी फिर्ता लिन लेखा समितिको निर्देशन

धनगढीमा तेजराज भट्ट



सुदूरपश्चिम प्रदेश सभाको सार्वजनिक लेखा समितिले सत्तापक्षीय दलका नेतालाई दिँदै आएको गाडी सुविधा फिर्ता लिन प्रदेश सभा सचिवालयलाई निर्देशन दिएको छ । तीन दिनभित्र गाडी फिर्ता लिन र सुविधा लिएपछि दलका नेताले मर्मतमा गरेको खर्चको विवरण लेखा समितिमा पेस गर्न समितिले सचिवालयलाई निर्देशन दिएको हो ।

लेखा समितिमा सदस्य खिमादेवी विष्टले सत्तापक्षका दलका नेताहरूले ऐनविपरीत गाडी सुविधा लिएको पाइएकाले फिर्ता लिन समितिले सचिवालयलाई निर्देशन दिने निर्णय गरेको जानकारी दिइन् । सत्तापक्षका दलका नेताहरूलाई कुन आधारमा गाडी सुविधा दिएको भनेर समितिले यसअघि सचिवालयसँग जवाफ मागेको थियो ।

ऐनमा स्पष्ट नभए पनि गाडी लामो समय थन्क्याएर राख्दा बिग्रने भएकाले गाडी दिएको जवाफ सचिवालयले दिएपछि फिर्ता माग्न निर्देशन दिइएको समितिले जनाएको छ । प्रदेश सभाका सदस्य तथा पदाधिकारीको सेवा-सुविधासम्बन्धी ऐनमा सत्तापक्षका दलका नेता, प्रमुख सचेतक र विपक्षी दलका नेतालाई गाडी सुविधा दिने उल्लेख भए पनि ऐनको अनुसूचीमा त्यो उल्लेख नभएकाले गाडी सुविधा लिन नमिल्ने ठहर बैठकले गरेको सदस्य विष्टले बताइन् । ऐनमा स्पष्टता नभएकाले गाडी फिर्ता माग्ने निर्णय गरिएको उनको भनाइ छ ।

ज्येष्ठ सदस्यका रूपमा समितिको बैठकको अध्यक्षता गरेका प्रदेश सभा सदस्य विक्रमसिंह धामीले सत्तापक्षका सबै दलका नेता र प्रमुख सचेतकलाई गाडी सुविधा दिने स्पष्ट कानुनी व्यवस्था नरहेको बताए । गाडी सुविधा दिएकोबारे सचिवालयलाई सोध्दा स्पष्ट कानुनी व्यवस्था नरहेको स्वीकारसहित जवाफ आएपछि फिर्ता गर्न भनिएको उनले बताए ।

सत्तापक्षको दलको नेताको हैसियतले माओवादी संसदीय दलका नेता खगराज भट्ट, एकीकृत समाजवादीको संसदीय दलका नेता दीर्घ सोडारी, नागरिक उन्मुक्ति पार्टीको संसदीय दलका नेता घनश्याम चौधरीले गाडी सुविधा लिएका थिए ।

ज्येष्ठ सदस्यको हैसियतले समितिको बैठकको अध्यक्षता गरिरहेका तीनजना प्रदेश सभा सदस्यले पनि गाडी सुविधा लिएका थिए ।

ती गाडी पनि फिर्ता लिन लेखा समितिले सचिवालयलाई निर्देशन दिएको छ । ज्येष्ठ सदस्यको हैसियतले सार्वजनिक लेखा समितिको सभापतित्व गरिरहेका धामीले पनि गाडी सुविधा लिएका थिए । त्यस्तै, दिवानसिंह विष्ट र मानबहादुर रावलले समितिको ज्येष्ठ सदस्यका रूपमा लिएको गाडी सुविधा फिर्ता लिन बैठकले प्रदेश सभा सचिवालयलाई निर्देशन दिएको छ ।

प्रदेश सभाका विषयगत समितिका सभापति चयन हुन नसक्दा ज्येष्ठ सदस्यको अध्यक्षतामा समितिका बैठक बस्ने गरेका छन् । समितिको सभापतिलाई गाडी सुविधाको व्यवस्था रहेकाले बैठकको अध्यक्षता गर्ने ज्येष्ठ सदस्यलाई गाडी दिइएको प्रदेश सभा सचिवालयका सूचना अधिकारी युवराज जैसीले बताए ।

● ताप्लेजुङ पुगेर लामिछानेले भने-

'परिवर्तन ल्याउन नसके जनतासामु आउँदिनँ'

ताप्लेजुङमा केशवप्रसाद भट्टराई

राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेले देशमा परिवर्तन ल्याउन नसके जनताको बीचमा कहिल्यै नआउने बाचा गरेका छन् । ताप्लेजुङ सदरमुकाम फुङलिङको तक्मेडाँडामा बिहीबार आयोजित सभालाई सम्बोधन गर्ने क्रममा लामिछानेले पाथीभरा देवीको भाकलसमेत गरे ।

०८४ को निर्वाचनबाट जनताले रास्वपालाई मुलुककै पहिलो शक्ति बनाए त्यसपछिको पाँच वर्षभित्रमा देशमा ठूलो परिवर्तन ल्याउने र त्यो गर्न नसके जनताको सामु कहिल्यै नआउने उनको भाकल थियो । जनताले राजनीतिक प्रणाली र पद्धतिमा परिवर्तन खोजेको भन्दै लामिछानेले जनताको त्यो अभिलाषा रास्वपाले पूरा गर्ने दाबी गरे ।

युवाहरूलाई स्वदेशमै रोजगारी दिने उद्देश्यसहित रास्वपा गठन भएको भन्दै लामिछानेले युवालाई वैदेशिक रोजगारका लागि विदेश जान नपर्ने अवस्था ल्याउने पनि बताए । ३० वर्षदेखि जनतालाई झुक्याएर 'मनी र मसल'को बलमा चुनाव जित्दै आएका दलहरूका कारण अहिले युवाहरू देशमा बस्न नसक्ने अवस्था आएको उनको आरोप थियो । पुराना दलकै कारण जनता गरिब हुनुपरेको तथा देशको अवस्था लथालिंग भएको भन्दै उनले भ्रष्टाचार अन्त्य र विकास रास्वपाको प्राथमिकतामा रहेको पनि बताए ।

पुराना दलहरूमा निर्वाचनका वेला केन्द्रबाटै टिकट ल्याउनुपर्ने अवस्था रहेको भन्दै उनले रास्वपामा त्यस्तो नहुने र जिल्लाका क्रियाशील संगठनले नै निर्णय गरेर आफ्ना उम्मेदवारलाई टिकट दिने दाबी गरे । प्रदेश संसद् र सरकार आफ्ना असन्तुष्ट कार्यकर्ताको थामथुम गर्ने थलो मात्र भएको भन्दै लामिछानेले प्रदेश संरचनाबारे रास्वपाको छुट्टै अडान र धारणा रहेको बताए ।

■ यादवमाथि खुकुरी प्रहारको संसद्मा विरोध

गहिरो अनुसन्धानको माग

नयाँ पत्रिका

सांसदहरूले कांग्रेस सहमहामन्त्री एवं संविधानसभा सदस्य महेन्द्र यादवमाथि भएको आक्रमणको भर्त्सना गरेका छन् । प्रतिनिधिसभाको बिहीबारको बैठकमा बोल्दै उनीहरूले घटनाको गहिरो अनुसन्धान गरी दोषीलाई कारबाही गर्न माग गरेका छन् । यस्तै, सभामुख देवराज घिमिरेले घटनाबारे सदनलाई जानकारी गराउन सरकारलाई निर्देशन दिएका छन् । सत्तापक्षका सांसदहरू कांग्रेस प्रमुख सचेतक रमेश लेखक, गगनकुमार थापा, एमाले सचेतक महेश बर्तौला, माओवादी सांसद देवेन्द्र पौडेल, राप्रपा सांसद धवलशमशेर जबरालगायतले आक्रमणको भित्री कारण खोज्न माग गरे ।

'मैले चिकित्सकलाई गएर भेटैं, चिकित्सकका अनुसार उहाँ भाग्यले बाँच्नुभएको छ, आक्रमण गर्ने मान्छे पक्राउ परेको छ, तर एउटा सन्काहाले सन्केर हान्यो भनेर एउटा भाष्य निर्माण गर्न खोजिँदै छ, यसलाई थामथुम पार्ने कोसिस हुँदै छ, कांग्रेस महामन्त्रीसमेत रहेका सांसद गगन थापाले भने, 'यो विषयको गहिरो अनुसन्धान भएर सबै पक्ष उजागर होस् ।' सांसद थापाले यस घटनाबारे सरकारलाई सचेत गराउँदै घटना कसरी र किन भयो ? घटनाको सबै पक्षबारे गहिरो अनुन्धान हुनुपर्ने माग गरे ।

'म गृहमन्त्रीलाई सोध्न चाहन्छु, के अब काठमाडौंमा एक्लै हिँड्न नपाउने हो, कोही जलाइदिन्छु भन्छ, कोही खुकुरी हान्छ, एक्लै हिँड्न हुने हो कि नहुने हो, जिम्मा लिएकाले धेरै बोल्ने होइन, गर्ने हो, हामी सरकारको कामको परिणाम हेर्न चाहन्छौं,' उनले भने । कांग्रेस प्रमुख सचेतक रमेश लेखकले कांग्रेसका सहमहामन्त्री रहेका सांसद यादवमाथि भएको आक्रमणको निष्पक्ष छानबिनको माग गरे । 'ज्यान मार्ने गरी आक्रमण गरिएको छ, घटना सामान्य छैन, गृहमन्त्रीलाई आग्रह गर्न चाहन्छु आगामी प्रतिनिधिसभाको बैठकमा घटनाबारे सम्पूर्ण विवरण प्रस्तुत गर्नुपर्छ,' उनले भने । संघीय लोकतान्त्रिक गणतन्त्रप्रति नेपाली जनता सहमत छैनन् भन्ने कृत्रिम भाष्य तयार गरिएको भन्दै वर्तमान व्यवस्थाबाट भाग्ने कसैलाई छुट नभएको उनको भनाइ थियो ।

एमाले सचेतक महेश बर्तौलाले घटनाको जिम्मा लिएर प्रधानमन्त्रीले जवाफ दिनुपर्ने बताए । 'सत्तापक्षकै नेता असुरक्षित हुने अवस्था अन्त्य होस् । निर्ममताका साथ छानबिन अगाडि बढाइयोस्,' उनले भने । माओवादी सांसद देवेन्द्र पौडेलले यादवमाथिको आक्रमण वर्तमान प्रणाली, संविधानप्रतिकै आक्रमण भएको बताए । 'यो प्रणाली, संविधान, कतिपय राज्यका स्थापित मान्यतालाई सीधै अस्वीकार गरेर प्रतिकारस्वरूप आक्रमण गरेको कुरा प्रस्ट छ,' वर्तमान व्यवस्था ल्याउनका लागि लामो संघर्ष गरिएको चर्चा गर्दै भन्दै सांसद पौडेलले भने, 'प्रणाली बचाउनका लागि पनि संघर्ष गर्नुपर्ने अवस्था आएको छ ।'

सांसद गणेश पराजुलीले कांग्रेस सहमहामन्त्री महेन्द्र यादवमाथि आक्रमण गर्ने अपराधीले कुनै पनि बहानामा उन्मुक्ति पाउन नहुने माग गरे । राप्रपा सांसद धवलशमशेर जबराले पनि यादवमाथि आक्रमण गर्ने व्यक्तिमाथि कारबाहीका लागि सरकारसँग माग गरे ।

लुम्बिनीमा निजामती विधेयक पेस

दाङ/ लुम्बिनी प्रदेश सभामा प्रदेश निजामती सेवाको गठन, सञ्चालन र सेवाका सर्त सम्बन्धमा व्यवस्था गर्न बनेको प्रतिवेदनसहितको विधेयक पेस भएको छ । प्रदेश आन्तरिक मामिला तथा कानुन समितिका ज्येष्ठ सदस्य सुधाकर पाण्डेले बिहीबार बसेको २४औं बैठकमा उक्त प्रतिवेदनसहितको विधेयक पेस गरेका हुन् ।

२३ प्रदेश सभा बैठकले प्रतिवेदनसहितको विधेयक तयार गर्न आन्तरिक मामिला तथा कानुन समितिलाई दिएको थियो । एक महिनाको कसरतपछि समितिले प्रतिवेदनसहितको विधेयक तयार गरी संसद्मा पेस गरेको हो । विधेयकको प्रतिवेदनको तयारीका लागि आमनागरिकसमक्ष सुझाव माग गरेको थियो भने विज्ञको सल्लाहसमेत लिएको थियो । सभाको अर्को बैठक शुक्रबार दिउँसो १ बजे तय गरिएको छ ।

चेपाङको न्वाँगी मनाउन सार्वजनिक बिदा

मकवानपुर/ बागमती प्रदेश सरकारले चेपाङ समुदायको न्वाँगी पर्वका अवसरमा प्रदेशअन्तर्गतका तीन जिल्लामा शुक्रबार सार्वजनिक बिदा दिएको छ । प्रदेश सरकारले चेपाङ बाहुल्य मकवानपुर, चितवन र धादिङमा जिल्लामा सार्वजनिक बिदा दिएको हो । नेपालमा ८४ हजार तीन सय ६४ जना चेपाङ रहेकोमा चितवनमा सबैभन्दा बढी ३५ हजार हाराहारीमा चेपाङ समुदायको बसोवास छ । चेपाङ राप्ती नदीउत्तर, त्रिशूलीपूर्व उठेको महाभारत पर्वत शृंखलाबरिपरिको रैथाने बासिन्दा मानिन्छन् । मकवानपुर पश्चिम, चितवन उत्तर र धादिङका दक्षिणी भेगमा चेपाङको घना बसोवास छ ।

हावाहुरीले सवा दश करोडको मकै बाली नष्ट

जिल्लामा लगाइएकोमध्ये ५२ प्रतिशत मकै बालीमा क्षति पुगेकाले यस वर्ष रुकुम पश्चिममा खाद्यान्न अभाव हुने विज्ञको भनाइ

रुकुम पश्चिममा **मनीष खड्का**

हावाहुरीले रुकुम पश्चिममा लगाइएको मकै बालीमा ठूलो क्षति पुऱ्याएको छ । कृषि विकास कार्यालय रुकुम पश्चिमका अनुसार हावाहुरीका कारण १० करोड २९ लाख ३९ हजार तीन सय ७५ रुपैयाँबराबरको मकै बाली नष्ट भएको छ ।

निमित्त कार्यालय प्रमुख मीनबहादुर केसीले जिल्लामा लगाइएकोमध्ये आधा मकै बाली हावाहुरीका कारण क्षति पुगेको जानकारी दिए । यसै साताको हावाहुरीसहितको वर्षालेजिल्लाका सबै स्थानीय तहमा क्षति पुऱ्याएको उनको भनाइ छ । केसीका अनुसार यस वर्ष तीन हजार तीन सय २५ हेक्टर क्षेत्रफलमा मकै खेती गरिएको छ । यो क्षेत्रफलमा गत वर्ष ८,३१३.४ मेट्रिकटन मकै उत्पादन भएको थियो । यसपटक खेती गरिएकोमध्ये ५२ प्रतिशत मकै बालीमा क्षति पुगेको निमित्त कार्यालय प्रमुख केसीले बताए ।

कुन स्थानीय तहमा कति क्षति ?

कृषि विकास कार्यालयका अनुसार सबैभन्दा बढी आठबिसकोट नगरपालिकामा क्षति भएको छ । आठबिसकोटमा तीन करोड ७३ लाख ४७ हजार तीन सय ७५ रुपैयाँबराबरको क्षति भएको छ । यस्तै, चौरजहारी नगरपालिकामा दुई करोड चार लाख २८ हजार सात सय ५०, त्रिवेणी गाउँपालिकामा एक करोड ७२ लाख ६७ हजार नौ सय ६, मुसिकोट नगरपालिकामा एक करोड ६४ लाख १७ हजार आठ सय १२, बाँफीकोट गाउँपालिकामा ६४ लाख १२ हजार पाँच सय र सानीभेरी गाउँपालिकामा ५० लाख ६५ हजार ३१ रुपैयाँबराबरको क्षति भएको कृषि विकास कार्यालयले संकलन गरेको विवरणमा उल्लेख छ ।



खाद्यान्न अभाव हुन सक्ने

यस वर्ष खाद्यान्न अभाव हुन सक्ने कृषि विकास कार्यालयले जनाएको छ । निमित्त प्रमुख केसीले गत वर्ष २५ सय १५ मेट्रिकटन खाद्यान्न बचत भएकामा यस वर्ष १६ सय ५ मेट्रिकटन ख



'फुकरे-३' मा वरुण शर्मा

कमेडी फिल्म 'फुकरे ३'को ट्रेलर रिलिज भएको छ। यो फिल्म २८ सेप्टेम्बरमा रिलिज हुनेछ। फिल्ममा पुलकित सम्राट, मनजोत सिंह, वरुण शर्मा, ऋचा चड्ढा, पंकज त्रिपाठीलगायत कलाकारको अभिनय छ। मृगदीप लाम्बाले निर्देशन गरेको यस फिल्मलाई विपुल भिगले लेखेका हुन्।



'दिमाग खराब' २४ कात्तिकमा

निश्चल बस्नेतको निर्देशनमा तयार भएको फिल्म दिमाग खराबको टिजर सार्वजनिक भएको छ। कात्तिक २४ गते रिलिज हुने यस फिल्ममा दयाहाङ राई, खगेन्द्र लामिछाने, अर्पण थापा, स्वस्तिमा खड्का, विजय बरााललगायत कलाकारको अभिनय छ।

व्यायाममा बढ्दै छ आकर्षण





'जिममा गएर फलाम उचालेर मात्रै शरीरमा 'सिक्स प्याक' देखा पर्छ भन्ने भ्रम धेरैमा हुन्छ। शरीर बनाउन जिम सेन्टर गएर मात्रै पुग्दैन। शारीरिक अभ्यासलाई जीवनशैली नै बनाउनुपर्ने हुन्छ। कतिपयले दुई-तीन महिना जिम गएर छाड्ने गर्छन्। यसरी मनलाग्दी गर्दा डाइट प्लान बिग्रिन्छ। त्यसैले हाम्रो जीवनशैली र खानपानमा ध्यान दिनुपर्छ। एकैपटक नतिजा राम्रो देखिन्छ भन्ने पनि होइन। यसका लागि समय लाग्छ।'

काठमाडौं शारीरिक सुगठन तथा फिटनेस संघका अध्यक्ष सुरेश सुवेदी युवापुस्तामा स्वास्थ्य र आकर्षक शरीरको चाहना बढ्दै गएको बताउँछन्। 'अहिलेका युवापुस्तामा 'सिक्स प्याक' तथा मसल्स पुष्ट बनाउने रहर बढ्दो छ। कोही फिट रहन आउँछन् त कोही खेलाडी बन्ने सपना बोकेर आएका छन्,' उनले भने।

उनका अनुसार काठमाडौं उपत्यकामा झन्डै दुई सय जिम हाउस तथा फिटनेस सेन्टर खुलेका छन्। हिजोआज होटेलमा समेत फिटनेस सेन्टर राख्न थालिएको छ। निजी क्षेत्रको बढ्दो लगानीका कारण शारीरिक सुगठनले गति पाइरहेको उनले बताए।

जिम सेन्टरको संख्यासँगै शारीरिक सुगठन खेलप्रति पनि युवाहरूको आकर्षण बढ्दो छ। विभिन्न प्रतियोगितामा सहभागी भएर उनीहरू आफ्नो फिट शरीर देखाउन चाहन्छन्। अध्यक्ष सुवेदीले भने, 'हिजोआज प्लस टु पढ्दै गरेका युवा जिम सेन्टर धाउने गरेका छन्। कतिपयको सौख विदेश घुम्न जाँदा समुद्रमा 'सिक्स प्याक' देखाएर फोटो खिच्ने पनि हुन्छ। कतिपय मानिस यसमै निरन्तर लागेर शारीरिक सुगठनका प्रतिस्पर्धामा समेत सहभागी हुन्छन्।'

कस्तो जीवनशैली बाँच्ने ?

दक्ष प्रशिक्षकसँगको निगरानीमा मात्रै व्यायाम गर्नुपर्छ। जथाभावी जिम गर्दा शरीरमा उल्टै समस्या देखिन सक्छ। प्रशिक्षकको सल्लाहअनुसार गर्नुपर्छ।

खानपानमा विशेष ख्याल गर्नुपर्छ। जंकफुडलगायत कतिपय खानेकुराले शरीरलाई घाटा पुऱ्याउँछ। त्यस्ता खानेकुराबाट टाढा रहनुपर्छ। कार्बोहाइड्रेट, प्रोटिनलगायत पौष्टिक तत्त्वहरू ब्यालेन्स मिलाएर लिनुपर्छ। अभ्यासमा ध्यान केन्द्रित गर्नका लागि वर्कआउटअघि ब्ल्याक कफी लिन सकिन्छ। त्यस्ता खाना शरीरमा एएर ग्लुकोजका रूपमा कन्भर्ट हुन्छ। हाम्रो बोनमा ग्लुकोजको मात्रा बढेपछि मात्रै फलाम उचाल्न सकिन्छ। जिम ट्रेनरले खानपानका विषयमा धेरै सल्लाह दिन्छन्। त्यस्तै, मसल्स बढाउन चाहनेहरूका लागि उनीहरूले धेरै प्रकारका डाइट सप्लिमेन्ट्स दिएका हुन्छन्। त्यसैलाई 'फलो' गर्नुपर्छ।

दैनिक आठ घन्टा सुत्ने

जिम सेन्टर गएपछि आफ्नो जीवनशैलीलाई पनि ध्यान दिन आवश्यक जरुरी छ। कम्तीमा आठ घन्टा सुत्नैपर्छ। ज्यानलाई आराम चाहिन्छ, ज्यानलाई आराम भएन भने शरीरको विकास हुन पाउँदैन। शारीरिक व्यायामले मानसिक तथा आत्मविश्वास विकास गरेको हुन्छ। व्यायाम शारीरिक सुगठनका लागि मात्र गरिँदैन भन्ने बुझ्न आवश्यक छ। शरीर र मनलाई स्फूर्त राख्न जिम सेन्टर जाने हो। हरेक दिन शारीरिक व्यायामका लागि थोरै समय दिँदा मात्र पनि शरीर, मन र दिमाग स्वस्थ बनाउन धेरै सहयोग पुग्छ।

> कम्तीमा आठ घन्टा सुत्नैपर्छ। ज्यानलाई आराम चाहिन्छ, ज्यानलाई आराम भएन भने शरीरको विकास हुन पाउँदैन। शारीरिक व्यायामले मानसिक तथा आत्मविश्वास विकास गरेको हुन्छ।

● पवन बराइली

काठमाडौं जोरपाटी बस्ने जेन रसाइली तीन-चार वर्षदेखि जिम सेन्टर धाइरहेका छन्। पेट लाग्न नदिन आफू नियमित जिम जाने गरेको उनले बताए। भन्छन्, 'नियमित जिम गएर 'वर्कआउट' गर्दा र डाइट ब्यालेन्स मिलाउँदा शरीर कसिलो र मजबुत भएजस्तो लाग्छ। सुरु-सुरुमा जिम गर्दा गाह्रो हुन्थ्यो। अहिले त नियमित एक्सरसाइज गर्ने बानी परिसक्यो।'

विभिन्न शारीरिक सुगठन प्रतियोगितामा समेत भाग लिइसकेका रिचार्ड तामाङ काठमाडौं रातोपुलस्थित एनआरके फिटनेस सेन्टरमा ट्रेनर छन्। आकर्षक शरीर बनाउनका लागि नियमित अभ्यास र अनुशासित जीवनशैली आवश्यक रहेको उनी बताउँछन्। 'कम्तीमा ६ देखि १२ महिनाको निरन्तर अभ्यासपछि मात्र शरीरमा सामान्य परिवर्तन देखिन थाल्छ। यसका लागि धैर्य चाहिन्छ,' उनले भने, 'आकर्षक शरीर बन्न समय लाग्छ। जिम नगई घरमै पनि विभिन्न एक्सरसाइज गरेर फिट रहन सकिन्छ। तर, अनुशासन र धैर्य आवश्यक छ।'

फिटनेसलाई लिएर अहिलेको पुस्ता निकै सचेत रहेको उनले बताए। जिममा दक्ष प्रशिक्षकबाट प्रशिक्षण लिनुपर्ने उनको भनाइ छ। विभिन्न शारीरिक सुगठन प्रतियोगितामा समेत भाग लिइसकेका तामाङ थप्छन्, 'जिममा गएर फलाम उचालेर मात्रै शरीरमा 'सिक्स प्याक' देखा पर्छ भन्ने भ्रम धेरैमा हुन्छ। शरीर बनाउन जिम सेन्टर गएर मात्रै पुग्दैन। शारीरिक अभ्यासलाई जीवनशैली नै बनाउनुपर्ने हुन्छ। कतिपयले दुई-तीन महिना जिम गएर छाड्ने गर्छन्। यसरी मनलाग्दी गर्दा डाइट प्लान बिग्रिन्छ। त्यसैले हाम्रो जीवनशैली र खानपानमा ध्यान दिनुपर्छ। एकैपटक नतिजा राम्रो देखिन्छ भन्ने पनि होइन। यसका लागि समय लाग्छ।'

कोठा चिटिक्क पार्ने फल्स सिलिङ





रितेश श्रेष्ठ
इन्टेरियर डिजाइनर
रूप इन्टेरियर्स प्रालि

हिजोआज आधुनिक घरमा भ्याल, ढोका, फ्लोरलगायतको डिजाइनसँगै फल्स सिलिङ अनिवार्य प्रयोग गर्न थालिएको छ। फल्स सिलिङले घरका कोठालाई आकर्षक र फरक देखाउन सहयोग गर्छ। सिलिङभन्दा केही तल निर्माण गरिने भएकाले नै यसलाई फल्स सिलिङ भनिन्छ। सिमेन्ट, उडन, जिप्सन बोर्डलगायत प्रयोग गरेर फल्स सिलिङ बनाउने गरिन्छ। भान्सा कोठा, बैठक कोठालगायत सबै कोठाका सिलिङलाई फरक डिजाइनमा ढाल्न सकिन्छ।

फल्स सिलिङ किन प्रयोग गर्ने ?

- खासगरी, घर निर्माण गर्दा बीचमा बिम परेको हुन्छ। यसले गर्दा घरको भित्री लुक्सलाई नराम्रो देखाउँछ। त्यसैले बिम छोप्न फल्स सिलिङ प्रयोग गरिन्छ।
- घरको भित्री कोठाका लागि लाइट धेरै राखिन्छ। लाइटका तारलाइन ढाक्न पनि फल्स सिलिङको प्रयोग गरिन्छ। कोठाको भित्री सौन्दर्य बढाउन पनि फल्स सिलिङ गरिन्छ।
- फल्स सिलिङ प्रयोग गर्दा कोठाको उचाइ घट्छ तसर्थ, फल्स सिलिङ गर्ने हो भने घर बनाउँदा नै कोठाको उचाइ बढाएर बनाउनु राम्रो हुन्छ फल्स सिलिङका लागि कम्तीमा ९ फिट उचाइ राम्रो हुन्छ। त्योभन्दा माथि जति गर्न पनि सकिन्छ।
- फल्स सिलिङ रोजाइअनुसारका रङ र थिममा बनाउन मिल्छ। सानो कोठामा एउटै रङ प्रयोग गर्नु राम्रो हुन्छ। ठूलो कोठा वा हल भए धेरै रङ र डिजाइन प्रयोग गर्न सकिन्छ।
- सिलिङमा लाइट र रङ संयोजनमा विशेष ध्यान दिनुपर्छ। सिलिङमा रङ लगाउँदा भित्ताको रङ कस्तो छ भन्ने ख्याल गर्नुपर्ने हुन्छ। कृत्रिम प्रकाश र रङ मिलाउँदा अझ राम्रो हुन्छ। सिलिङमा ह्वाइट वा ह्वाइट क्रिम कलर प्रयोग गर्दा पनि हुन्छ।
- फल्स सिलिङ गर्दा लाइटमा पनि विशेष ध्यान दिनुपर्छ।

यसरी बढाउनुस् समस्या समाधानको खुबी



मानिसहरू आफ्नो करिअरप्रति निकै सचेत हुन्छन्। तर, त्यसका बाबजुद पनि अफिसमा स-साना समस्याले मानिसलाई चिन्तित बनाइरहेका हुन्छन्। घरायसी समस्याका कारण पनि मानिसले करिअरमा राम्रो गर्न सकिरहेका हुँदैनन्। चाहे अफिस होस् वा घर, समस्याको सामना गर्ने र त्यसको समाधान गर्ने खुबीको विकास गर्न सक्नुपर्छ। यसले नै मानिसमा नेतृत्व विकास गर्छ। ठूला समस्या आउँदा कसरी सामना गर्ने ? आउनुस् केही सरल उपायबारे चर्चा गरौं :

- पहिले समस्याबारे मज्जाले बुझ्नुस्। समस्या बुझेपछि मात्रै समाधानतर्फ कदम बढाउन सकिन्छ।
- यसपछि शान्तसँग बसेर समस्या समाधान गर्ने उपायबारे सोच्नुस्। कहिलेकाहीं सहजै उपाय निस्कँदैन। त्यस्तो वेलामा सम्बन्धित क्षेत्रसँग जोडिएका विज्ञ वा सिनियर मानिससँग कुराकानी गर्न सक्नुहुन्छ। निजी जीवनसँग सम्बन्धित समस्याबारे आफूसँग नजिकका मानिससँग सल्लाह लिनुस्। करिअरसँग सम्बन्धित समस्याका लागि विज्ञसँग परामर्श गर्नुस्।
- कतै तपाईंको समस्या समाधान गर्ने उपायले अन्यलाई त समस्यामा पार्दैन ? यस विषयबारे पनि सोच्नुपर्छ।

एकै दिन समस्या समाधानको खुबी विकास हुन सक्दैन। बिस्तारै यसरी समाधानका विषय सोच्न थाल्नुस्। समस्याहरू आइरहन्छन्, तर तपाईं समाधानका लागि तयार रहनुस्। पुराना अनुभवबाट सिक्नुस्। बिस्तारै तपाईंमा समस्या समाधान गर्ने खुबी विकास भएर जान्छ। यसले नेतृत्व विकासको क्षमता बढाउँछ।

बच्चाको मुड फ्रेस राख्न...

हिजोआज बच्चाहरू अधिकांश समय डिजिटल स्क्रिनमा झुम्मिएका हुन्छन्। उनीहरू फुटबल र क्रिकेटजस्ता खेल पनि एपमार्फत मोबाइलमा खेल्छन्। यस्ता बच्चाका अभिभावकले उनीहरूलाई खुला मैदानमा दौडन प्रेरित गर्नुपर्छ। किनकि, शारीरिक गतिविधिमा संलग्न हुँदा उनीहरू स्मार्ट बन्छन्। मुड फ्रेस रहन्छ।



- प्रकृतिसँग समय गुजार्दा बच्चाहरू फिट रहन्छन्। मोटोपन र अल्छीपन हुँदैन र पढाइमा राम्रो गर्छन्। खेलकुदमा लाग्नाले कल्पना शक्ति बढ्छ, जसले सिर्जनशीलता बढाउँछ।
- उनीहरूले फुटबल, क्रिकेट, एथलेटिक्सलगायत नयाँ-नयाँ खेल खेल्न सिक्छन् र नयाँ-नयाँ साथी बनाउँछन्।
- प्राकृतिक प्रकाशले शरीरमा ऊर्जा दिन्छ, जसले हड्डी बलियो बनाउँछ। हृदयरोग र मधुमेहको जोखिम कम हुन्छ।
- मोबाइलमा झुम्मिँदा आँखाको ज्योति कमजोर हुने खतरा देखिन्छ। बाहिर खेल्न निस्कँदा यो समस्याबाट बच्न सकिन्छ।
- बाहिर खेल्न निस्किएपछि अनिद्राको समस्या हटेर जानेछ। शारीरिक गतिविधिका कारण बच्चालाई मिठो निद्रा लाग्छ।
- विभिन्न क्रियाकलाप गरेर परिवारका सदस्य घुलमिल हुने वातावरण बनाउनुपर्छ। बिदाको समय आफ्नो परिवारसँग हिँड्ने, स्विमिङ जानेलगायत गर्न सकिन्छ। यसले तपाईंको बच्चालाई एक्टिभ राख्छ। त्यस्तै, उसको स्वास्थ्य पनि राम्रो हुन्छ।

मर्निङ वाकमा निस्कँदा कस्तो कपडा लगाउने ?

मर्निङ वाक गर्दा ड्रेसअपमा ध्यान दिनुपर्छ। गर्मी महिनामा सुतीको कपडा लगाउनु सबैभन्दा राम्रो हुन्छ। यसले शरीरलाई शीतल राख्छ।

धेरै बाक्लो लुगा लगाए पसिना निकाल्दा चाँडै वजन कम हुन्छ भन्ने पनि कतिपयलाई भ्रम छ। तर, यो राम्रो होइन। यसरी पसिना बग्दा उल्टै शरीरमा डिहाइड्रेसन हुन सक्छ।

आरामदायी र हल्का कपडा लगाउनु राम्रो हुन्छ। लुज फिटिङका ट्राउजर लगाएर हिँड्दा सहज हुन्छ। घामबाट आफ्नो अनुहारलाई जोगाउन क्याप लगाउनु राम्रो हुन्छ।

जुत्ता मिलेको हुनुपर्छ। स्पोर्टस् सुज लगाएर मर्निङ वाक गर्नु सबैभन्दा राम्रो हुन्छ। गर्मीको समयमा पसिना सोस्ने खालका मोजा लगाउनु राम्रो हुन्छ।

आँखालाई सूर्यको विकिरणबाट जोगाउन युभी प्रोटेक्सनयुक्त सनग्लासले महत्त्वपूर्ण भूमिका खेल्छ। त्यसैगरी, सनस्क्रिन क्रिमले छालालाई जोगाउँछ।

मर्निङ वाकमा निस्कँदा पानीको बोतल साथमै बोकेर निस्कनु राम्रो हुन्छ। बिहान कति हिँडियो र यसले हृदयको चालमा कति सुधार ल्यायो भनेर थाहा पाउनका लागि फिटनेस ट्र्याकर वा स्मार्ट वाच प्रयोग गर्न सकिन्छ।

काठमाडौंआसपासका साइक्लिङ रुट



नगरकोट : नगरकोट साइकलयात्रीहरूलाई मन पर्ने गन्तव्य हो। कोटेश्वर, भक्तपुर, खरिपाटी हुँदै झन्डै २८ किलोमिटर यात्रामा यहाँ पुग्न सकिन्छ। समुद्री सतहबाट दुई हजार एक सय ७५ मिटर उचाइमा रहेको यस स्थानमा फराकिलो हाइवेको यात्रा गर्दै पुग्न सकिन्छ। यसक्रममा भक्तपुरमा नेवाः संस्कृतिबारे पर्याप्त जानकारी लिन सकिन्छ। हरियाली हेर्दै बिस्तारै उकालो चढ्नुको मज्जा नै बेग्लै छ। नगरकोटको टुप्पोमा पुगेपछि विभिन्न हिमशृंखलाको अवलोकन गर्न पाइन्छ। त्यसकारण पनि धेरै साइकलयात्रीहरूको रोजाइमा यो स्थान पर्ने गर्छ।

ककनी : बालाजुबाट सुरु हुने यात्रा दुई हजार ३० मिटरको उचाइमा रहेको ककनीसम्म पुग्छ। झन्डै २३ किलोमिटर यात्रा नागार्जुन जंगल क्षेत्रको हरियाली हुँदै अघि बढ्छ। यहाँको हरियाली र चिसो मौसमले प्रकृतिप्रेमीहरूलाई सधैं आकर्षित गर्ने गरेको छ। टुप्पोमा पुगेर हिमालको दृश्यावलोकन गर्दै थकाइ मार्नुको मज्जा बेग्लै छ। यो अर्को राम्रो गन्तव्य हो।

फुलचोकी : फुलचोकीमा सधैं चिसो हावा चलिरहेको हुन्छ। २७ सय मिटर हाइटमा रहेको यस स्थानमा जान धेरै साइकलयात्रीले रहर गर्छन्। काठमाडौंबाट लगनखेल चोक र गोदावरीसम्म पक्की बाटो र त्यसपछि कच्ची बाटोमा साइकल कुदाएर उकालो लाग्नुको मज्जा नै बेग्लै छ।

जामाचो : ह्वाइट गुम्बा हुँदै जामाचो जान पनि सकिन्छ। नागार्जुनको जंगल हुँदै जाने अर्को बाटो पनि छ। यहाँ पनि शान्त वातावरणमा साइक्लिङको मज्जा लिन सकिन्छ। त्यस्तै, सुन्दरीजल, शिवपुरीलगायत क्षेत्रमा पनि साइक्लिङका लागि ठूलो संख्यामा साइकलयात्री जाने गरेका छन्।

मौसमी फ्लुबाट बच्न के गर्ने ?



डा. शेरबहादुर पुन
संक्रामक रोग विशेषज्ञ
शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पताल, टेकु

मौसम परिवर्तनको समय विभिन्न रोग देखिने गर्छन्। विशेषगरी, यस समय मौसमी फ्लु वा इन्फ्लुएन्जाले धेरैलाई सताउने गरेको छ। फ्लुले मानिसको श्वासनलीलाई संक्रमित गर्छ। जसकारण ज्वरो आउने, टाउको दुख्ने, खोकी लाग्ने, छाती दुख्ने, जिउ दुख्नेलगायत समस्या देखिन्छन्।

कसरी सर्छ ?

मौसमी फ्लु एक व्यक्तिबाट अर्कोमा सर्ने रोग हो। मुख्यतः श्वासप्रश्वासको माध्यम, संक्रमित व्यक्तिको थुकको छिटाबाट सर्ने गर्छ। यसबाट बच्न कोभिड-१९ को जस्तै स्वास्थ्य मापदण्ड अपाउनुपर्छ। मास्क अनिवार्य लगाउनुपर्छ। हातको बाउलाले छोपेर हाछ्युं गर्नुपर्छ।

मुख्य लक्षण

- अचानक ज्वरो आउने, टाउको दुख्ने, निरन्तर खोकी लाग्ने, छाती दुख्ने, ज्यान दुख्ने आदि।
- बालबालिकामा खोकी, घाँटी दुख्ने, घाँटी खसखस हुने, ज्वरो आउने, नाकबाट पानी बग्ने र आफैं बन्द हुनेलगायत सामान्य लक्षणसँगै बान्ता हुने र पखाला लाग्ने पनि गर्छ।
- कतिपयलाई चिसो महसुस हुने गर्छ। मांसपेशी दुख्छ र अत्यधिक थकान महसुस हुन्छ।
- सामान्यतः मौसमी फ्लु एक हप्तामा निको हुनुपर्छ। कतिपयमा १० दिन पनि लाग्छ। यस अवधिमा निरन्तर उच्च ज्वरो आए तत्कालै अस्पताल जानुपर्छ। त्यस्तै, १० दिनभित्र निको भएन भने पनि चिकित्सकसँग परामर्श गर्नुपर्छ।

> फ्लुले मानिसको श्वासनलीलाई संक्रमित गर्छ, जसकारण ज्वरो आउने, टाउको दुख्ने, खोकी लाग्ने, छाती दुख्ने, जिउ दुख्नेलगायत समस्या देखिन्छन्

सतर्कताका उपाय

- फ्लुको जोखिम कम गर्न खोप लगाउन पनि सकिन्छ। बजारमा सहजै उपलब्ध हुन्छ।
- कतिपयले बिरामी हुनासाथ आफैं औषधि किनेर खाने गरेका छन्। तर, चिकित्सकसँग परामर्श नगरी जथाभावी औषधि प्रयोग गर्नुहुँदैन। यसले अन्य साइड इफेक्ट निम्त्याउन सक्छ।
- मौसमी फ्लुलाई सामान्य रूपमा लिनुहुँदैन। यसले अन्य समस्या निम्त्याउन सक्छ। कतिपयलाई निमोनिया पनि हुन सक्छ। त्यस्तै, शरीरका विभिन्न अंगमा समस्या सिर्जना भएर जटिल समस्या देखिन सक्छ। विशेषगरी, वृद्धवृद्धा, बालबालिका, मिर्गौलाको डायलाइसिस गराइरहेका व्यक्ति, क्यान्सर रोगी, दमका बिरामीलगायत दीर्घरोगीमा फ्लुको असर धेरै देखिने गरेको छ। किनकि, उनीहरूको रोगप्रतिरोधात्मक क्षमता कमजोर हुन्छ। त्यसैले उनीहरूलाई रोग सर्न नदिनका लागि अन्य व्यक्ति पनि सजग रहनुपर्छ। ज्वरो आउने, टाउको दुख्नेलगायत समस्या देखिएपछि बालबालिका र वृद्धवृद्धाको नजिक जानुहुँदैन। बालबालिकालाई भिडभाडमा लैजानुहुँदैन। फ्लुको कुनै लक्षण देखिएमा उनीहरूलाई स्कुल पठाउनुहुँदैन। निरन्तर हात धुने, मास्क लगाउने गर्नुपर्छ। प्रदूषित क्षेत्रमा जानुहुँदैन।
- संक्रमणले कमजोर बनाउने हुँदा रोगप्रतिरोधात्मक क्षमता बलियो बनाउन झोलिलो खानेकुरा खानुपर्छ। पानी प्रशस्तै पिउनुपर्छ। फलफूल, दाल, हरियो सागपात, जुस, अदुवा, गेडागुडीलगायत खानुपर्छ। कुनै समस्या देखिए चिकित्सकसँग परामर्श गर्नुपर्छ।

नयाँ पुस्तालाई बिपी चिनाउने जमर्को

कांग्रेसले जन्मजयन्ती वा स्मृति दिवसमा मात्रै सम्झनेभन्दा पनि बिपीले देखेको प्रजातान्त्रिक समाजवादलाई कार्यान्वयन गरेर जनतालाई सुखी र खुसी बनाउन सक्नुपर्छ



● डा. डिला संग्रौला

अग्रलेख

बिपी कोइरालाको नाम लिँदै गर्दा पनि गर्वको महसुस हुन्छ । नेपाली कांग्रेसका संस्थापक नेता तथा प्रजातान्त्रिक समाजवादका प्रणेता बिपी कोइरालाको ११०औँ जन्मजयन्ती हामीले मनाइरहेका छौँ । भदौ २४ गतेदेखि ३ दिनसम्म यसपटक बिपी कोइरालाको जन्मजयन्तीका रूपमा साहित्यिक महोत्सव आयोजना गरिएको छ । बिपी कोइराला राजनीतिक व्यक्तित्व मात्रै होइन, उहाँको साहित्यमा पनि ठूलो योगदान छ ।

बिपी कोइरालाले पश्चिमा दार्शनिक सिग्मन्ड फ्रायडको यौन मनोविज्ञानलाई नेपाली आख्यानका क्षेत्रमा भित्र्याएको रूपमा बुझ्न सकिन्छ । कोइरालाका 'तीन घुम्ती', 'सुम्निमा', 'नरेन्द्र दाइ', 'हिटलर र यहुदी', 'मोदीआइन,' 'बाबु, आमा र छोरा'लगायत उपन्यास प्रकाशित छन् । उनका दोषी चस्मा र श्वेतभैरवी कथा संग्रहका साथै 'आफ्नो कथा', 'आत्मवृत्तान्त' र 'जेल जर्नल' जीवनीमूलक कृति प्रकाशित छन् । कोइरालाका नेपाली र हिन्दी भाषामा गरी झन्डै ३० वटा कथा प्रकाशित छन् । बिपीजयन्तीका अवसरमा आयोजना हुन लागेको महोत्सवमा सम्भाषण हुने र महोत्सवका सत्रहरूअन्तर्गत मनोविश्लेषणात्मक साहित्य र व्यक्तिसत्ता, साहित्यमा पर्यावरण, समय र सबाल्टर्न, नेपालको मातृभाषा साहित्य, बिपीका आख्यानमा नारी, बिपीका आख्यानमा मधेस, बिपीका दृष्टिमा बिपी, बिपीले नपाएका १५ वर्ष शीर्षकमा चल्ने भएका छन् ।

त्यस्तै अन्तर्राष्ट्रिय राजनीति र कूटनीतिमा बिपी, समावेशिता, सामाजिक रूपान्तरण र बिपी, युवापुस्तामा बिपी पठन र परिवारले बुझेका बिपी शीर्षकमा पनि विभिन्न सत्रमा छलफल हुनेछन् ।

बिपी कोइरालालाई एक बहुआयामिक व्यक्तित्वका रूपमा लिनुपर्छ । राजनीतिमा प्रजातान्त्रिक समाजवादका प्रणेता र साहित्यमा पनि त्यत्तिकै दख्खल भएकाले उहाँलाई राजनीति र साहित्यका अग्रज व्यक्तित्वका रूपमा पनि लिनुपर्छ । प्रजातन्त्र, मानवअधिकारलगायत आधारमा विश्व मानचित्रमा उभ्याउन र उभिन सक्ने नेपालका बहुआयामिक व्यक्तित्वका रूपमा उहाँलाई लिनुपर्छ । तर, बिपी कोइरालाले आफ्नो जीवनकालमा सोचेकोजस्तो गर्न भने सक्नुभएन या मौका पाउनुभएन । तर, त्यो काम गर्नका लागि उहाँले दरिलो जग भने नेपाली समाजमा बसाउन सफल हुनुभयो । उहाँले देखेको सपना बिस्तारै नेपालको पछिल्ला परिवर्तनबाट सफल भएको रूपमा पनि बुझ्नुपर्छ । बिपीलाई सम्झँदै गर्दा उहाँले लिएको विचार अहिले पनि सान्दर्भिक छ । बिपी कोइरालाले लिएको प्रजातान्त्रिक समाजवादको विचार थियो । मार्क्सवादबाट प्रभावित हुँदाहुँदै पनि शान्तिपूर्ण पक्षका रूपमा उनी गान्धीवादसँग नजिक थिए । तर, नेपालको सन्दर्भमा आफ्नै भूगोलको आफ्नै माटो सुहाउँदो र आफ्नै परम्परालाई अंगीकार गर्दै यथार्थवादसँग नजिक थिए । त्यसैले, बिपीले मार्क्सवाद, गान्धीवाद र यथार्थवादको सम्मिश्रणका रूपमा नेपालको माटो सुहाउँदो प्रजातान्त्रिक समाजवादको सिद्धान्त प्रतिपादन गर्नुभएको हो । बिपीले त्यतिबेलै राजनीतिक स्थायित्व र आर्थिक समृद्धिको सपना देख्नुभएको थियो । त्यो सपना अझै हामीले पूरा गर्न सकेका छैनौं ।

बिपी कोइरालाको साहित्य पढ्दा महिलालाई विशेष प्राथमिकता दिएको पाइन्छ भने राजनीतिमा पनि उहाँले महिलालाई विशेष महत्त्व दिनुभयो । उहाँले २०१५ सालको आमनिर्वाचनमा डडेल्धुराबाट द्वारिकादेवी ठकुरानीलाई प्रत्यक्षमा उठाएर सांसद तथा मन्त्री बनाउनुभयो । उहाँले दक्षिण एसियामा नयाँ इतिहास कायम गर्नुभएको थियो । लोकतन्त्र हुँदाहुँदै गणतन्त्र आएको पनि यत्रो वर्ष भइसक्यो । महिलाको सवालमा संविधानमा त लेख्यौं, तर समानुपातिकमा सीमित गरेका छौं । अहिले युवाको कुरा गर्ने हो भने लाखौंलाख युवा खाडी मुलुकमा पसिना बगाउन गइरहेका छन् । उनीहरू बिदेसिनुपर्ने कारण भनेकै नेपालमा रोजगारीको अभाव हो । हामीले युवालाई स्वदेशमा रोजगारी दिन्छौं भने पनि त्यस खालका नीति-नियम बनाउन चुक्दै गएका छौं । कांग्रेसका तत्कालीन युवा सहिद राम, लक्ष्मण, कामेश्वर, कुशेश्वरहरू जहिल्यै बिपीको वरिपरि रहे । बिपीले युवालाई राष्ट्रको शक्तिका रूपमा हेर्नुहुन्थ्यो । बिपी युवालाई सही जिम्मेवारी दिएमा मात्र उनीहरू राष्ट्र निर्माणको शक्ति बन्न सक्छन्, अन्यथा उनीहरू विध्वंसात्मक शक्तिमा रूपान्तरण हुन्छन् भन्नुहुन्थ्यो । अहिले युवाशक्ति जिम्मेवारीविहीन हुँदा राष्ट्र निर्माण ओझेलमा परिरहेको छ भने युवाहरू अपराध र दुर्व्यसनमा फस्दै गएका छन् ।



> बिपी युवालाई सही जिम्मेवारी दिए मात्र उनीहरू राष्ट्र निर्माणको शक्ति बन्न सक्छन्, अन्यथा उनीहरू विध्वंसात्मक शक्तिमा रूपान्तरण हुन्छन् भन्नुहुन्थ्यो । अहिले युवाशक्ति जिम्मेवारीविहीन हुँदा राष्ट्र निर्माण ओझेलमा परिरहेको छ भने युवाहरू अपराध र दुर्व्यसनमा फस्दै गएका छन् ।

बिपी ०३३ साल पुस १६ गते राष्ट्रिय मेलमिलापको नीति लिएर स्वदेश फर्किनुभएको थियो । उहाँले त्यतिबेला राष्ट्रियता अप्टेरोमा परेको विश्लेषण गर्नुभएको थियो । त्यसबेला नेपालको राष्ट्रियता जोगाउन राजासँग आफ्नो घाँटी जोडिएको कुरा गर्नुभएको थियो । हामी दुई विशाल छिमेकी चीन र भारतका बीचमा छौं, भू-राजनीतिले नेपालमा सधैं प्रभाव पारेको छ । विगतको र अहिलेको परिस्थिति फरक रहे पनि केही-केही झिल्कोले हामीलाई छोइरहेकै छ । बिपी कोइरालालाई सम्झनुको अर्थ उहाँले अंगीकार गरेको प्रजातान्त्रिक समाजवादका एजेन्डालाई अंगीकार गर्दै जानु हो । यसबीच कांग्रेसले बिपीलाई बिर्सिएको रूपमा पनि चित्रण गर्ने गरिन्छ । अहिलेको अवस्थामा कांग्रेसले जन्मजयन्ती वा स्मृतिदिवसमा मात्रै सम्झनेभन्दा पनि उहाँले देखेको प्रजातान्त्रिक समाजवादलाई कार्यान्वयन गरेर जनतालाई सुखी र खुसी बनाउन सकियो भने बिपी कोइरालाले अंगीकार गरेका नीतिको सार्थकता झल्किन्छ ।

बिपी कोइरालाले तत्कालीन अवस्थामा संवैधानिक राजतन्त्रको पक्षमा वकालत गरेको कुरा घामजस्तै छर्लंग छ । बहुभाषिक, बहुसांस्कृतिक र बहुधार्मिक नेपालजस्तो मुलुकलाई एकताको सूत्रमा बाँध्न सक्ने संस्थाको रूपमा संवैधानिक राजतन्त्रलाई उहाँले व्याख्या गर्नुभएको थियो । तर, पछिल्लो कालखण्डमा आइसकेपछि तत्कालीन राजा निरंकुश भए । लोकतन्त्रमाथि प्रहार गर्नुका साथै लोकतान्त्रिक संघसंस्थामाथि बन्देज लगाउन पुगे । लोकतन्त्रका लागि निरंकुश राजा काम लाग्दैनन् भन्ने लागेर नै कांग्रेसले गणतन्त्रका पक्षमा आफूलाई उभ्याएको हो । तत्कालीन राजाले आफूलाई संविधानभन्दा माथि राखेर लोकतान्त्रिक संस्थामाथि निरन्तर प्रहार गर्न थालेपछि नै कांग्रेस र सात दल गणतन्त्रको पक्षमा उभिएका हुन् । आन्दोलनको नेतृत्व कांग्रेसले गरेको हो । तत्कालीन सभापति गिरिजाप्रसाद कोइरालासमेत सात दल र त्यतिबेला जंगलमा रहेको माओवादीबीच शान्ति सम्झौता भएपछि नेपालले गणतन्त्रको बाटो रोजेको हो ।

०१५ सालको आमनिर्वाचनपछि बिपी कोइरालाले जननिर्वाचित प्रधानमन्त्रीका रूपमा सरकारको नेतृत्व गर्नुभयो । भलै तत्कालीन राजाका कारण त्यो सरकार धेरै समय टिक्न सकेन । जति समय सरकारको नेतृत्व गर्नुभयो, उहाँ राम्रो छाप छाड्न सफल पनि हुनुभएको छ । त्यतिबेला उहाँले राष्ट्रिय योजना आयोगको भित्तामा एक हल गोरु जोत्दै गरेका किसानको फोटो राख्न लगाएर स्पष्ट सन्देश दिन खोज्नुभएको हो । त्यतिबेला उहाँले किसानलाई सम्मान गर्दै उत्पादकत्व बढाउने कुरा गर्नुभएको हो । ९० प्रतिशत जनता कृषिमा आश्रित थिए । कृषिलाई अघि नबढाउने हो भने मुलुक आर्थिक समृद्धिको बाटोमा अघि बढ्न सक्दैन भन्ने नै हो । कृषि पेसाबाट मानिसहरू अहिले अन्यत्रै मोडिन थालेका छन् भने कृषि गरेर वर्ष दिनलाई आफ्नो जीवन निर्वाह गर्न सक्ने अवस्था पनि कमजोर बन्दै गएको अवस्थामा अहिले युवाहरू खाडी मुलुकमा पसिना बगाउन बाध्य भएका छन् । अहिले हाम्रो अर्थतन्त्र नै निर्यातभन्दा पनि आयातमुखी अवस्थामा रहेको छ । हामीले जति कुरा गरे पनि अझै आत्मनिर्भर अर्थतन्त्र बनाउन कृषिलाई आधुनिकीकरण र यान्त्रीकीकरणमा जोड दिनुपर्छ ।

बिपी कोइरालाले प्रजातन्त्र र समाजवादलाई सँगसँगै लैजानुपर्छ भन्नुभएको थियो । समाजवादको कुरा अहिले अरूले पनि गर्छन् । बिपीले राजनीतिक स्वतन्त्रतासहितको समाजवादको कुरा गर्नुभएको हो । राजनीतिक स्वतन्त्रता र आर्थिक समानतालाई सँगसँगै लिएर जानुपर्छ । बिपीको विचार र कम्युनिस्ट विचारबीच मेल खाँदैन ।

बिपीले देखेको सपना भनेकै तत्कालीन अवस्थामा हरेक नेपालीको एउटा घर र उनका दुईजना छोराछोरीलाई पढाउन सकियोस् भन्ने नै हो । यो कुरा हामीले उहाँका धेरै विचार सुन्दा र पढ्दा पाउँछौं । तर, अहिले पनि दूरदराजका नेपाली नागरिक बिहान र बेलुकाको छाक टार्न अप्टेरो अवस्थामा रहेका छन् । शुद्ध पिउने पानीसम्म नपाउने अवस्था अझै विद्यमान रहेका बेला विकास र समृद्धिको कुरा त ती ठाउँमा अझै परको विषय बनेको छ । यसबीच केही परिवर्तन भए पनि बिपीले हरेक नेपालीलाई आफ्नो खुट्टामा उभिन सक्ने बनाउने सपना देख्नुभएको थियो । त्यो सपना साकार पार्ने जिम्मा हाम्रो हो । त्यसका लागि हामीले इमानदारीपूर्वक काम गर्न जरुरी छ । त्यही नै स्वर्गीय बिपी कोइरालाप्रति साँचो श्रद्धाञ्जली हुनेछ ।

(डा. संग्रौला कांग्रेस केन्द्रीय सदस्य हुन्)

---

३ प्रश्न

नेपाली राष्ट्रिय क्रिकेट टोलीका पूर्वकप्तान **पवन अग्रवाल**लाई



एसिया कप क्रिकेटमा नेपाली खेलाडीको प्रदर्शनलाई कसरी हेर्नुभएको छ ?

नेपाली खेलाडीले निकै राम्रो प्रदर्शन गरेका छन् । भारत र पाकिस्तान जस्ता विश्व क्रिकेटका अग्रणी मुलुकसँग प्रतिस्पर्धा गर्नु आफैंमा एउटा सफलता हो । नेपाली खेलाडीले दुवै टोलीलाई टक्कर दिएका छन् । पाकिस्तानसँग बलिङ राम्रो भए पनि ब्याटिङमा केही कमजोरी देखियो । भारतसँगको ब्याटिङ सन्तोषजनक नै रह्यो । हाम्रो क्षमता र तयारीका हिसाबमा भारतसँग राम्रो खेलेका हुन् हाम्रा खेलाडीले ।

नेपाली क्रिकेटको मूल समस्या के हो ?

हाम्रो क्रिकेटको मूल समस्या भनेको म्यानेजमेन्ट र सुशासन नहुनु हो । जबसम्म नेपाली क्रिकेटमा यी दुई पक्ष कमजोर रहन्छन्, तबसम्म जति पैसा खन्याए पनि त्यसको परिणाम देखिन सक्दैन । त्यसैले, सबैभन्दा पहिले नेपाली क्रिकेटको आधिकारिक निकायमा 'सिस्टम' को विकास गर्नुपर्छ । 'भिजनरी म्यानेजमेन्ट' भयो भने लगानी पनि सँगै आउँछ । भारतमा पनि सरकारले गरेर होइन, बिसिसिआई आफैंले गरेर लगानी आएको हो ।

नेपाली क्रिकेटलाई अझै माथि पुऱ्याउन के गर्नुपर्ला ?

हामीकहाँ भौतिक पूर्वाधारको कुरा गर्दा स्टेडियम भएन भन्ने गरिन्छ । तर, मेरो विचारमा जहाँ जहाँ क्रिकेटको माहोल छ, त्यहाँ अभ्यासका लागि सामान्य मैदान, नेट र खेल सामग्री उपलब्ध गराउन सक्नुपर्छ । राजधानीमै पनि १४-१५ वर्षका किशोरकिशोरीले क्रिकेट अभ्यास गर्ने मैदान छैन । हाम्रो समस्या 'फेन्सी स्टेडियम' होइन, सामान्य अभ्यास गर्ने मैदानको अभाव हो ।

प्रेरक प्रसंग

राजाको फैसला

एकपटक एउटा दरबारमा एउटा अभियुक्तविरुद्ध सुनुवाइ भइरहेको थियो । राजाले ध्यानपूर्वक अभियुक्तको बयान सुने । उनीविरुद्ध लगाइएको अभियोगबारे पनि राजाले जानकारी लिए । सबैको तर्क सुनिसकेपछि राजाले ती अभियुक्तलाई मृत्युदण्डको फैसला सुनाए । फैसला सुनाउँदा अभियुक्त दरबारको एक कुनामा थिए । राजाले गरेको फैसलाबारे थाहा पाउनासाथ अभियुक्त राजालाई गाली गर्न थाले । राजाले उनलाई देख्न त देख्थे, तर उनले बोलेको केही सुन्दैनथे । त्यसैले, उनले नजिकै रहेका मन्त्रीलाई ती अभियुक्तले के भन्दै छन् भनेर बुझ्न पठाए ।

एकैछिनमा मन्त्री फर्केर आए । राजाले कारण जान्न चाहे । तर, मन्त्रीले सत्य कुरा नभनी राजालाई भने- महाराज त्यो अभियुक्त हजुरको प्रशंसा गर्दै थियो । उसले हजुर निकै ज्ञानी, दयालु र विवकशील राजा भएको बताइरहेको थियो । मन्त्रीको यस्तो कुरा सुनेपछि राजालाई ती अभियुक्तमाथि दया जाग्यो । उनले तत्काल आफूले पहिले सुनाएको फैसला उल्ट्याउँदै ती अभियुक्तलाई माफी दिए । दरबारमा मन्त्रीका विरोधी एक भारदार थिए । उनी जहिल्यै मन्त्रीका कमी-कमजोरी खोजिरहन्थे र राजालाई सुनाउने उपयुक्त मौकाको प्रतीक्षामा बस्थे । ती अभियुक्तले राजालाई गाली गरेको कुरा ती भारदारले पनि सुनेका थिए । साथै, मन्त्रीले झुटो कुरा सुनाएर राजाबाट अभियुक्तको सजाय माफ गराएको पनि देखेका थिए । त्यसैले, उनले मौका मिलाएर राजालाई यसबारे चुक्ली लगाइदिए । उनले भने- महाराज, हाम्रा मन्त्रीजीले झुटो बोल्नुभयो । यथार्थमा त्यो अभियुक्तले हजुरको प्रशंसा होइन, गाली पो गर्दै थियो ।

भारदारको गुनासो सुन्दा राजालाई उनीदेखि नै झनक्क रिस उठ्यो । उनले भने- मन्त्रीले झुटो बोले पनि उनले अर्कालाई बचाउन त्यसरी झुटो बोले । तर, तिमी भने अर्कालाई खराब देखाउन यसरी कुरा लगाइरहेका छौ । यथार्थमा अर्कालाई बचाउने, अर्कोको भलो चाहने मान्छे गलत हुन सक्दैन । यसरी अर्कोको कुरा लगाउने मान्छे भने पक्कै पनि गलत नै हुन्छ । त्यसैले, तिमी मेरो दरबारमा बस्नलायक छैनौ । यति भनेर राजाले ती भारदारलाई दरबारको सेवाबाट निष्कासन गरिदिए ।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

विद्युत् प्राधिकरणको ध्यान जाओस्

हाम्रो देशमा बिजुलीको उत्पादन धेरै हुने र यसले देशको स्तरमा रूपान्तरण ल्याउने पक्का छ । हिजो जे भए पनि आजको समयमा धेरै मात्रामा विद्युत् उत्पादन हुँदै छ, जसले आममानिसको स्तरमा रूपान्तरण पनि ल्याइरहेको छ । धेरै छिमेकी देशलाई विद्युत् दिने वेला आइरहेको छ ।

अबको दिनमा प्राधिकरणले प्रत्येक परिवारको एक घरका लागि दुई सय युनिटसम्म प्रतियुनिट पाँच रुपैयाँका दरमा बिजुली उपलब्ध गराउनुपर्ने देखिन्छ । यसले गर्दा एकातिर स्वदेशमै उत्पादित बिजुलीको खपत बढ्छ भने अर्कातिर यसबाट आयातीत महँगो ग्यासको उपयोगमा कटौती भई स्वदेशी पैसा स्वदेशमै रहनेछ । यसबाट स्वदेशको विकास निर्माण, रोजगारी वृद्धिलगायत पक्षमा सहयोग पुग्नेछ ।

● हेमकुमार थापा, भक्तपुर
hemkth@yahoo.com

एमाले कार्यकर्ताले ठिक गरे

पार्टीका सुप्रिमो केपी ओलीको 'सहमतिबाटै नेतृत्व छान्नू' भन्ने फरमानविपरीत गएर लोकतान्त्रिक विधिबाट नेतृत्व चयन गरी लुम्बिनी प्रदेशका एमाले नेता तथा कार्यकर्ताले नेतृत्वलाई गतिलो झापड दिएका छन् । अहिलेका नेता तथा कार्यकर्ता नेतृत्वले जे भन्छ, त्यही गर्न तयार छैनन् । उनीहरू आफ्नो विवेक बन्धक राखेर नेतृत्वको आदेशमा ल्याप्चे लगाउन चाहँदैनन् । लुम्बिनी एमालेले नेतृत्वलाई यही सन्देश दिएको छ ।

● राजीव गुरुङ
पुल्चोक, चितवन

जरिवानाका नाममा लुट

'एक वर्ष नपुग्दै चार गुणाभन्दा बढी जरिवाना असुल' शीर्षकको समाचार पढेपछि केही लेख्न मन लाग्यो । यसरी चर्को जरिवाना असुल्नु भनेको जनतामाथि जरिवानाका नाममा राज्यको चरम लुट हो । यो खर्चिलो राज्य संयन्त्र चलाउन जबर्जस्ती कर उठाउने सरकारको नियत हो । यसरी जनतामाथि कानुन या ऐनको नाममा लुट्ने छुट कसैलाई छैन । जनता लुट्ने खेल अविलम्ब बन्द गर ।

● पार्वती बिसुंखे
शंखमूल, काठमाडौं

कान्ति बाल अस्पतालको लापरबाही

कान्ति बाल अस्पतालमा उपचार गर्न गएकी बालिकाको दुई घन्टा कुर्दा पनि डाक्टर भेट्न नपाएपछि इमर्जेन्सीमै मृत्यु भएको खबरले दुःखी बनायो । सरकारी अस्पतालमा यस्ता लापरबाहीको घटना धेरै हुने गरेका छन् । लापरबाही गर्ने अस्पताल प्रशासनले यसको जिम्मा लिनुपर्छ कि पर्दैन । इमर्जेन्सीमै त डाक्टर उपलब्ध हुँदैनन् भने ओपिडीमा डाक्टर भेटिएलान् भनेर के आशा राख्नु ? लापरबाहीको पनि सीमा हुन्छ । डाक्टर भएँ भन्दैमा जसले जे गर्दा पनि हुन्छ हो ? के यसरी मान्छेको जिउज्यानसँग खेलबाड गर्न मिल्छ ? डाक्टरका लागि बिरामी धेरै होलान्, तर के त्यसो भन्दैमा लापरबाही गर्न पाइन्छ ?

मान्छे अन्तिम विकल्पका रूपमा अस्पताल जान्छ । तर, त्यहाँ पनि उपचार नपाई मर्नुपर्छ भने जाने कहाँ सरकार ? निजी अस्पतालमा उपचार गराउन सकिँदैन । सरकारी अस्पतालमा उपचार नै हुँदैन । यस्तो अवस्थामा गरिब जनताले चाहिँ गर्ने के ? संविधानमा लेखिएको छ- हरेक नेपालीको पहुँचमा स्वास्थ्य सेवा, तर बिडम्बना ! स्वास्थ्य सेवाको पहुँचमा जनता छैनन् । नेतालाई रुगा लाग्यो भने पनि राज्यकोष खर्चेर विदेश जान्छन् । तर, जनताको चाहिँ स्वदेशकै अस्पतालमा पनि उपचार नपाएर मर्नुपर्ने अवस्था छ । के यही हो लोकतान्त्रिक गणतन्त्रको मर्म ?

यही पत्रिकामार्फत १५ दिनअघि मैले पनि कान्ति बाल अस्पतालको विकृतिबारे लेखेको थिएँ, तर सम्बन्धित निकायको ध्यान त्यता गएन । के अबका दिनमा पनि यस्तै लापरबाही गरेर मान्छे मारिरहने हो त सरकार ?

● पुरुषोत्तम घिमिरे, जोरपाटी, काठमाडौं
ghimirepuru@gmail.com

उमंगहीन निजामती सेवा दिवस

कानुन नबनाई तजबिजका आधारमा मुलुकी प्रशासन सञ्चालन गर्न खोज्नुले विधिको शासनको उपहास मात्र गरेको छैन, सरकारको स्वेच्छाचारितासमेत प्रदर्शन गरेको छ



● देवीलाल चौलागाईं

रोजा पार्क्सको एउटा भनाइ छ- लक्ष्यविनाको मानिस हराउँछ भने उत्साहविनाको मानिस मर्छ । पार्क्सको यो भनाइ अहिले नेपालका कर्मचारीमा ठ्याक्कै लागू हुन्छ । सरकारी कर्मचारीलाई परिचालन गर्ने कानुन नबनेपछि अहिले नेपालका झन्डै ७० प्रतिशत कर्मचारी लक्ष्य र गन्तव्यविहीन बन्न पुगेका छन् । सरकारले उनीहरूलाई कुहिरोको काग बनाइदिएको छ ।

कुनै पनि दिवस आफैंमा एउटा उत्सव हो । दिवस खुसी मनाउने, शुभकामना आदान-प्रदान गर्ने र त्यो ऐतिहासिक क्षणको स्मरण गर्ने दिन हो । तर, निजामती सेवा दिवसका सन्दर्भमा खुसी मनाउने र दीपावली गर्ने अवस्था छैन । संघीय निजामती सेवा ऐन हालसम्म आउन सकेको छैन । मुलुकको संघीय संरचनाअनुसारको संघीय निजामती सेवा ऐन तत्काल जारी गर्नुपर्नेमा राजनीतिक दल र सरकारको गैरजिम्मेवारी र अस्थिरतामा रमाउने प्रवृत्तिका कारण हालसम्म जारी हुन सकेको छैन । विगत आठ वर्षदेखि संघीय निजामती सेवा ऐन अनिर्णयको बन्दी बनेको छ । मुलुक संघीय संरचनामा गएपछि प्रदेश र स्थानीय सरकार सञ्चालनका लागि सम्बन्धित तहमा खटिएका नेपालको कुल निजामती कर्मचारी संख्याको झन्डै ६० प्रतिशतभन्दा बढीको संख्यामा रहेका कर्मचारी सञ्चालन र व्यवस्थापन गर्ने कानुन छैन । कानुन अभावमा प्रदेश र स्थानीय तहका हजारौं कर्मचारीले थुप्रै समस्या झेल्नुपरिरहेको छ । वृत्ति विकास र सरुवाबढुवा पूरै रोकिएको छ । अनि कुन मनोबल र कुन उत्साहले यो दिवस मनाउने ?

संघीयतासहितको नेपालको संविधान जारी भएको र मुलुकमा संघीयता कार्यान्वयन भएको झन्डै आठ वर्ष बितिसक्दा पनि मुलुकी प्रशासन सञ्चालनको मेरुदण्डका रूपमा रहेको संघीय निजामती सेवा ऐन हालसम्म पनि जारी हुन सकेको छैन । मुलुकको स्थायी सरकारका रूपमा रहेको निजामती प्रशासन सञ्चालन र व्यवस्थापनमा यसले ठूलो असर पारेको छ । संघीय निजामती सेवा ऐनविनै कर्मचारी समायोजन गरियो । यसले निजामती प्रशासनलाई अस्थिर, अनिश्चित र कमजोर बनाउने काम गरेको छ । थुप्रै अन्योल र अनिश्चितताका बाबजुद संघ, प्रदेश र स्थानीय तहमा कर्मचारीले कामकाज गरिरहेका छन् । उनीहरूको सेवा, सर्त र सुविधाको विषय अहिलेसम्म अनिश्चित नै छ । सरकारले कानुनभन्दा पनि निर्णय र तजबिजका आधारमा मुलुकी प्रशासन सञ्चालन गर्न खोजिरहेको देखिन्छ । यसले विधिको शासनको उपहास मात्र गरेको छैन, सरकारको स्वेच्छाचारितासमेत प्रदर्शन गरेको छ ।

कर्मचारी वर्षौंदेखि आन्दोलित छन् । सरकारलाई वेलावेलामा सुझाव पेस गर्ने र जतिसक्दो छिटो संघीय निजामती सेवा ऐन जारी गर्न सरकारलाई दबाब दिन आन्दोलनसमेत गर्दै आइरहेका छन् । तैपनि, सरकारले सुनेको छैन । कर्मचारीको एउटै माग भनेको 'कर्मचारीमैत्री संघीय निजामती सेवा ऐन, तत्काल जारी गर' भन्ने नै हो । यसमा किन ढिलाइ भइरहेको छ ? त्यो बुझ्न सकिएको छैन ।

सबैभन्दा पहिले संघीय निजामती सेवा ऐन जारी गरेर कर्मचारी समायोजन र व्यवस्थापनको बाटो खोल्नुपर्नेमा मूल ऐनबिनै हचुवा र अपरिपक्व ढंगले कर्मचारी समायोजन र व्यवस्थापन गर्ने काम सरकारबाट विगतमा भयो । परिणामतः सरकारले समायोजन सकिएको घोषणा गरे पनि कर्मचारी समायोजन र व्यवस्थापनले अझै पूर्णता पाउन सकिरहेको छैन । कुनै पनि पूर्वतयारीविना हतारहतार कर्मचारी समायोजन गर्दा स्वयं सरकार र कर्मचारी दुवैले कठिनाइको सामना त गर्नुपऱ्यो नै सेवाप्रवाह झन् अस्तव्यस्त बन्यो ।

निजामती प्रशासनमा अहिले एकातिर संघीय निजामती सेवा, ऐनको अभावका कारण थुप्रै अव्यवस्था, अन्योल



सन्दर्भ : निजामती सेवा दिवस

र अनिश्चितताको स्थिति रहेको छ भने अर्कातिर प्रस्तावित संघीय निजामती सेवा ऐनमा राखिएका कतिपय व्यवस्था, हिजोदेखि कर्मचारीले प्राप्त गर्दै आइरहेका र उपभोग गर्दै आइरहेका थुप्रै सेवा, सुविधा र अधिकार कटौती हुने गरी आएका कारण पनि कर्मचारी आन्दोलित हुन पुगेका हुन् । कर्मचारीमा अहिले एक किसिमको सन्त्रास, आक्रोश र उत्तेजना फैलिएको छ । अहिलेको प्रस्तावित संघीय निजामती सेवा, ऐनको मुख्य विवादित पक्ष दुइटा छन् । एउटा, संघीयता व्यवस्थापनको प्रशासनिक ढाँचा र संरचनाको विषय हो भने अर्को कर्मचारीको सेवा, सर्त, सुविधा र वृत्ति विकासका साथै ट्रेड युनियन अधिकारको विषय हो । जस्तो कि प्रदेश र स्थानीय तहको प्रशासनिक प्रमुखमा संघको प्रतिनिधि पठाउने कि सम्बन्धित प्रदेश वा स्थानीय तहलाई नै अधिकार दिने भन्ने विषय मुख्य गरी राजनीतिक तहमा विवादको विषय बनेको छ भने कर्मचारीको सेवा, सर्त, सुविधा र वृत्ति विकासका साथै ट्रेड युनियन अधिकारको विषयमा प्रस्तावित ऐन अनुदार र पश्चगामी देखिएको भन्दै कर्मचारी जगत्बाट यसको चर्को विरोध भइरहेको छ । तल्लो तहका कर्मचारीको वृत्ति विकासमा पूर्णतया बन्देज लगाउने उच्च तहका कर्मचारीको कुनियत र त्यसमा जानअनजान सहभागी सरकार र सांसदको भूमिकाले करिब ७० प्रतिशत हाराहारीमा रहेका तल्लो तहका कर्मचारीले अन्याय र विभेदको महसुस गरिरहेका छन् । सरकारका हरेक नीति र कार्यक्रमलाई जनतासम्म पुऱ्याउने र जनताका आवाजलाई सरकारसम्म पुऱ्याउने पुलको काम गर्ने सरकारका सहयात्री कर्मचारी संयन्त्रप्रति सरकार किन यति उदासीन र अनुदार देखिएको हो, त्यो भने बुझ्न सकिएको छैन ।

कम्तीमा पनि ०४९ को ऐनभन्दा पनि पछि हटेर सरकार र संसद्ले प्रशासनको क्षेत्रमा पश्चगमनको सन्देश प्रवाह गर्नु कुनै पनि कोणबाट उपयुक्त देखिँदैन । संघीय संरचनामा मुलुक प्रवेश गरेको आठ वर्ष बितिसक्दा पनि मुलुकी प्रशासनलाई ०४९ सालको केन्द्रीकृत कानुनबाट सञ्चालन गर्न खोज्नु कुनै पनि कोणबाट उपयुक्त देखिँदैन । कानुनविहीनताको स्थिति अन्त्य गर्नैपर्छ । यसका लागि कर्मचारीका तर्फबाट प्रस्तुत सुझाव र माग समेटेर तत्काल संघीय निजामती सेवा ऐन, जारी गरी मुलुकलाई निकास दिने कार्यमा अब थप ढिलाइ गरिनुहुँदैन ।

(चौलागाईं निजामती सेवामा कार्यरत छन्)

भारतमा आगामी निर्वाचन : मोदी भर्सेस २८ दल

भारतका विपक्षी दलले सन् २०२४ को राष्ट्रिय निर्वाचनमा प्रधानमन्त्री नरेन्द्र मोदीविरुद्ध संयुक्त रूपमा लड्ने निर्णय गरेका छन् । सत्तारुढ हिन्दू राष्ट्रवादी भारतीय जनता पार्टी (भाजपा)को लगातार तेस्रो जितलाई रोक्ने उद्देश्यले भारतका दुई दर्जनभन्दा बढी विपक्षी दलले प्रधानमन्त्री मोदीविरुद्ध सन् २०२४ को चुनावमा संयुक्त रूपमा लड्ने निर्णय गरेका हुन् ।

मोदीको पार्टीलाई फाइदा पुग्ने गरी विपक्षी पार्टीहरूको मत बाँडिनबाट रोक्न विभिन्न राज्यमा सिट बाँडफाँडका लागि काम गर्ने इन्डियन नेसनल डेभलपमेन्टल इन्क्लुसिभ अलायन्स (इन्डिया) भनिने यो २८ दलीय गठबन्धनले घोषणा गरेको छ ।

'हामी गठबन्धन 'इन्डियामा' आबद्ध दलहरू सम्भव भएसम्म आगामी लोकसभा निर्वाचनमा मिलेर लड्ने संकल्प गर्छौं,' गठबन्धनले भनेको छ । विभिन्न राज्यमा सिट बाँडफाँडको काम तुरुन्तै सुरु गरिने र चाँडोभन्दा चाँडो मेलमिलापको भावना स्थापित गरिने पनि गठबन्धनले जनाएको छ । भारतको राष्ट्रिय निर्वाचन आगामी मे महिनामा हुँदै छ ।

'एकजुट हुनुहोस्'

भारतीय राष्ट्रिय कंग्रेसकी नेतृ सोनिया गान्धी र अर्का नेता राहुल गान्धीले राष्ट्रिय कंग्रेसका नेता शरद पवार, आम आदमीका प्रमुख अरविन्द केजरिवाल, भारतीय कम्युनिस्ट पार्टी (मार्क्सवादी)का महासचिव सीताराम यचुरी र राष्ट्रिय जनता दलका नेता लालुप्रसाद यादवलगायत अन्य प्रमुख विपक्षी नेतासँग भारतको वित्तीय राजधानी मुम्बईमा दुई दिन बैठक गरेका थिए । उनीहरूको प्रत्येक निर्वाचन क्षेत्रमा भाजपाको उम्मेदवारविरुद्ध एउटै साझा उम्मेदवार खडा गरेर सीधा टक्कर दिने लक्ष्य रहेको छ ।

यो गठबन्धन विपक्षी दलहरूले गत जुनमा बनाएका थिए । आर्थिक प्रदर्शन, बढ्दो बेरोजगारी र मुस्लिमविरोधी भावनासहित अन्य थुप्रै घरेलु समस्यालाई उठाउँदै यो गठबन्धनले भाजपालाई चुनौती दिइरहेको छ ।

'हामी हाम्रो भनाइ फैलाउन विभिन्न स्थानको यात्रा गर्नेछौं । ती भेलाहरूले सत्तारुढ दलले हार्ने सुनिश्चित गर्नेछ । यसले मिडियाको स्वतन्त्रतालाई पनि सुनिश्चित गर्नेछ । र, हामी एकजुट हुनेछौं,' दुईदिने बैठकपछि आयोजित पत्रकार सम्मेलनमा बिहार राज्यका मुख्यमन्त्री नितिश कुमारले भने । कंग्रेस पार्टीका अध्यक्ष मल्लिकार्जुन खड्गे आम बुद्धिजीवी तथा पत्रकारसहित समाजका सबै वर्ग भाजपाको 'तानाशाही कुशासन'को अन्त्यको पक्षमा रहेको दाबी गर्छन् । 'भाजपा र राष्ट्रिय स्वयंसेवक संघ (आरएसएस)ले पछिल्लो नौ वर्षमा फैलाएको साम्प्रदायिक विष अब निर्दोष रेलयात्रु तथा विद्यालयका निर्दोष बालबालिकाविरुद्ध प्रकट हुन थालेको देखिन्छ,' सामाजिक सञ्जाल एक्समा उनी पोस्ट गर्छन् ।



राष्ट्रिय जनता दलका नेता लालुप्रसाद यादव, कंग्रेस पार्टी नेतृ सोनिया गान्धी र राष्ट्रवादी कंग्रेस पार्टी नेता शरद पावर मुम्बईमा हालै आयोजित आइएनडिआइए गठबन्धन बैठकमा (दायाँबाट क्रमशः) । **तस्बिर: एपी**

राष्ट्रिय स्वयंसेवक संघ युरोपका फासिस्ट समूहहरूकै शैलीमा सन् १९२५ मा गठन गरिएको एउटा चरम दक्षिणपन्थी हिन्दू राष्ट्रवादी संगठन हो । यसले भारतलाई हिन्दू राज्य बनाउने लक्ष्य राखेको छ । आरएसएस भाजपाको वैचारिक गुरु हो । यो संगठन मोदीलगायत आफ्ना करोडौं सदस्य रहेकोमा गर्व गर्छ ।

चुनावी निरंकुशता

भाजपाका प्रवक्ता सम्बित पात्राले विपक्षी दलहरूको बैठकको आलोचना गर्दै उनीहरूको गठबन्धन देखावटी एकता मात्रै भएको र उनीहरू सन् २०२४ को राष्ट्रिय निर्वाचनको अवधिमा आपसी झैझगडामा रुमल्लिएर सकिने दाबी गरेका छन् ।

बिहार राज्यका पूर्वमुख्यमन्त्री लालु यादव विपक्षी नेताहरू मोदी सरकार नियन्त्रित संघीय निकायहरूको छापा र अनुसन्धानको निसाना बनिरहेको गुनासो गर्छन् । मुद्दाबाट छुट्काराा पाउन वा उजुरी तामेलीमा राख्न विपक्षी दलका थुप्रै नेताहरू दलबदल गरेर भाजपा प्रवेश गरेका छन् । तर, भाजपाले भने यसमा आफ्नो संलग्नता अस्वीकार गर्दै आएको छ ।

मोदीको शासन कोभिड-१९ महामारीपछि अर्थतन्त्रको पुनरुत्थानमा सुस्ती, बेरोजगारीमा वृद्धि, अल्पसंख्यकविरुद्ध हिन्दू राष्ट्रवादीहरूको आक्रमणजस्ता एकपछि अर्को घटनाक्रमका कारण रक्षात्मक स्थितिमा पुगेको छ । रिपोर्टर्स विदाउट बोर्डर्सको विश्व प्रेस स्वतन्त्रता सूचकांकमा १८० देशको वरीयतामा यो वर्ष १५०औं स्थानबाट भारत १६१औं स्थानमा झरेपछि स्विडेनको एउटा विश्वविद्यालयले प्रेस स्वतन्त्रता खस्किँदा भारतमा निर्वाचित 'निरंकुशता' बढेको निष्कर्ष प्रस्तुत गरेको थियो । एसोसिएसन फर डेमोक्रेटिक रिफर्म्सको रिपोर्टमा राजनीतिक विश्लेषकहरूले भाजपाले आफ्ना प्रतिद्वन्द्वी दलहरूले भन्दा तीन गुणा बढी चन्दा प्राप्त गरेको र चुनावी राजनीतिमा खेलमैदान असमान रहेको कुरा औंल्याएका छन् ।

> विश्लेषकले मोदीलाई हराउने विपक्षीको प्रयास सफल हुन गाह्रो हुने बताएका छन् । उनी अहिलेसम्म भारतको सबैभन्दा लोकप्रिय नेता हुन् । भारतको २८ राज्यमध्ये १० राज्यमाथि उनको पार्टीको प्रत्यक्ष नियन्त्रण छ, अन्य चार राज्यमा अरू पार्टीको सहयोगमा गठबन्धनले सरकार चलाएको छ ।

मोदीमाथि मुस्लिमविरोधी कानुन ल्याएको र मुस्लिमविरोधी नीति लागू गरेको आरोप लागेको छ । यसमा सन् २०१९ मा भारतको एक मात्र मुस्लिमबहुल क्षेत्र कस्मिरको अर्ध-स्वायत्ततालाई अन्त्य गरेको र नागरिकतासम्बन्धी कानुनलगायत पर्छन् । उनको यो कदमलाई संयुक्त राष्ट्र मानव अधिकार कार्यालयले मुस्लिम आप्रवासीलाई नागरिकताविहीन बनाउने गरी 'आधारभूत रूपमा भेदभावपूर्ण' भनेर वर्णन गरेको छ । यद्यपि, विश्लेषक मोदीलाई हराउने विपक्षीको प्रयास सफल हुन एकदमै गाह्रो हुने बताएका छन् । उनी अहिलेसम्म भारतको सबैभन्दा लोकप्रिय नेता हुन् । भारतको २८ राज्यमध्ये १० राज्यमाथि उनको पार्टीको प्रत्यक्ष नियन्त्रण छ, अन्य चार राज्यमा अरू पार्टीको सहयोगमा गठबन्धनको सरकार चलाएको छ । संसद्को तल्लो सदनका ५४३ सिटमध्ये ५५ प्रतिशतभन्दा बढी उनकै पार्टीको छ ।

मोदी सन् २०१४ मा पहिलोपटक प्रधानमन्त्री भएका थिए भने २०१९ मा विभाजित प्रतिपक्षविरुद्ध सहज जित हासिल गरे दोस्रो कार्यकाल सुरुवात गरेका थिए । 'आइएनडिआइए गठबन्धनले जनसंख्याको ६० प्रतिशतको प्रतिनिधित्व गर्छ । यदि हामी प्रभावकारी ढंगले ऐक्यबद्ध भयौं भने भाजपाको जित असम्भव हुन्छ,' मोदीका प्रखर आलोचक राहुल गान्धीले भने ।

-अल जजिराबाट

PRIME COMMERCIAL BANK LTD.
प्राइम कमर्सियल बैंक लिमिटेड

शाखा कार्यालय : धरान, सुनसरी, फोन: ०२५-५३३०४८/४९

को

शाखा कार्यालय धरान, सुनसरीको तपसिलमा उल्लेखित ऋणीहरुको धितोमा रहेको सम्पतिको लिलाम बिक्री हुने सम्बन्धी पुनः १५ (पन्ध्र) दिने अत्यन्त जरुरी सूचना

(प्रकाशित मिति २०८०/०५/२२ गते)

तपसिलमा उल्लेखित ऋणीहरुले यस बैंकको शाखा कार्यालय धरान, सुनसरीबाट लिनु भएको ऋण कर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, साँवाको किस्ता, ब्याज र हर्जाना ब्याज रकम नतिरी नबुझाई बैंकसँग गरेको कर्जा सम्बन्धी शर्त कबुलियत उल्लंघन गर्नु भएको, बैंकले तपसिलका ऋणीहरु र व्यक्तिगत जमानतकर्ताहरु समेतलाई पटक-पटक मौखिक एवम् लिखित सूचनाहरु पठाई तरताकेता गर्दा समेत कर्जाको साँवा तथा सोमा लाग्ने ब्याज, किस्ता र हर्जाना ब्याज रकम बुझाउने तर्फ कुनै पहल नगरी बेवास्ता गरी बसेको र यस अघि सम्पूर्ण कर्जा चुक्ता गर्न यस बैंकबाट ३५ (पैंतीस) दिने सार्वजनिक सूचना तथा धितोमा रहेको सम्पतिको लिलाम बिक्री गर्ने सम्बन्धि १५ (पन्ध्र) दिने र ७ (सात) दिने अत्यन्त जरुरी सूचनाहरु विभिन्न मितिमा राष्ट्रिय दैनिक पत्रिकाहरुमा प्रकाशित गरि तरताकेता गर्दा समेत कर्जा नतिरी नबुझाई बेवास्ता गरी बसेको हुनाले कर्जा असुलीका लागि तपसिलमा उल्लेखित धितो जहाँ जे, जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको सम्पूर्ण लेना रकम असूल उपर गरि लिने भएकाले धितो लिलाम बिक्री गर्ने सम्बन्धी यो १५ (पन्ध्र) दिने सार्वजनिक सूचना पुनः प्रकाशित गरिएको छ । साथै, धितो सुरक्षणमा रहेको सम्पतिहरुको लिलाम बिक्री हुन नसकी बैंकले धितो सकार गर्नु परेमा वा लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण बक्यौता असुल उपर नभएमा असुल उपर हुन नसकेको रकमको हदसम्म कानून बमोजिम ऋणीहरु र व्यक्तिगत जमानतकर्ताहरुको घरघरानाबाट असुल उपर गर्न असुली प्रकृया अगाडि बढाईने तथा सम्बन्धीत सबैलाई कर्जा सूचना केन्द्रको कालो सूचीमा नाम समावेश गर्न पठाईने ब्यहोरासमेत यसै सूचनाद्वारा सूचित गरिन्छ ।

तपसिल

१. ऋणीको विवरण

नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा, कम्पनी ऐन, २०६३ बमोजिम मिति २०७५/०९/१२ मा दर्ता नं. २०५३८९/०७५/०७६ कायम भई दर्ता भएको सुनसरी जिल्ला, धरान उ.म.न.पा., वडा नं. १५, स्थित **इजी राइडर्स गोल्ड एण्ड सिल्भर मार्ट प्रा.लि.**

२. ऋणीको विवरण

नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा, कम्पनी ऐन, २०६३ बमोजिम मिति २०७२/११/१३ मा दर्ता नं. १४५७०७/०७२/०७३ कायम भई दर्ता भएको सुनसरी जिल्ला, धरान उ.म.न.पा., वडा नं. १५, स्थित **ईजी राइडर्स धरान ड्रिंकिङ वाटर प्रा. लि.**

३. ऋणीको विवरण

नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा कम्पनी ऐन, २०६३ बमोजिम मिति २०७२-०३-०१ मा दर्ता नं. १३६१०९/७१/०७२ कायम भई दर्ता भएको सुनसरी जिल्ला, धरान उ.म.न.पा. वडा नं. १५, स्थित **होटल इजी राइडर्स प्रा.लि.**

व्यक्तिगत जमानतकर्ताहरुको विवरण

१. भारत प्रसाद लिम्बुको नाती, चन्द्र बहादुर लिम्बुको छोरा, सुनसरी जिल्ला, धरान गा.वि.स./न.पा. वडा नं. १५, स्थित स्थायी ठेगाना भएको **लोक बहादुर लिम्बु (ना.प्र.नं. २२६५३/०५५, सुनसरी)**
२. हर्क जङ्ग लिम्बुको नाती, भारत प्रसाद लिम्बुको छोरा, तेह्रथुम जिल्ला, साबिक मोराहाङ गा.वि.स./न.पा. वडा नं. २, स्थित स्थायी ठेगाना भई (हाल धरान वडा नं. १५, सुनसरी) बस्ने **चन्द्र बहादुर लिम्बु (ना.प्र.नं. ३६, तेह्रथुम)**
३. चन्द्र बहादुर लिम्बुको बुहारी, लोक बहादुर लिम्बुको पत्नी सुनसरी जिल्ला, धरान गा.वि.स./न.पा. वडा नं.१५, स्थित स्थायी ठेगाना भएको **प्रविना लिम्बु राई (ना.प्र.नं. १६३४८/०५८/५९, सुनसरी)**
४. भारत प्रसाद लिम्बुको नाती, चन्द्र बहादुर लिम्बुको छोरा, सुनसरी जिल्ला, धरान गा.वि.स./न.पा. वडा नं.१५, स्थित स्थायी ठेगाना भएको **महेन्द्र लिम्बु (ना.प्र.नं. २३४३५/०६०/६१, सुनसरी)**
५. चन्द्र बहादुर लिम्बुको नाती, लोक बहादुर लिम्बुको छोरा, सुनसरी जिल्ला, धरान गा.वि.स./न.पा. वडा नं.१५, स्थित स्थायी ठेगाना भएको **नियल खापुङहाङ लिम्बु (ना.प्र.नं. ०६-०२-७४-०४४१४, सुनसरी)**

ऋणीको विवरण नं. १, २ र ३ को लागि व्यक्तिगत जमानतकर्ताहरु एकै भएको ।

४. ऋणीको विवरण

भारत प्रसाद लिम्बु/हर्क जङ्ग लिम्बुको नाती, चन्द्र बहादुर लिम्बु/भारत प्रसाद लिम्बुको छोरा, सुनसरी/तेह्रथुम जिल्ला, धरान गा.वि.स./न.पा. वडा नं. १५/साबिक मोराहाङ गा.वि.स./न.पा. वडा नं. २, स्थित स्थायी ठेगाना भएको **लोक बहादुर लिम्बु/ चन्द्र बहादुर लिम्बु (ना.प्र.नं. २२६५३/०५५, सुनसरी/ ना.प्र.नं. ३६, तेह्रथुम)**

व्यक्तिगत जमानतकर्ताहरुको विवरण

१. चन्द्र बहादुर लिम्बुको बुहारी, लोक बहादुर लिम्बुको पत्नी सुनसरी जिल्ला, धरान गा.वि.स./न.पा. वडा नं.१५, स्थित स्थायी ठेगाना भएको **प्रविना लिम्बु राई (ना.प्र.नं. १६३४८/०५८/५९, सुनसरी)**
२. भारत प्रसाद लिम्बुको नाती, चन्द्र बहादुर लिम्बुको छोरा, सुनसरी जिल्ला, धरान गा.वि.स./न.पा. वडा नं.१५, स्थित स्थायी ठेगाना भएको **महेन्द्र लिम्बु (ना.प्र.नं. २३४३५/०६०/६१, सुनसरी)**
३. चन्द्र बहादुर लिम्बुको नाती, लोक बहादुर लिम्बुको छोरा, सुनसरी जिल्ला, धरान गा.वि.स./न.पा. वडा नं.१५, स्थित स्थायी ठेगाना भएको **नियल खापुङहाङ लिम्बु (ना.प्र.नं. ०६-०२-७४-०४४१४, सुनसरी)**

५. ऋणीको विवरण

नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग कार्यालय, इटहरी, सुनसरीमा प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम मिति २०६७/०४/२४ मा प्रा.फ.र.नं. १०८६/०६७/०६८ कायम भई दर्ता भएको सुनसरी जिल्ला, धरान उ.म.न.पा. वडा नं. १५, भानुमार्ग स्थित **ईजि राइडर्स गोल्ड सप**
प्रोप्राइटर : लोक बहादुर लिम्बु

व्यक्तिगत जमानतकर्ताहरुको विवरण

१. भारत प्रसाद लिम्बुको नाती, चन्द्र बहादुर लिम्बुको छोरा, सुनसरी जिल्ला, धरान गा.वि.स./न.पा. वडा नं.१५, स्थित स्थायी ठेगाना भएको **लोक बहादुर लिम्बु (ना.प्र.नं. २२६५३/०५५, सुनसरी)**
२. हर्क जङ्ग लिम्बुको नाती, भारत प्रसाद लिम्बुको छोरा, तेह्रथुम जिल्ला, साबिक मोराहाङ गा.वि.स./न.पा. वडा नं. २, स्थित स्थायी ठेगाना भई (हाल धरान वडा नं. १५, सुनसरी) बस्ने **चन्द्र बहादुर लिम्बु (ना.प्र.नं. ३६, तेह्रथुम)**
३. चन्द्र बहादुर लिम्बुको बुहारी, लोक बहादुर लिम्बुको पत्नी सुनसरी जिल्ला, धरान गा.वि.स./न.पा. वडा नं.१५, स्थित स्थायी ठेगाना भएको **प्रविना लिम्बु राई (ना.प्र.नं. १६३४८/०५८/५९, सुनसरी)**
४. भारत प्रसाद लिम्बुको नाती, चन्द्र बहादुर लिम्बुको छोरा, सुनसरी जिल्ला, धरान गा.वि.स./न.पा. वडा नं.१५, स्थित स्थायी ठेगाना भएको **महेन्द्र लिम्बु (ना.प्र.नं. २३४३५/०६०/६१, सुनसरी)**
५. चन्द्र बहादुर लिम्बुको नाती, लोक बहादुर लिम्बुको छोरा, सुनसरी जिल्ला, धरान गा.वि.स./न.पा. वडा नं.१५, स्थित स्थायी ठेगाना भएको **नियल खापुङहाङ लिम्बु (ना.प्र.नं. ०६-०२-७४-०४४१४, सुनसरी)**
६. चन्द्र बहादुर लिम्बुको नातीनी, लोक बहादुर लिम्बुको छोरी, सुनसरी जिल्ला, धरान गा.वि.स./न.पा. वडा नं.१५, स्थित स्थायी ठेगाना भएको **नेहा खापुङहाङ लिम्बु (ना.प्र.नं. ०६-०२-७१-०१४४९, सुनसरी)**

६. ऋणीको विवरण

भारत प्रसाद लिम्बुको नाती, चन्द्र बहादुर लिम्बुको छोरा, सुनसरी जिल्ला, धरान गा.वि.स./न.पा. वडा नं.१५, स्थित स्थायी ठेगाना भएको **लोक बहादुर लिम्बु (ना.प्र.नं. २२६५३/०५५, सुनसरी)**

व्यक्तिगत जमानतकर्ताहरुको विवरण

१. हर्क जङ्ग लिम्बुको नाती, भारत प्रसाद लिम्बुको छोरा, तेह्रथुम जिल्ला, साबिक मोराहाङ गा.वि.स./न.पा. वडा नं. २, स्थित स्थायी ठेगाना भई (हाल धरान वडा नं. १५, सुनसरी) बस्ने **चन्द्र बहादुर लिम्बु (ना.प्र.नं. ३६, तेह्रथुम)**
२. चन्द्र बहादुर लिम्बुको बुहारी, लोक बहादुर लिम्बुको पत्नी सुनसरी जिल्ला, धरान गा.वि.स./न.पा. वडा नं.१५, स्थित स्थायी ठेगाना भएको **प्रविना लिम्बु राई (ना.प्र.नं. १६३४८/०५८/५९, सुनसरी)**

धितोमा रहेको सम्पतिको विवरण

तपसिलमा उल्लेखित जग्गाधनीहरुको तपसिलका मालपोत कार्यालयहरुको लगतमा दर्ता श्रेस्ता कायम रहेको तपसिलमा उल्लेखित घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिज लगापात समेत ।

तपसिल

क्र.सं.	मालपोत कार्यालय	जग्गाधनी	जिल्ला	गा.वि.स./ न.पा.	वडा नं./ सिट नं.	कित्ता नं.	क्षेत्रफल (विघा)	कैफियत
१.	बेलबारी, मोरङ	महेन्द्र लिम्बु	मोरङ	बयरबन	९ (अ)	११९२०	०-३-९-१	घर/जग्गा
२.	धरान, सुनसरी	चन्द्र बहादुर लिम्बु	सुनसरी	बाक्ग्रारा	१ (क)	७६१२	०-०-१६.५-०	घर/जग्गा
३.				धरान	११ (घ)	५५५	०-२-१३-०	घर/जग्गा
४.				बाक्ग्रारा	१ (क)	१०४०	०-१-५-०	घर/जग्गा
५.	बेलबारी, मोरङ	चन्द्र बहादुर लिम्बु	मोरङ	बयरबन	९ (अ)	११८८	०-१-१७.७५-०	घर/जग्गा
६.	बेलबारी, मोरङ	लोक बहादुर लिम्बु	मोरङ	बयरबन	९ (अ)	११८९	०-१-१७-०	घर/जग्गा
७.	इनरुवा, सुनसरी	प्रविना लिम्बु राई	सुनसरी	इटहरी	३ (क)	४२२	०-१०-०-०	घर/जग्गा
८.	इनरुवा, सुनसरी	लोक बहादुर लिम्बु	सुनसरी	इटहरी	९ (घ)	७२०	०-५-१३-०	घर/जग्गा
९.	धरान, सुनसरी	होटल इजी राइडर्स प्रा.लि.	सुनसरी	बाक्ग्रारा	९ (क)	१६८७	०-०-१८-०	घर र जग्गा
१०.						१७०३	०-०-२-०	घर र जग्गा
११.						२१५४	०-०-८-०	जग्गा
१२.	धरान, सुनसरी	चन्द्र बहादुर लिम्बु	सुनसरी	बाक्ग्रारा	१ (क)	९५६९	०-०-४-०	घर/जग्गा
१३.						१२६४१	०-४-१५-०	घर/जग्गा
१४.						९५०६	०-२-०-२	घर/जग्गा
१५.						९५७१	०-२-१५-०	घर/जग्गा
१६.	इनरुवा, सुनसरी	चन्द्र बहादुर लिम्बु	सुनसरी	इटहरी	९ (घ)	५६	०-५-०-०	जग्गा
१७.					९ (घ)	७२३	०-५-१३.५-०	जग्गा
१८.					९ (ख)	४०	१-१३-५-०	जग्गा
१९.						९४	०-१२-१५-०	जग्गा
२०.	इनरुवा, सुनसरी	महेन्द्र लिम्बु	सुनसरी	इटहरी	९ (घ)	७२२	०-५-१३-०	जग्गा
२१.	धरान, सुनसरी	के.के लाइभ स्टक एण्ड एग्रीकल्चर रिसर्च सेन्टर प्रा.लि.	सुनसरी	घोपा	९ (छ)	४०	०-१४-०.५-०	घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिजालगापात समेत ।
२२.						५८	०-२-१२.७५-०	
२३.						१२३	०-१०-७.५-०	
२४.						५९	०-२-१२.७५-०	
२५.						१२५	०-१०-७.५-०	
२६.						५७	०-११-१६.७५-०	
२८.						६२	०-१३-१०-०	
२९.						४१	०-१६-१.५-०	
३०.						५६	०-११-१४.७५-०	
						६३	०-१३-१०-०	

नोट: उल्लेखित सम्पूर्ण ऋणीहरुको धितोमा रहेको सम्पतिको विवरण एकै भएको ।

धितो लिलामी बिक्रीका शर्तहरु :

१. बोलपत्र आवेदन फारम मिति २०८०/०५/२२ गते शुक्रवारदेखि यस बैंकको केन्द्रीय कार्यालय, कर्जा असुली विभाग, कमलपोखरी, काठमाण्डौ तथा शाखा कार्यालय धरान, सुनसरीबाट प्राप्त गर्न सकिनेछ ।
२. खुद्टाखुद्टै धितोको लागि खुद्टाखुद्टै आवेदन पनि दिन सकिनेछ ।
३. बोलपत्रदाताले बोलपत्र आवेदनपत्रसाथ धरौटी स्वरुप आफूले खरिद गर्न चाहेको सम्पूर्ण रकमको कम्तीमा १० (दश) प्रतिशतले हुने रकम यस बैंकको **Inter Department A/C LRD** (००१-९९३१०२००००) मा नगद दाखिला गरेको सक्कल भौचर वा यस बैंकको नाममा खिचिएको बैंक, वित्तीय संस्थाको **A/C Payee Cheque** संलग्न गर्नुपर्नेछ ।
४. बोलपत्रदाता नेपाली नागरिक वा नेपालमा दर्ता भएको संगठित संस्था, फर्म कम्पनी हुनुपर्नेछ । साथै बोलपत्रदाता प्राकृतिक व्यक्ति भएमा पासपोर्ट साईजको फोटो, नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, संगठित संस्था/कम्पनी/फर्म भएमा अस्तित्वारनामा, सञ्चालक समितिको निर्णय, दर्ता प्रमाणपत्रको प्रतिलिपि, स्थायी लेखा नम्बर **(PAN)** प्रमाणपत्रको प्रतिलिपि आवेदनसाथ पेश गर्नु पर्नेछ ।
५. शिलबन्दी बोलपत्र मिति २०८०/०६/०५ गते शुक्रवार कार्यालय समय भित्र यस बैंकको शाखा कार्यालय धरान, सुनसरीमा दर्ता भईसक्नु पर्नेछ । म्याद नाघि आएका वा रीत नपुगेका वा शर्त राखि दिएका आवेदनहरु उपर कारवाही गरिने छैन ।
६. शिलबन्दी बोलपत्र मिति २०८०/०६/०६ गते शनिवार सार्वजनिक विदा परेकोले मिति २०८०/०६/०७ गते आइतवार दिउँसो ४:०० बजे यस बैंकको शाखा कार्यालय धरान, सुनसरीमा बोलपत्रदाता वा निजले लिखितरुपमा नियुक्त गरेको प्रतिनिधिहरु तथा अन्य पदाधिकारीहरुको रोहवरमा खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको अनुपस्थितिले बोलपत्र खोल्न बाधा पर्ने छैन । साथै बोलपत्र खोलिने दिन आकस्मिक सार्वजनिक बिदा परेमा बिदापछि लगतै कार्यालय खुलेको दिनमा बोलपत्र खोलिनेछ ।
७. बोलपत्र प्रस्ताव स्वीकृत भएमा बाँकी रकम प्रस्ताव स्वीकृत भएको जानकारी दिएको मितिले ७ (सात) दिन भित्र यस बैंकमा नगद दाखिला गरी धितोमा रहेको सम्पति आफ्नो नाममा नामसारी दाखिल खारेज गराई लिनु पर्नेछ । सम्पति नामसारी गर्न लाग्ने सम्पूर्ण शुल्क एवं नामसारी दाखिल खारेज गर्न लाग्ने सम्पूर्ण राजश्व तथा अन्य खर्च सकार गरिलिने स्वयंले ब्यहोर्नु पर्नेछ ।
८. तोकिएको समय भित्र बाँकी रकम दाखिला नभए वा गर्न नसकेमा धरौटी रकम स्वत: जफत हुनेछ । बोलपत्र स्वीकृत नभएमा प्रस्तावकहरुलाई बोलपत्र सम्बन्धी निर्णय भए पश्चात मात्र यस बैंकको शाखा कार्यालय धरान, सुनसरीबाट भुक्तानी गरिनेछ । साथै सो रकममा कुनै ब्याज प्रदान गरिने छैन ।
९. सम्पति बिक्री गर्ने वा नगर्ने वा बोलपत्रको अंकमा सम्पति बिक्री गर्ने वा नगर्ने वा खुद्टाखुद्टै बिक्री गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस बैंकमा निहित रहनेछ । बोलपत्र फारममा उल्लेखित अन्य शर्तहरु लागू हुनेछन् ।
१०. यस सम्बन्धमा अन्य केही कुरा बुझ्नु पर्ने भएमा यस बैंकको केन्द्रीय कार्यालय, कर्जा असुली विभाग, कमलपोखरी, काठमाण्डौ तथा शाखा कार्यालय धरान, सुनसरीमा सम्पर्क राखी बुझ्न सकिनेछ ।

लोपोन्मुख रैथाने बाली जोगाउन खाद्य बैंक

जलवायु परिवर्तनले नेपालमा समेत देखिएको खाद्यसंकट समाधान गर्न र लोपोन्मुख रैथाने बालीको संरक्षण गर्न खाद्य बैंकको अवधारणा



अर्थ संवाद

● शंकरनाथ उप्रेती

राष्ट्रिय खाद्य बैंक खानेकुराहरूको बैंक हो । जसरी ब्लड बैंकले ब्लडसँग सम्बन्धित काम गर्छन्, वाणिज्य बैंकहरूले अर्थसँगले जोडिएका काम गर्छन्, त्यसैगरी खाद्य बैंकले पनि खानेकुराको संकलन र लोपोन्मुख रैथाने बालीको भण्डारण गर्ने काम गर्छ । पछिल्लो समय बढ्दो खाद्यसंकट, जलवायु परिवर्तनले विश्व जगत्मै खाद्यान्नको संकटका उभार देखिन थालेका छन् । यस्तो वेला हामीले नेपालमा पनि हुन सक्ने खाद्यसंकटलाई समाधान गर्न र लोपोन्मुख रैथाने बालीको संरक्षण र प्रवर्द्धन गर्नका लागि यस बैंकको अवधारणा ल्याएका हौं ।

खाद्य बैंकले कृषि क्षेत्रका विभिन्न आयाम, अवसर र चुनौतीलाई नजिकबाट नियालेको छ । हाम्रो मुख्य काम भनेको हराउँदै गएको रैथाने बालीलाई पुनर्जागृति गर्ने र किसानले उत्पादन गरेको वस्तुलाई ब्रान्डिङ गरी बजारीकरण गर्नु हो । खाद्य बैंक लामो रेसको घोडा हो, किसानको हक र अधिकारलाई सुनिश्चित गरी खाद्यसंकटको सारथी बन्ने बैंकको रूपमा अघि बढेको संस्था हो । तीन वर्ष लाग्दैगर्दा यति छोटो समयमा धेरै काम गर्न हामी सफल भएका छौं । हामीसँग जोडिएका साथीहरू इजरायल, कोरिया, चाइना, नेदरल्यान्डजस्ता कृषिमा आधुनिकीकरणमा अघि बढेका देशमा पढेर र सिकेर आएका विज्ञ छन् । यहाँको वातावरण र माटोलाई बुझेका, लामो समय कृषिमा अनुसन्धान गर्दै आइरहेका तथा कृषि प्राध्यापक पनि खाद्य बैंकमा आबद्ध छन् । त्यसैले पनि यस खाद्य बैंक कमजोर धरातलबाट बनेको छैन, यो काठमाडौंको एउटा कुनामा मात्र सीमित छैन भन्ने कुरा प्रस्ट छ । कृषिभित्र असाध्य धेरै सम्भावना छन् र ती सम्भावनालाई चिर्न चुनौती पनि त्यतिकै छन् । कृषि क्षेत्रमा कुनै एउटा पक्ष मात्र समेटिँदैन, किसान, वातावरण, उत्पादन, बजार, सरकारसँग जोडिने अनेक नीति नियमलगायत विषय यसमा समेटिन्छन् ।

नेपालमा बजारीकरण आयातित खाद्यवस्तुमा देखिएको परनिर्भरताले जकडिएको छ । आयातित खाद्यान्नलाई प्रतिस्थापन गर्न बजारीकरणको प्रवर्द्धन र किसानले पाउनुपर्ने मूल्यका लागि खाद्य बैंक फराकिलो सोचसहित आएको हो । हाम्रा रैथाने बिउबिजन र बाली समाप्त हुँदै गएका छन् । त्यसलाई हामीले संरक्षण गर्न सकिरहेका छैनौं । अब पनि संरक्षण नगर्ने हो भने हाम्रा छोरा-नातिको पुस्तालाई त्यस्ता रैथाने बाली दन्त्यकथा बन्दै छ । बढ्दो सहरीकरणले पैतृक सम्पत्तिलाई बिस्तारै नष्ट गरिरहेका छौं । त्यसलाई जोगाउनु आजको आवश्यकता हो । रैथाने बिउबिजन जोगाई उत्पादन उपभोग बढाउन अभियानकै रूपमा जानुपर्ने अवस्था आएको छ ।

हाइब्रिडको पछि लागदा रैथाने लोपोन्मुख : अहिले पनि रैथाने बिउबिजनले उत्पादन कम दिन्छ र हाइब्रिडले उत्पादन बढी दिन्छ भन्ने मानसिकताबाट गुज्रिरहेका छौं । परिमाणको दृष्टिकोणले पक्कै पनि रैथानेभन्दा हाइब्रिड धेरै हो । तर, पोषण दीर्घकालीन सोचले हेर्ने भने रैथानेको विकल्प देखिँदैन । उत्पादनको दृष्टिकोणले उपभोक्ताको स्वस्थकर खानेकुरा भनेको रैथाने नै हो ।

रैथाने बालीको आफ्नै विशेषता छ । हिजो परम्परागत रूपमा रहेको र बाजे, पुर्खा पुस्ताले सुरु गर्दै अहिलेसम्म यहाँसम्म ल्याएको बालीको संरक्षण गर्नु पनि पहिलो दायित्व बनेको छ । यस कारण हाम्रो अभियानमा पुराना रैथाने बिउहरूको संकलन र अध्ययन गर्ने काम जारी छ । हाम्रो अनुसन्धान टिमले अध्ययन गरेका त्यस्ता रैथाने बिउ किसानलाई उपलब्ध गराउँछ र किसानले त्यो बिउबाट उत्पादन गरेको वस्तु खाद्य बैंकले किनेर सुरक्षित भण्डारण गर्छ । अर्को विषय, सुरक्षित भण्डारण पनि खाद्य पोषणका लागि अति आवश्यक कुरा हो । आलीदेखि थालीसम्म गुणस्तरीय ढंगले लैजानुपर्छ भन्ने मान्यतालाई ध्यानमा राख्दै हामीले संरक्षण गरेका छौं ।

रैथाने बिउबिजन खोज्नु भनेको अहिलेको अवस्थामा चुनौतीपूर्ण रहेछ । हामीले उपलब्ध बिउबिजनको खोजी जारी राखेका छौं । हावापानीअनुसार किसानलाई उपलब्ध गराएर व्यापक रूपमा आमकिसानमा पुग्ने रणनीति छ । हामी खाद्यान्न बालीसँगै तरकारी बाली र फलफूल बालीमा पनि उत्तिकै केन्द्रित छौं । अघिल्लो वर्ष मात्रै पनि ६ खर्ब रुपैयाँबराबरको कृषिजन्य उपज बाहिर निस्किएको सरकारी तथ्यांक छ । अझ त्यसमा खुला बोर्डरबाट आउने लेखाजोखा नै छैन । त्यसैले किसानले उत्पादन गरेका खाद्यान्नलाई जोर्डौं र बिस्तारै कृषिलाई आत्मनिर्भर बनाउँदै लैजानुका साथै राष्ट्रिय खाद्य बैंक स्थानीय निकाय, त्यहाँ उत्पादनमा लाग्ने किसान, कृषि सहकारी, किसान समूहसँग मिलेर उत्पादन गर्ने र मूल्यसहित निर्धारण गरेर अघि बढेका छौं ।

स्वदेश तथा विदेशबाट आउने पर्यटनलाई अध्ययनसमेत गर्न मिल्ने गरी एउटा टिम बनाएका छौं । त्यो टिमले गरेको काम र प्रगतिको प्रतिवेदन तयारी अवस्थामा छ । त्यसमा अध्ययन गरेर अघि बढ्ने योजना पनि हाम्रो छ ।

पछिल्लो समय हाम्रो ध्यान बालकदेखि ज्येष्ठ नागरिकसम्मलाई हुने पोषिलो खानेकुरा कसरी खान/खुवाउन सकिन्छ भन्ने योजना बनाई त्यसमा लाग्ने प्रयासमा छ । फाइबरयुक्त खानेकुरा, फापर, जौ, गहुँलगायत प्रतिरोधात्मक क्षमता भएको मकै, तितेफापर, कोदो, सिस्नुजस्ता खाने कुरालाई पुनर्जागरण गर्न र दैनिक भान्सामा प्रयोग गर्ने रणनीति पनि हाम्रो छ । अहिले हामीले बिस्तारै लोप भएका रैथाने खाद्यान्नलाई संरक्षण गर्दै एउटा मार्ट खोलेर काठमाडौं उपत्यकाभरि निःशुल्क होम डेलिभरीमार्फत उपभोक्तासम्म पुऱ्याउने काम गरेका छौं ।

त्यस्तै, आगामी दिनमा खाद्य बैंकमार्फत प्रांगारिक खेतीअन्तर्गत उत्पादन गरिएका चामल, रासायनिक विषादीमुक्त तरकारी, फलफूलजस्ता खानेकुरा उत्पादन गर्दै छौं । यसमा प्राविधिकको रेखदेखमा अन्नबालीअन्तर्गतका विभिन्न जातका धान पनि फलाउने विचारमा छौं ।

रैथाने बालीको संरक्षणले हाम्रो कृषिको कुल गार्हस्थ्य उत्पादनमा योगदान बढाउन सक्छ । त्यसका लागि छरिएर रहेका अधिकांश बाँझो जमिनलाई खेतीयोग्य जमिनमा रूपान्तरण गर्नुपर्छ । पछिल्लो नेपाल सरकारको तथ्यांकले कुल खेतीयोग्य जमिनको २१ प्रतिशत जमिनमा मात्र खेती गर्ने तथ्यांक छ । यसलाई अझै बढाएर लैजानुपर्ने र पहाडी सरकारीमातहतमा रहेको जंगलको हिस्सा अहिले ५२ प्रतिशतभन्दा बढी पुगेको छ । धेरै जग्गा बाँझो बसी रुखबिरुवा उम्रिएका छन् । त्यस्तो अवस्थामा जुन ठाउँमा जे फल्छ, त्यही फल्ने गरी बाली लगाउनुपर्ने आजको आवश्यकता बनेको छ ।



> रैथाने बिउबिजनले कम र हाइब्रिडले उत्पादन बढी दिन्छ भन्ने मानसिकताबाट गुज्रिरहेका छौं । परिमाणको दृष्टिकोणले रैथानेभन्दा हाइब्रिड धेरै हो, तर पोषणको दीर्घकालीन दृष्टिकोणबाट रैथानेको विकल्प देखिँदैन ।

भेगमा जंगली जनावरले पुऱ्याएको क्षतिलाई न्यूनीकरण गर्दै जनावरलक्षित बालीनालीमा जोड दिनुपर्ने आजको आवश्यकता छ ।

खाद्य बैंकको रणनीति : हामीले खाद्य बैंकलाई अझै विकास विस्तार गर्नका लागि बाह्य र आन्तरिक स्रोत जुटाउनुपर्ने आवश्यकता छ । यसका लागि योजना पनि बनाइरहेका छौं । किसानले उत्पादन गरेका वस्तु खाद्य बैंकले खरिद गरेर किसानलाई पनि धनी बनाउने यसको रणनीति छ ।

खाद्य बैंकमा हाल डेढ लाखभन्दा बढी किसान जोडिएका छन् । किसानले उत्पादन गरेको वस्तु खेर जाँदैन । किसानलाई फाइदा हुने गरी किनेर त्यो उत्पादनलाई बजारसम्म लैजाने काम हामी गर्छौं । यसकै लागि दुई अर्ब रुपैयाँको पुँजी लगानीमा विस्तार गरेका खाद्य बैंक कम्पनी कृषि मन्त्रालयअन्तर्गत रहेर काम गरेका छौं ।

अर्को कुरा, अब छिट्टै सर्वसाधारणलाई पनि सेयर जारी गर्ने गरी तयारीमा जुटेका छौं । हामीसँग भएको दुई अर्ब रुपैयाँ पुँजीमध्ये एक सय ४० करोड रुपैयाँ प्रमोट सेयरमा लगानी गर्ने, ६० करोड रुपैयाँ आइपिओमा जारी गर्ने गरी आगामी ०८२ भित्र प्राथमिक सेयर निष्कासन गर्ने योजना छ ।

खाद्य बैंकले तीन वर्षसम्मको यात्रा गर्दा सकारात्मक रूपमै अघि बढेको छ । नेपाल सरकारदेखि किसानले पनि यसलाई साथ दिएका छन् । नौ सयभन्दा बढी सेयर सदस्य यसमा आबद्ध छन् भने पाँच सय परिवारलाई खाद्य बैंकबाट रोजगारी सिर्जनासमेत भएको छ ।

यसरी काम गरिरहँदा कानुनी समस्या पनि उत्तिकै छन् । जग्गा भाडामा लिएबापत किसानलाई एक वर्षको ३५ हजार रुपैयाँ तिर्नुपर्छ । त्यहाँको स्थानीय तह सरकारमा १३ प्रतिशत कर बुझाउनुपर्ने, कम्पनीको अडिट हुने वेलामा कर कार्यालयमा फेरि १० प्रतिशत बुझाउनुपर्ने र कमाएर नाफबाट लाभांश बाँड्दा त्यसबापत २५ प्रतिशत कर बुझाउँदा ४८ प्रतिशत कर तिर्नुपर्ने अवस्था छ । यसले पनि खेतीमा कम आकर्षण हो कि भन्ने लागेको छ । यो विषयलाई सरकारले चाह्यो भने सजिलै मिलाउन सक्छ ।

झन्डै तीन दशकअघिका कृषिजन्य ऐनले अहिलेको हाम्रो कृषि प्रणाली चलिरहेको छ । ऐनलाई समयसापेक्ष बनाउनुपर्ने र कृषिसँग जोडिएका विभिन्न कानुन अहिलेको टड्कारो आवश्यकता हो ।

(उप्रेती खाद्य बैंकका कार्यकारी अध्यक्ष हुन्)

किन निरुत्साहन गरिँदै छ घरजग्गा कारोबारलाई ?

राष्ट्र बैंकसहित वित्तीय संस्थाहरूले घरजग्गा कारोबार र यस क्षेत्रको लगानीलाई निरुत्साहित गरिरहेका छन्



● कमल मैनाली

जग्गाको कित्ताकाट खोल्ने सरकारको निर्णय स्वागतयोग्य छ । सरकारको यो निर्णयले आमनागरिक र घरजग्गा व्यवसायीलाई बिक्रीवितरण गर्न सहज बनाएको छ । मानिसको सम्पत्ति भनेकै घरजग्गा हो । यसमा गरिएको लगानी सुरक्षित मानिन्छ । छोराछोरीको भविष्यका लागि भनेर पनि जग्गा खरिद गर्ने चलन पुरानै हो ।

आर्थिक मन्दीका कारण : घरजग्गा कारोबार रोकिनु अर्थतन्त्र धराशायी बन्नुका धेरै कारणमध्ये एक हो । तीनै तहका सरकारले राजस्वको स्रोत गुमाएका छन् । केही वर्षअघि राजस्व संकलनको प्रमुख हिस्सा घरजग्गा खरिदबिक्रीबाट संकलन हुने राजस्व पनि थियो । घरजग्गा व्यवसायमा कित्ताकाट रोक्नुबाहेक अन्य सरकारी नीति पनि आर्थिक मन्दीका कारण हुन् ।

बैंक तथा वित्तीय क्षेत्रले मुद्दतीमा उच्च ब्याज दिएका छन् । जसका कारण आममानिस बैंकको ब्याजतिर आकर्षित भए । पुँजी बैंकमा मात्र थुप्रिएपछि तरलताको अवस्था देखियो । साथै, उत्पादनशील काममा पुँजी लगानी पनि भएन । भारी मात्रामा ब्याज आउने भएपछि मानिसको रुचि दैनिक उपभोग्य सामान र औषधिमा भन्दा अरू सामान खरिदमा भएन । भएको रकम बैंकमा राख्ने, ब्याज खाने भन्ने मानसिकता सुरु भयो र अन्य सामान खरिदबिक्री ठप्प भयो ।

उदाहरणका लागि एक करोड फिक्स्ड डिपोजिटमा राख्दा महिनाको एक लाख ब्याज आउँछ । सो रकमले एउटा परिवारको खर्च आनन्दसँग चल्छ । अनि किन आयमूलक काम गर्ने, किन व्यापार-व्यवसाय गर्ने भन्ने मानसिकता सुरु भयो । र, सवारीसाधन, चलअचल सम्पत्ति, जग्गाजमिन खरिदतिर ध्यान गएन, बजार स्थिर भयो ।

अन्य देशमा बैंकमा पैसा डिपोजिट गरेबापत सरकारलाई कर तिर्नुपर्छ । हाम्रो देशमा उल्टो छ । अब बैंकले दिइरहेको ब्याज पहिलेझैं ४ देखि ५ प्रतिशतमा झर्ने हो भने यो सबै समस्याको समाधान हुन्छ ।

उद्योगी-व्यवसायीले १० प्रतिशतभन्दा कममा लिएको व्यावसायिक लोनको ब्याज एकाएक मिटरब्याजझैं १५ प्रतिशतभन्दा माथि पुऱ्याउने काम भयो । व्यवसायबाट भएको आम्दानीले ब्याज तिर्न पनि सम्भव भएन । कर्जाको माग ठप्प भयो, व्यवसायीहरू सटर बन्द गरी पलायन हुन लागे । यसलाई लयमा फर्काउन बैंकको ब्याज १० प्रतिशतभन्दा तल हुनुपर्छ । अनि मात्र व्यापार व्यवसाय फस्टाउँछ ।

अर्को कारण हो, घरजग्गा कारोबारमा छाएको मन्दी । घरजग्गा कारोबार यस्तो कारोबार हो जसबाट नेपालमा रहेको पुँजी नेपालमा नै रहन्छ । पुँजी बिदेसिने व्यवसायलाई प्रोत्साहित गर्ने, तर लगानी देशमा रहने व्यवसायलाई पाखा लगाउने गलत नीतिका कारण समस्या देखिएको हो । यो कारोबार व्यवसाय प्रत्यक्ष-अप्रत्यक्ष रूपमा अन्य विभिन्न खालको व्यवसायसँग जोडिएको छ । यसमा आएको मन्दीले अन्य व्यापार व्यवसायलाई समेत प्रत्यक्ष असर गरेको छ । उदाहरणका लागि निर्माण सामग्री व्यवसाय । यदि घरजग्गा व्यवसायलाई चलायमान बनाउने हो भने सहज खालको नीति नियम बनाई अघि बढ्न जरुरी छ ।

मन्दीको असर : यस क्षेत्रमा बैंकको ठूलो लगानी छ । पहिलाको नीतिअनुसार विभिन्न खालको प्लानिङ, हाउजिङ, अपार्टमेन्टमा बैंकले राम्रो फाइनान्स गरेका थिए । अहिले यो क्षेत्रमा बैंकको लगानी शून्य छ भने किनबेच पनि ठप्प छ । घरजग्गा खरिदका लागि ठूलो रकम चाहिने हुनाले बैंकबाट सहज कर्जा आवश्यक हुन्छ । तर, बैंकले ठूलो कर्जाको सुविधा दिइरहेका छैनन् । यसको प्रत्यक्ष असर कारोबारमा परेको छ । देशले ठूलो कर गुमाएको छ भने व्यवसायीहरू बैंकको सावाँ, ब्याज र किस्तासम्म बुझाउन नसक्ने अवस्थामा छन् ।

विकास निर्माणमा भूमिका : व्यवस्थित जग्गा विकास, प्लानिङ, हाउजिङ बन्नु अनि बनाउनु भनेको सहर/नगर अनि देशको समग्र विकासमा इँटा थप्ने काम हो । निजी लगानीमा कुलो, बाटो, ढल, नाला, बिजुली, खानेपानीसमेतको जग्गा विकास कार्यक्रममा घरजग्गा व्यवसायीको ठूलो योगदान छ । स्मार्ट सिटीको कुरा आइरहेको छ । यसमा पनि हामी लगानी गर्न इच्छुक छौं । सरकारले यसको जिम्मा अब निजी क्षेत्रलाई दिनुपर्छ । अनि मात्र सुन्दर सहरको परिकल्पनाले साकार रूप लिन्छ । जग्गा प्लानिङका क्रममा हामी हरेक वर्ष आफ्नो निजी लगानीमा कैयौं किलोमिटर पक्की सडक, ढल, नाला, पुल, कल्भर्ट बनाइरहेका छौं, जुन कुराले स्थानीय तहलाई सहज भएको छ । विकास निर्माणको काममा स्थानीय सरकारसँग सहकार्यजस्तै भएको छ । त्यसैले सरकारले हाम्रो संस्था अनि व्यवसायलाई विकास निर्माणको सहयात्रीका रूपमा हेर्नुपर्छ ।

अर्थतन्त्रमा योगदान : घरजग्गाको कारोबार चलायमान हुँदा मालपोत कार्यालय हेर्दौंडाले मात्र वार्षिक ६० करोडसम्म राजस्व उठाएको थियो । त्यति नै मात्रामा स्थानीय तहले कर उठाइरहेको थियो । नगरपालिकाबाट प्लटिङ स्वीकृति एक कट्ठाबराबर २५ हजार राजस्व बुझाउनुपर्छ । सिफारिस तथा अन्य दस्तुरबाट प्राप्त राजस्व बेग्लै छ । अब हिसाब गर्न जरुरी छ, एउटा जिल्लाको मालपोतबाट वार्षिक ६० करोड राजस्व जम्मा हुन्छ भने ७७ जिल्लाबाट कति राजस्व सरकारले पाइरहेको थियो ? सबै जिल्लामा एकै खालको कारोबार नभए पनि समग्रमा घरजग्गा कारोबारबाट सरकारले ५० अर्ब रकम राजस्व जम्मा गरिरहेको थियो । कारोबारमा मन्दी आएपछि स्थानीय तथा संघीय सरकारले अत्यधिक राजस्व गुमाउनुपरेको छ । अतः देशको अर्थतन्त्र बलियो बनाउन यो व्यवसायको भूमिका महत्वपूर्ण छ ।

घरजग्गामा विदेशी रकम भित्र्याउने योजना : घरजग्गा कारोबारमा देशको पुँजी देशमै रहन्छ । तर, विदेशी रकम भित्र्याउने सन्दर्भमा वैदेशिक रोजगारीमा गएका युवाले जग्गाजमिन जोडिरहेका छन् । हाम्रा मुख्य ग्राहक भनेकै विदेशबाट कमाएर पठाउने नेपाली र उनीहरूको परिवार हो । उहाँहरूको परिवार नै हो । अब भने विदेशी नागरिकले पनि घरजग्गा खरिदबिक्री गर्न पाउने नियम बनाउन जरुरी छ । यसो गर्दा प्रशस्त विदेशी मुद्रा भित्रिन्छ । बरु बिक्री गर्दा नेपालीलाई मात्र गर्न पाउने कानुन बनाउन सकिन्छ ।

स्पष्ट र स्थिर नीति : लामो समयदेखि बन्द रहेको जग्गाको कित्ताकाट खुलाएर सरकारले यो क्षेत्रमा केही लचकता देखाएको छ । यो नीति सरकार परिवर्तन भएपिच्छे परिवर्तन हुन्छ । अतः स्थिर नीति बन्न जरुरी छ । अहिले स्थानीय सरकारले स्पष्ट नीति अनि मापदण्ड बनाएको छ । त्यही आधारमा हामी चलिरहेका छौं । मुख्य कुरा, केन्द्र सरकार र राष्ट्र बैंकको स्पष्ट र स्थिर खालको नीति नियम आवश्यक छ । जसबाट यो व्यवसायमा सहजता आउँछ, कारोबार सधैं चलायमान हुन्छ ।

अन्य बैंक, वित्तीय संस्था राष्ट्र बैंकको नीति नियमअनुसार चल्छन् । राष्ट्र बैंकको नीति यो व्यवसायलाई निरुत्साहित गर्ने खालको छ । राष्ट्र बैंककै गल्ती छ, पाइहाले पनि असहज नियम छ । यसकारण घरजग्गा कारोबार चलायमान नभए अन्य व्यवसाय चलायमान हुनेवाला छैन । मेरो आग्रह छ, घरजग्गामा वित्तीय संस्थाले लगानी गर्ने वातावरण बन्नुपर्छ ।

अर्थतन्त्र शिथिल र डामाडोल हुनुको मुख्य कारणमध्ये घरजग्गाको खरिदबिक्री ठप्प हुनु पनि हो । यो व्यवसायबाट राज्यले ठूलो मात्रामा राजस्व प्राप्त गरिरहेको थियो । तर, अहिले राजस्व गुमिरहेको छ । सरकारसँग पैसा छैन । विकास निर्माणको काममा असर परेको छ । कर्मचारीलाई तलब खुवाउन सक्ने अवस्था छैन । निर्माण व्यवसायीलाई भुक्तानी गर्न सकेको छैन । अब यो समस्याको समाधान गर्न घरजग्गा व्यवसाय खरिद-बिक्रीका लागि सरकार र राष्ट्र बैंकले उत्साहित हुने खालको नीति बनाउनुपर्छ ।

कित्ताकाट र कृषियोग्य जमिन मासिने चिन्ता : नेपाल कृषिप्रधान देश हो । देशमा कृषिले पूर्ण रूपमा खाद्यान्न धान्न नसके पनि कृषिजन्य वस्तुको आयातमा कमी गर्न महत पुऱ्याएको छ । कृषिजन्य कतिपय वस्तुमा आत्मनिर्भर पनि भइसकेको अवस्था छ । यसकारण पनि कृषिलाई संरक्षण गर्नैपर्छ । अन्ततः मान्छेले खाने दाल-भात-तरकारी नै हो, जुन कुरा कृषि विकासबाट सम्भव छ । सर्वप्रथम त कृषियोग्य जमिन जोगाउन स्थानीय तहले जग्गाको वर्गीकरण छिटोभन्दा छिटो टुंग्याउन जरुरी छ । स्थानीय तहलाई सरकारले कृषियोग्य, बस्तीयोग्य, व्यावसायिक जमिनको वर्गीकरण गर्न निर्देशन दिएको वर्षौं भइसक्यो । कतिपय जिल्लामा वर्गीकरण भइसकेको छ त कति जिल्लामा भएको छैन । स्थानीय सरकारले यसको वर्गीकरण गर्न जरुरी छ र व्यापारी, व्यवसायीले पनि कृषि नै नरहे के खाने भन्ने बुझ्न जरुरी छ । पैसा नै सबै कुरा होइन, व्यापार व्यवसायको नाममा कृषियोग्य जमिन मास्नचाहिँ हुँदैन ।

सुझाव : जब व्यापारी-व्यवसायी टाट पल्टिने अवस्था आउँछ, कुनै पनि राजनीतिक दललाई यसको मतलब हुँदैन । नेता वा व्यावसायिक संगठनका नेतृत्वकर्ता कोही आवाज उठाउँदैनन् । चुनाव आउँदा त्यही व्यापारीसँग सहयोग माग्ने, कुनै कार्यक्रम गर्नुपर्दा त्यही व्यापार व्यवसायीको सहयोग चाहिने, तर व्यवसायी समस्यामा पर्दा बोलिदिने सोचिदिने कोही भएन । सबै आफ्नो निजी स्वार्थमा मस्त छन् । व्यापारी व्यवसायी रहे भने देशको अर्थतन्त्र रहने हो । यो कुरामा ध्यान दिन ढिलाइ गर्दा देशले आर्थिक क्षति व्यहोर्नुपरेको छ । आर्थिक मन्दीको प्रभाव र कारण अध्ययन अनुसन्धान गरी सरकारलाई सही सुझाव दिन ढिला भइसकेको छ । राज्यलाई ठूलो रकम कर बुझाउने घरजग्गा कारोबारमा लगाम लगाउने गलत नीतिनियमका कारण देशको अर्थतन्त्र धराशायी बनेको छ । यो तितो सत्य सरकारले बुझ्नैदिनुपर्छ । निर्यात गर्ने व्यवसायीलाई काखी च्याप्ने, तर मुलुकको अर्थतन्त्र बाहिरिन रोक्ने घरजग्गा व्यवसायीलाई पाखा लगाउने गलत नीति सरकारले परिवर्तन गर्नुपर्छ । यो घरजग्गा व्यवसायीको मात्र समस्या होइन, मुलुकको अर्थतन्त्रकै समस्या हो । यसको सुधारका लागि हामी सरकारसँग हातेमालो गर्न तयार छौं ।

(मैनाली मकवानपुर घरजग्गा व्यवसायी संघका अध्यक्ष हुन्)



> व्यावसायिक लोनको ब्याज एकाएक मिटरब्याजझैं १५ प्रतिशतभन्दा माथि पुगेपछि व्यवसायीहरू सटर बन्द गरी पलायन भए । यसलाई लयमा फर्काउन बैंकको ब्याज १० प्रतिशतभन्दा तल हुनुपर्छ ।

गलत नीतिले घरजग्गाको कारोबार ठप्प छ । राष्ट्र बैंक अनि बैंकिङ क्षेत्र यो व्यवसायमा लगानी गर्न चाहँदैनन् । एकदमै पाखा लगाउन खोजिएको छ । कुनै सहुलियत अनि सरल कर्जा सुविधा दिने नीति लिएको छैन । अन्य व्यवसायमा मूल्यांकनको ८० देखि ९० प्रतिशतसम्म लगानी गर्छन् भने यो व्यवसायमा मूल्यांकनको ४० देखि ५० प्रतिशत मात्र कर्जा सुविधा छ । एक त कर्जा पाउनै

अर्थ ज्ञान

आठ महिनामा भित्रिए ६ लाख पर्यटक

सन् २०२३ को पहिलो आठ महिनामा अघिल्लो वर्षभरिकै बराबर पर्यटक भित्रिएका छन् । जनवरीदेखि अगस्टसम्म विभिन्न देशबाट ६ लाखभन्दा बढी पर्यटक हवाईजहाज चढेर नेपाल भ्रमणमा आएका छन् । सन् २०२२ मा वर्षभरि ६ लाख १४ हजार पर्यटक नेपाल आए ।



■ कुन महिना कति पर्यटक आगमन ?

महिना	पर्यटक आगमन २०२३	पर्यटक आगमन २०२२
जनवरी	५५,०७४	१६,९७५
फेब्रुअरी	७३,२५५	१९,७६६
मार्च	९९,४२६	४२,००६
अप्रिल	९८,७७३	६१,५८९
मे	७७,७०३	५३,६०८
जुन	७२,२५०	४६,९५७
जुलाई	५७,७२६	४४,४६२
अगस्ट	६७,१५३	४१,३०४
कुल	**६,०१,३६०**	**३,२६,६६७**


सेयर बजार

२१ भदौ ०८०

नेप्से १,९३२.४५ ▼ -२८.९२ -१.४७%

कारोबार रकम १,१५,०९,२०,६०७.६

जम्मा सेयर ३७,६९,०३३



अर्थ-व्यवसायसँग सम्बन्धित कुनै पनि जिज्ञासा वा विचार भए हामीलाई इमेल गर्न सक्नुहुन्छ । प्राथमिकताका आधारमा क्रमशः प्रकाशन गर्नेछौं ।
email: arthapatrika@gmail.com

अर्थ पत्रिका
नयाँ पत्रिका
शुक्रबार २२ भदौ ०८०

खेतीयोग्य जमिन घट्यो, कृषिमा आश्रित परिवार बढे

१० वर्षमा तीन लाख सात हजार हेक्टर खेतीयोग्य क्षेत्रफल घट्यो, अब कुल जनसंख्याको ६२ प्रतिशत कृषक

भोजराज भण्डारी/नयाँ पत्रिका

पछिल्लो दश वर्षमा नेपालमा खेतीयोग्य जमिन तीन लाख सात हजार दुई सय २९ हेक्टर जग्गा घटेको छ। तथ्यांक कार्यालयले बिहीबार राष्ट्रिय कृषि गणना २०७८ को सार्वजनिक प्रतिवेदनले नेपालमा २२ लाख १८ हजार हेक्टर जमिनमा खेती हुने गरेको जनाएको छ।

४१ लाख ३० हजार सात सय ८९ परिवारले उक्त क्षेत्रफलको जमिनमा खेती गरिरहेको विभागको तथ्यांक छ। अघिल्लो कृषि गणना २०६८ अनुसार ३८ लाख ३१ हजार कृषक परिवारले २५ लाख २५ हजार हेक्टर क्षेत्रफलमा कृषि कार्य गरेका थिए।

यो दश वर्षको अवधिमा नेपालमा कृषि गर्ने परिवारको संख्या ९ प्रतिशतले घटेको हो। कृषि गणना २०७८ अनुसार नेपालमा रहेका जनसंख्याको ६२ प्रतिशत परिवार कृषक रहेका छन्। ०६८ को कृषि गणनामा कृषक परिवारको संख्या ७१ प्रतिशत रहेको थियो।

■ वर्षैभरि खान पाउने कृषकको संख्या ४५ प्रतिशत

दश वर्षमा वर्षभरि खान पुग्ने किसानको संख्या ५ प्रतिशतले बढेको छ। गणनाअनुसार आफूले उत्पादन गरेको कृषिजन्य वस्तुमा वर्षभरि खान पुग्ने कृषकको संख्या ४५ प्रतिशत पुगेको छ। अघिल्लो गणनाअनुसार वर्षभरि खान पुग्ने कृषकको संख्या ४० प्रतिशत मात्र रहेको थियो। त्यस्तै, ३९ लाख ९९ हजार परिवार खेतीपातीमा आबद्ध छन् भने एक लाख ३२ हजार परिवारले पशुपक्षी पालन गरेका छन्। ०६८ को छैटौं गणनाअनुसार ३७ लाख १६ हजार परिवार खेतीपातीमा र एक लाख १६ हजार परिवार पशु-पक्षीपालनमा आबद्ध थिए।

त्यस्तै, यो गणनाले कृषक परिवारको आम्दानीको स्रोत कृषिउपजबाट १० वर्षमा १२ दशमलव ७ प्रतिशतले घटेको देखाएको छ। २०६८ को कृषि गणनाले कृषक परिवारको आम्दानीको मुख्य स्रोत कृषिबाट ८३ दशमलव १ प्रतिशत रहेको थियो। हालको गणनाले कृषिबाट आम्दानीको स्रोत ७० दशमलव ४ प्रतिशत रहेको छ।



- १० वर्षमा सिँचाइ सुविधा लिने परिवारको संख्या ५ प्रतिशतले बढ्यो
- कृषिमा ट्र्याक्टर प्रयोग गर्नेको संख्या २२ प्रतिशतबाट ४४ प्रतिशत पुग्यो
- कृषि ऋण हुने कृषकको संख्या १० वर्षमा २२ प्रतिशतबाट १२ प्रतिशतमा झरेको छ
- जलवायु परिवर्तनबारे थाहा पाउने कृषकको संख्या ५५ प्रतिशत

■ पाका कृषक बढे, युवा घटे

यो दश वर्षमा कृषिमा आबद्ध हुने युवाभन्दा पाका कृषकको संख्या बढेको छ। यो अवधिमा ५५ देखि ६४ वर्ष समूहका मुख्य कृषक १७ दशमलव ६ प्रतिशतले बढेर १८ दशमलव ३ प्रतिशत पुगेको छ। त्यस्तै, ६५ वर्षमाथिका मुख्य कृषक ११ दशमलव ४ प्रतिशतबाट १३ दशमलव ७ प्रतिशतले बढेको छ। तर, काम गर्ने युवा अवस्थाका कृषकको संख्या भनेको घटेको छ। २५ वर्षमुनि उमेरका मुख्य कृषकको हिस्सा ०६८ को जनगणनामा ३ दशमलव १ प्रतिशत रहेकोमा ०७८ मा आइपुग्दा यो उमेर समूहको कृषकको हिस्सा २ दशमलव ६ प्रतिशतमा सीमित भएको छ। त्यस्तै, २५ देखि ३४ उमेर समूहका कृषक १६ दशमलव १ प्रतिशतबाट घटेर १४ दशमलव ९ प्रतिशतमा आइपुगेको छ। ३५ देखि ४४ उमेर समूहका कृषक २६ दशमलव ७ प्रतिशतबाट घटेर २५ दशमलव ७ प्रतिशत, ४५ देखि ५४ उमेर समूहका २५ दशमलव १ प्रतिशतबाट घटेर २४ प्रतिशतमा झरेको छ।

अहिलेको कृषि जनगणनाले हाम्रो कृषि प्रणालीलाई ठूलो प्रश्नचिह्न खडा गरेको कृषिविज्ञ कृष्णप्रसाद पौडेलले बताए। उनले भने, 'बढ्दो सहरीकरण, परिवारभित्रको अंशबन्डाले जमिनलाई टुक्रिएको र जमिनको संख्या घटेको र परिवारको संख्या बढ्नासाथ आश्रित बढ्न पुगेको देखिन्छ।' जनगणनाको सूचकले हाम्रो कृषि प्रणाली ओरालो यात्राको चित्र देखाएको कृषिबारे जानकार उद्धव अधिकारीले बताए। उनले भने, 'हाम्रो उत्पादन घट्दै गएको छ, अबको १६औँ योजनामा थप परिमार्जन गरेर जानुपर्छ।'

■ गाई-गोरु पाल्ने किसान घटे

नेपालमा गाई-गोरु पाल्ने किसानको संख्या घटेको छ। तथ्यांकअनुसार हाल १७ लाख आठ हजार घरपरिवारले गाई-गोरुपालन गरिरहेका छन्। जुन अघिल्लो गणनाको तुलनामा पाँच लाख ७३ हजार परिवारले कम हो। ०६८ मा २२ लाख ८१ हजार परिवार गाई-गोरुपालनमा आबद्ध थिए।

०७८ को तथ्यांकअनुसार नेपालमा एउटा परिवारसँग गाई-गोरुको संख्या औसतमा तीनवटा छ। तथ्यांकअनुसार नेपालमा १८ लाख सात सय ७१ हजारले गाई-गोरुको संख्या घटेको छ।

नेपालभर अहिले गाई-गोरुको कुल संख्या ४५ लाख ५९ हजार छ। ०६८ सालमा देशभर गाई-गोरुको संख्या ६४ लाख ३० हजार थियो।

■ ६८ प्रतिशत उत्पादित वस्तु किसान आफैंले उपभोग गर्ने

कृषि गणना ०७८ अनुसार अधिकांश (८८%) कृषक परिवारको मुख्य कृषि उत्पादन खाद्यान्न बाली रहेको छ। दोस्रो र तेस्रो स्थानमा क्रमशः तरकारी बाली (६%) र पशुपालन (३%) रहेको छ। यसमध्ये उत्पादित खाद्यवस्तु घरायसी प्रयोजनका लागि ६८ प्रतिशत उपभोग गर्ने गरेका छन्।

केही बिक्री र उपभोग गर्ने २४ दशमलव ७ प्रतिशत र सबै बिक्री गर्ने कृषकको संख्या १ दशमलव १ प्रतिशत, बिक्री र केही घरायसी उपभोगको ५.४ प्रतिशत रहेको छ। कृषक परिवारमध्ये २६ प्रतिशत परिवारले कृषि कार्यका अतिरिक्त अन्य आर्थिक क्रियाकलाप पनि सञ्चालन गर्ने गरेका छन्। अघिल्लो कृषि गणनाका अनुसार यो प्रतिशत १६ रहेको थियो।

७५ प्रतिशत किसान बैंक तथा वित्तीय संस्थाको पहुँचबाहिर

पवन तिमिल्सिना/नयाँ पत्रिका

देशभरका सात सय ५२ स्थानीय तहमा बैंक तथा वित्तीय संस्था पुगेको दाबी भइरहँदा बहुसंख्यक किसान भने वित्तीय संस्थाको पहुँचबाहिर रहेको तथ्य बाहिर आएको छ। राष्ट्रिय कृषि गणना ०८० अनुसार ७५.१९ प्रतिशत किसानले ऋण लिन बैंक तथा वित्तीय संस्थाबाहेकको स्रोतमा भर परिरहेको तथ्य सार्वजनिक भएको हो। चार लाख ४८ हजार किसानले बचत तथा ऋण सहकारी संस्था, साहु-महाजन, आफन्त एवं ट्रेडर्सको भर पर्नुपरेको तथ्यांकले देखाएको छ। सबैभन्दा डरलाग्दो तथ्यांक के छ भने, ९.२६ प्रतिशत किसान साहु-महाजनमै निर्भर रहेका छन्। कृषि गणनाअनुसार यो संख्या ५५ हजार चार सय हो। संरचनागत रूपमा बैंक तथा वित्तीय संस्थाहरूले शाखा विस्तारको तथ्य देखाएर वित्तीय पहुँच पुगेको दाबी गर्दै आइरहेका छन्। तर, कृषि गणनाको यो तथ्यले वित्तीय पहुँचको वास्तविक चित्र बाहिर ल्याएको छ।

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

राष्ट्र बैंकबाट इजाजत लिने क, ख, ग र घ वर्गका बैंक तथा वित्तीय संस्थाहरूबाट ऋण लिने किसान २४.८० प्रतिशत मात्रै छन्। त्यसबाहेक ऋण लिने किसान ७५.१९ प्रतिशत मात्रै रहेको कृषि गणनाले देखाएको छ। आफन्तसँग ऋण तथा सरसापटी गरेर पैसा जोहो गर्ने किसानको संख्या १०.९० प्रतिशत छ। अर्थात्, ६५ हजार किसान आफन्तकै भर पर्नुपरेको तथ्यांकले देखाएको छ।

■ सबैभन्दा बढी सहकारीमा निर्भर

किसानको पुँजी उपलब्धता सहज बनाउन गाउँ-गाउँमा पुगेको बचत तथा ऋण सहकारीको भूमिका महत्त्वपूर्ण देखिन्छ। ऋण लिनेमध्ये ३१.४८ प्रतिशत किसान सहकारीमै निर्भर छन्। अर्थात्, यो संख्या एक लाख ८७ हजार ६ सय छ। त्यस्तै, ६० हजार एक सय किसानले कृषक समूह र ६५ हजार कृषकले महिला समूहबाट ऋण लिएर पुँजीको जोहो गरेका छन्। ट्रेडर्सबाट ऋण लिएर खेतीपाती गर्ने किसानको संख्या दुई हजार सात सय पुगेको छ। त्यस्तै, ऋण नै नलिई कृषि गर्ने किसानको संख्या भने ३६ लाख ४७ हजार ६ सयजना पुगेको तथ्यांकले देखाएको छ।

■ पशुपालन र मलमा बढी ऋण

अधिकांश किसानले पशुपालन र मलका लागि ऋण लिने गरेको गणनाले देखाएको छ। पशुपक्षीपालन गर्ने उद्देश्यले ऋण लिने कृषक परिवारको संख्या ३६.६ प्रतिशत छ भने मलका लागि ऋण लिने परिवारको संख्या ३२.३ प्रतिशत छ। सबैभन्दा कम ऋण लिनेमा पुष्पखेती र च्याउखेती गर्ने कृषक छन्। ऋण लिएर फूलखेती गर्ने परिवारको संख्या ०.३ प्रतिशत छ भने च्याउखेती गर्नेको संख्या ०.५ प्रतिशत मात्रै छ।

■ कहाँबाट कति कृषकले ऋण लिए ?

कृषि ऋणको स्रोत	संख्या	प्रतिशतमा
सहकारी	१ लाख ८७ हजार ६ सय	३१.४८
वाणिज्य बैंक	२८ हजार ६ सय	४.७९
विकास बैंक	५७ हजार ९ सय	९.७१
फाइनान्स वा लघुवित्त	६१ हजार ३ सय	१०.२८
कृषक समूह	६० हजार १ सय	१०.०८
महिला समूह	६६ हजार ७ सय	११.१९
आफन्त	६५ हजार	१०.९०
ट्रेडर्स	२ हजार सात सय	०.४५
साहु-महाजन	५५ हजार चार सय	९.२९
अन्य	५५ हजार चार सय	१.७७

राष्ट्रिय कृषि गणना- २०८०

■ कृषिका लागि ऋण लिने परिवार घटे

कृषिका लागि ऋण लिने कृषक परिवारको संख्या घटेको छ। ०६८ को तुलनामा ऋण लिने परिवारको संख्या घटेको हो। ०७८ को राष्ट्रिय कृषि गणनाअनुसार ऋण लिने कृषक परिवारको संख्या चार लाख ८३ हजार पुगेको छ। यो संख्या कुल कृषक परिवारको १२ प्रतिशत हो। ०६८ मा यो संख्या कुल कृषक परिवारको २२ प्रतिशत थियो। अर्थात्, यो संख्या आठ लाख ३६ हजार थियो।

निगमले सुरु गऱ्यो साउदीको दमाम उडान



काठमाडौं/ नेपाल वायुसेवा निगमले काठमाडौंबाट साउदी अरेबियाको दमाममा नियमित सीधा उडान सुरु गरेको छ। २० भदौदेखि सुरु भएको पहिलो उडानमा (२२:४० बजे) काठमाडौंबाट एक सय २६ र फर्किंदा एक सय १७ जना यात्रु रहेका थिए। काठमाडौं-दमाम-काठमाडौं सेक्टरमा साताको दुई दिन बुधबार र शनिबार उडान गर्ने निगमले जनाएको छ। साथै, बजारको मागअनुसार उडानको संख्या बढाउँदै लैजाने योजना निगमको छ। निगमको बेवसाइट र ट्राभल एजेन्सीमार्फत टिकट काट्न सकिने जनाइएको छ।

नेपाल-भारत क्रसबोर्डर क्युआर भुक्तानी सेवा सुरु हुँदै

मुना कुँवर/नयाँ पत्रिका

नेपाल र भारतबीच क्रसबोर्डर क्युआर कोडबाट नै भुक्तानी गर्न सकिने भएको छ। बिहीबार मुम्बईमा सञ्चालन भएको ग्लोबल फिन्टेक फेस्ट २०२३ मा नेपाल र भारतका भुक्तानी सञ्चालकबीच क्रसबोर्डर क्युआर कोड भुक्तानी सेवा सम्झौता भएको हो।

नेपालको भुक्तानी सञ्चालक फोनपे र भारतीय नेसनल पेमेन्ट्स कर्पोरेसन अफ इन्डियाको अन्तर्राष्ट्रिय शाखा एनआइपिएलबीच क्रसबोर्डर क्युआर भुक्तानीसम्बन्धीमा समझदारी भएको फोनपेका प्रमुख कार्यकारी अधिकृत पारस कुँवरले बताए। उनका अनुसार दुवै कम्पनीबीच क्रसबोर्डर क्युआर कोड भुक्तानी सेवाका विषयमा यसअघि नै सम्झौता भइसकेको हो। दुवै पक्षले प्राविधिक एकीकरणको कार्य सम्पन्न गरेपछि बिहीबार अन्तिम सम्झौता भएको उनले बताए।

अब फोनपेले बैंकहरूलाई अन्तर्राष्ट्रिय क्युआर कोड भुक्तानीका लागि सम्झौता गर्न आह्वान गर्नेछ। कम्पनीसँग सम्झौता हुने बैंकको क्युआर कोड सेवा सरु हुँदै जाने उनले बताए। पूर्ण रूपमा सञ्चालन हुन दुई महिना लाग्ने उनको अनुमान छ। 'डिजिटल नेटवर्क हाइवेको काम हामीले गरिसकेका छौं। अब बैंकहरू जोडिँदै गएपछि सेवा पनि सुरु हुँदै जान्छ,' उनले भने, 'तर, कुनै बैंक भोलि नै हामीसँग अन्तर्राष्ट्रिय भुक्तानीका लागि जोडिन आउनुहुन्छ भने उहाँहरूको सेवा सुरु भइहाल्छ।'

फोनपे र एनआइपिएलबीचको सम्झौताले दुवै मुलुकबीचको कारोबारमा वृद्धि हुने फोनपेका सभापति तथा एफवान सफ्ट ग्रुपका अध्यक्ष विश्वास ढकालले बताए। उनले 'यस पहलले दुई देशबीचको व्यापार, पर्यटन र आर्थिक सम्बन्धको विकासमा महत्त्वपूर्ण योगदान पुऱ्याउनेछ। समृद्धि र विकासलाई बढावा दिनेछ।'

भुक्तानी लिमिटमा अन्योल

फोनपे र एनआइपिएलबीच क्रस बोर्डर क्युआर कोड भुक्तानीका विषयमा सम्झौता भएपछि भुक्तानी लिमिटको विषय टुंगो लागेको छैन। नेपाल राष्ट्र बैंकले अन्तर्राष्ट्रिय क्युआर कोड भुक्तानीको व्यवस्था गरे पनि लिमिटको विषयमा कुनै व्यवस्था गरेको छैन। यद्यपि, राष्ट्र बैंकले यस विषयमा छुट्टै व्यवस्था गर्ने तयारी गरेको जनाएको छ।

केन्द्रीय बैंकको व्यवस्थाअनुसार बैंक तथा वित्तीय संस्थाहरूको प्रिपेड कार्डबाट प्रतिकारोबार १० हजार भुक्तानी गर्न सकिन्छ। प्रतिदिन २० हजार र प्रतिमहिना दुई लाख रुपैयाँसम्म कारोबार गर्न सकिन्छ। डेबिट कार्डबाट भने २५ हजार रुपैयाँ प्रतिकारोबार भुक्तानी गर्न सकिन्छ। प्रतिएक लाख रुपैयाँ र प्रतिमहिना चार लाख रुपैयाँसम्म भुक्तानी गर्न सकिन्छ। क्रेडिट कार्डमार्फत भने स्वीकृति सीमाको १० प्रतिशतसम्म भुक्तानी गर्न सकिने व्यवस्था छ। त्यस्तै, मोबाइल एप्लिकेसन क्युआर कोडमार्फत प्रतिदिन तीन लाख रुपैयाँ भुक्तानी गर्न सकिन्छ भने इन्टरनेट बैंकिङमार्फत प्रतिदिन २० लाखसम्म भुक्तानी गर्न सकिने व्यवस्था छ।

बैंक खाताबाट वालेटमा र वालेटबाट अन्य बैंक खातामा प्रतिदिन दुई लाख र प्रतिमहिना १० लाख रुपैयाँ गर्न सकिन्छ। साथै, एक वालेटबाट अर्को वालेटमा प्रतिदिन ५० हजार र प्रतिमहिना पाँच लाखसम्म भुक्तानी गर्न सकिन्छ। अन्तर्राष्ट्रिय भुक्तानीको सीमा नतोकेसम्म केन्द्रीय बैंकले आन्तरिक भुक्तानीमा तोकेको सीमा नै लागू हुन सक्ने फोनपेले जनाएको छ।

क्रस बोर्डर क्युआर कोड भुक्तानी सेवाअनुसार फोनपे एपमार्फत नेपालीले भारतमा मोबाइलबाट सजिलै भुक्तानी गर्न सक्नेछन्। त्यसैगरी, भारतीय नागरिकले पनि मोबाइल फोनको प्रयोगबाट नै नेपालमा भुक्तानी गर्न सक्नेछन्। यसले नेपाल आउने पर्यटकदेखि व्यापारीलाई पनि सहज हुनेछ।

स्थानीयको अवरोधले निर्माण सुरु हुन सकेन लप्सीफेदी सबस्टेसन

माग सम्बोधन गरेरै निर्माण सुरु गर्छौं : ऊर्जामन्त्री बस्नेत

नयाँ पत्रिका

स्थानीयहरूको अवरोधका कारण काठमाडौंको शंखरापुर नगरपालिका-३ स्थित बोजिनीमा प्रस्तावित ४००/२२०/१३२/११ केभी सबस्टेसनको निर्माण अझै सुरु हुन सकेको छैन। आयोजनाका लागि जग्गा प्राप्ति, स्रोत सुनिश्चितता तथा ठेक्का सम्झौताको काम भइसकेको छ। तर, स्थानीयको अवरोधका कारण उक्त सबस्टेसन निर्माणमा जान नसकेको हो।

सबस्टेसनका लागि ५० जना जग्गाधनीको एक सय ७२ रोपनी जग्गा अधिग्रहण गर्न ०७४ जेठमा सार्वजनिक सूचना प्रकाशित गरी सोही वर्षको माघमा मुआब्जा तथा क्षतिपूर्ति रकम निर्धारण गरिएको थियो। एकजनाबाहेक सबैले मुआब्जा तथा क्षतिपूर्तिबापत करिब ५० करोड राजीखुसीले बुझिसकेका छन्। तर, केही वर्षदेखि परियाजना निर्माणमा स्थानीयले अवरोध गर्दै आएका छन्। उक्त अवरोध हटाउन सरकार र नेपाल विद्युत् प्राधिकरणले पटक-पटक प्रयास गरे पनि स्थानीयहरू छलफलमै आउन चाहेका छैनन्।

स्थानीयहरूले आयोजना नै स्थान्तरण गर्नुपर्ने माग राख्दै आएका छन्। तर, प्राधिकरणले यसअघि नै आयोजनाको निर्माणस्थलको जग्गा प्राप्ति गरिसकेको छ। सबस्टेसन निर्माणस्थलको जग्गा अधिग्रहण गर्दा सम्बन्धित जग्गाधनीले राजीखुसीले मुआब्जा तथा क्षतिपूर्ति बुझेको, प्रारम्भिक वातावरणीय परीक्षण (आइई) तथा पूरक आइआईलगायतका सम्पूर्ण कानुनी प्रक्रिया पूरा गरिएको, उपलब्ध विकल्पहरूमध्ये हाल छनोट गरिएको स्थान नै सबैभन्दा उत्तम रहेको प्राधिकरणको भनाइ छ। सोहीअनुसार प्रसारणलाइन र सबस्टेसन निर्माणका लागि बोलपत्र स्वीकृत भई ठेक्का सम्झौता गरी काम भइरहेकाले अहिले आएर सबस्टेसन अन्यत्र सार्न नसकिने प्राधिकरणले प्रस्ट पारेको छ। स्थानीयले राखेका सडक मर्मत तथा विस्तार, खानेपानी योजना, विद्यालय भवन, गुम्बा निर्माण, स्थानीयलाई रोजगारीलगायतका जायज माग सम्बोधन गर्दै जाने प्राधिकरणको योजना छ।

तामाकोशी तथा सुनकोशी नदी र तिनीहरूका सहायक खोलाहरूमा निर्माण भएका तथा हुने आयोजनाको विद्युत् काठमाडौंमा ल्याउन र स्थानीय रूपमा आपूर्ति लप्सीफेदीमा ४००/२२०/१३२/११ केभी सबस्टेसन निर्माण गरिँदै छ। सबस्टेसनमा रामेछापको नयाँ खिम्तीबाट सुरु भई सिन्धुपाल्चोकको बाह्रबिसे हुँदै लप्सीफेदीसम्मको चार सय केभी प्रसारणलाइन जोडिनेछ। नयाँ खिम्ती-बाह्रबिसे-लप्सीफेदी चार सय केभी प्रसारणलाइन निर्माणको अन्तिम चरणमा छ। लम्सीफेदी सबस्टेसनबाट भक्तपुरको चाँगुनारायणसम्मको एक सय ३२ केभी प्रसारणलाइन र सबस्टेसन निर्माणाधीन छन्। चाँगुनारायण एक सय ३२ केभी सबस्टेसन सम्पन्न हुने चरणमा छ।

नयाँ खिम्ती-काठमाडौं चार सय केभी तथा लम्सीफेदी-चाँगुनारायण एक सय ३२ केभी प्रसारणलाइन र चारवटा सबस्टेसन गरी अनुमानित लागत करिब १८ अर्ब छ। आयोजना निर्माणका लागि एडिबीसँग १० चैत ०६८ (२३ मार्च २०१२) मा पहिलो र ऋण एसियाली विकास बैंकसँग मार्च २०१२ मा र २५ भदौ ०७४ (१० सेप्टेम्बर २०१७) मा दोस्रो ऋण सम्झौता भएको थियो।

पहिलो ठेकेदारले काम गर्दा लप्सीफेदीमा कुनै विरोध भएको थिएन। तर, दोस्रो ठेकेदार काम गर्न गएपछि काममा अवरोध भइरहेको छ। अवरोधका कारण हालसम्म सबस्टेसन निर्माणस्थलमा कुनै पनि कार्य प्रगति हुन सकेको छैन। लप्सीफेदी सबस्टेसनको काम हालसम्म हुन नसकेका कारणले ठेक्का सम्झौताको म्याद १५ पुस ०८० (३१ डिसेम्बर २०२३) सम्म कायम गरिएको छ।

■ जायज माग सम्बोधन गर्ने प्रतिबद्धता

ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री शक्ति बस्नेतले स्थानीय प्रभावितहरूको जायज माग सम्बोधन गरी लप्सीफेदी सबस्टेसनको निर्माण अगाडि बढाउने बताएका छन्। बिहीबार सरोकारवाला पक्षसँगको छलफलमा मन्त्री बस्नेतले राष्ट्रिय आवश्यकतालाई ख्याल गर्दै सो सबस्टेसन तत्काल निर्माण गर्नुपर्ने बताएका छन्। उनले स्थानीयवासीको समस्या समाधानका लागि सरकारले अधिकतम प्रयास गर्ने विश्वास दिलाए। प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले प्रसारणलाइनको मार्गाधिकारमा पर्ने जग्गाको क्षतिपूर्ति निर्धारण अधिकतम लचकता अपनाएर गरिने भएकाले अवरोध नगर्न आग्रह गरे। काठमाडौं उपत्यकाको विद्युत् माग सन् २०५० सम्ममा तीन हजार दुई सय मेगावाट पुग्ने प्रक्षेपण छ। सोही कारण काठमाडौंवरिपरि र भित्री सडकमा दुई सय २० केभी प्रसारण तथा वितरण प्रणाली विस्तार गरिरहेको छ।

■ कहाँ छ अवरोध ?

तामाकोशी-काठमाडौं चार सय केभी प्रसारणलाइनअन्तर्गत शंखरापुर नगरपालिका-३ मा चारवटा टावर निर्माणमा अवरोध छ। रामेछाप, दोलखा, सिन्धुपाल्चोकलगायतका जिल्लामा उत्पादित विद्युत् काठमाडौंमा प्रवाह गर्न तामाकोसी-काठमाडौं चार सय केभी प्रसारणलाइन निर्माणाधीन छ। यसैगरी, लप्सीफेदी सबस्टेसनबाट उपत्यकामा विद्युत् छिराउन चाँगुनारायण सबस्टेसनसम्म एक सय ३२ केभी प्रसारणलाइन निर्माण हुँदै छ। चाँगुनारायणमा एक सय ३२ केभी सबस्टेसन निर्माणाधीन छ।

तामाकोसी-काठमाडौं चार सय केभी प्रसारणलाइनलाई दुई खण्डमा विभाजन गरी निर्माण भइरहेको छ। पहिलो खण्डमा नयाँ खिम्ती-बाह्रबिसेसम्मको ४४ किलोमिटर प्रसारणलाइनमा एक सय १८ वटा टावर पर्छन्। दोस्रो खण्डमा बाह्रबिसे-लप्सीफेदीसम्मको ४६ किलोमिटर प्रसारणलाइनमा एक सय २२ वटा टावर पर्छन्।

सिमेन्ट निर्यात गर्न चौधरी ग्रुपको अदानी ग्रुपसँग साझेदारी

नयाँ पत्रिका

नेपालको चौधरी ग्रुप र भारतको अदानी ग्रुपले दुई दशेबीच सिमेन्ट बिजनेस बढाउन रणनीतिक साझेदारी गर्ने सहमति गरेका छन्। नेपालसँग सिमाना जोडिएका भारतीय राज्यहरूमा सिमेन्ट आपूर्ति गर्न दुई देशका चर्चित व्यावसायिक घरानाले नयाँ अध्याय सुरु गरेका हुन्।

दुई देशबीच आर्थिक र व्यापारिक सम्बन्ध बढाउन यो साझेदारी महत्त्वपूर्ण कोसेढुंगा साबित हुने चौधरी ग्रुपका प्रबन्ध निर्देशक वरुण चौधरीले बताए। उनले भने, 'रणनीतिक सहकार्यमार्फत हामी आर्थिक वृद्धि र विकासमा सक्रिय योगदान दिँदै नेपाल-भारत आर्थिक र व्यापारिक सम्बन्धलाई अझ बढी सुदृढ पार्न चाहन्छौं।'

साझा मूल्य-मान्यता र आकांक्षा प्रतिबिम्बित गर्दै द्विपक्षीय आर्थिक सम्बन्धलाई बढावा दिनेतर्फ सकारात्मक प्रभाव पार्ने



दुवै समूहको विश्वास छ। 'अदानी समूहसँग व्यावसायिक सहकार्य गर्ने अवसरका लागि धन्यवाद दिन चाहन्छु,' चौधरीले भने, 'अदानी ग्रुपका चेयरपर्सन गौतम अदानीलाई यस रणनीतिक साझेदारीलाई सफल बनाउन नेतृत्व दिई भूमिका खेलेको र अटल समर्थनका लागि आभार व्यक्त गर्छु।'

चौधरी ग्रुप नेपालको प्रतिष्ठित औद्योगिक घराना हो। उद्योग, एफएमसिजी, हस्पिटालिटी, रियल इस्टेट, फाइनान्सलगायत क्षेत्रमा यो ग्रुपको लगानी रहको छ। चौधरी ग्रुपले सिजी सिमेन्ट उत्पादन गर्दै आएको छ। त्यस्तै, क्लिंकरसमेत उत्पादन र निर्यात गरिरहेको छ।

भारतको प्रतिष्ठि औद्योगिक-व्यावसायिक समूह अदानी ग्रुप पूर्वाधारमा पायोनियर छ। अदानीको ऊर्जा, यातायात, एयरपोर्ट, सेजलगायत थ्रुप्रै क्षेत्रमा लगानी रहेको छ। अदानीले नेपालको जलविद्युत् क्षेत्रमा समेत लगानी गर्न चासो देखाउँदै आएको छ।

हुन्डाईको 'फेस्टिभ डिलाइट २०८०' योजना सुरु

काठमाडौं/ हुन्डाई गाडीको नेपालका लागि आधिकारिक विक्रेता लक्ष्मी इन्टरकन्टिनेन्टल प्रालिले दसैं-तिहारलक्षित 'फेस्टिभ डिलाइट २०८०' योजना सार्वजनिक गरेको छ। आफ्ना ग्राहकको दसैं-तिहार विशेष र हर्षोल्लासपूर्ण बनाउन कम्पनीले प्रत्येक वर्षझैं यसपालि पनि योजना ल्याएको हो।



योजनाअनुसार एकजना भाग्यशाली ग्राहकले लक्की ड्रमार्फत हुन्डाई एयुभी प्राप्त गर्न सक्ने जनाइएको छ। हुन्डाई फेस्टिभ डिलाइट २०८० अन्तर्गत कुनै पनि हुन्डाई गाडीको खरिदमा ६ लाख रुपैयाँसम्मको नगद छुट, स्क्र्याच कार्डमार्फत थप एक लाख रुपैयाँसम्मको नगदका साथै एक वर्षको लागि निःशुल्क सवारी बीमा तथा सवारी कर सुविधा पनि प्राप्त हुने जनाइएको छ।

बिहीबारदेखि सुरु भएको यो योजनामा आउँदै गरेको नाडा अटो सोमा गाडी खरिद गर्ने ग्राहक पनि सहभागिता जनाउन योग्य हुने जनाइएको छ। नाडा अटो सो २०२३ मा हुन्डाईको बि५ स्टल भ्रमण गरेर हुन्डाईका विभिन्न उत्पादनको अवलोकन गरी आफ्ना जिज्ञासा पनि मेट्न सक्ने कम्पनीले जनाएको छ। सबै हुन्डाईका गाडीमा तीन वर्ष वारेन्टी र ६ वर्षको फ्री सर्भिसिङ उपलब्ध रहेको तथा यो योजना मंसिर ३ (छठ पर्व)सम्म लागू हुने उल्लेख छ।

नेपाल आयल निगमको पोखरा डिपोमा इन्धन अपचलन प्रकरण
प्रहरीले बुझायो प्रस्तावित रायसहितको प्रतिवेदन

कास्कीमा **रोहितराज पराजुली**

नेपाल आयल निगमको प्रादेशिक कार्यालय अर्थात् गगनगौंडा डिपो पोखरामा भएको तेल अपचलन घट्नाको छानबिन गरेको प्रहरीले प्रस्तावित रायसहितको प्रतिवेदन जिल्ला सरकारी वकिलको कार्यालय कास्कीमा बुझाएको छ। प्रहरीले घटनाको अनुसन्धान सकेर १९ भदौमा प्रतिवेदन बुझाएको हो।

हंसपुरका प्रहरी प्रमुख डिएसपी प्रकाश दाहालले जिल्ला प्रशासनको पत्रपछि आवश्यक छानबिन सकेर प्रतिवेदन पेस गरेको जानकारी दिए। आरोपितहरूलाई कस्तो कारबाहीका लागि प्रहरीले गरेको सिफारिस गोप्य हुने उनको भनाइ छ। यो नयाँ र नौलो घटना रहेकाले अनुसन्धानका काम अझै केही बाँकी रहेकाले प्रहरीले बुझाएको प्रतिवेदन के छ भन्न नमिल्ने भन्दै उनले केही जानकारी दिन चाहेनन्।

सरकारी वकिलको कार्यालय कास्कीका सूचना अधिकारीसमेत रहेका सहायक न्यायाधिवक्ता महेन्द्रप्रसाद अधिकारीले प्रहरीले प्रतिवेदन बुझाएको र यसको अध्ययन हुँदै गरेको बताए। प्रतिवेदन अध्ययनपछि कार्यालले अभियोगपत्र तयार गर्ने उनको भनाइ छ। अभियोगपत्र तयार भएर दर्ता नभएसम्म अन्य केही बताउन नमिल्ने उनले जानकारी दिए।

प्रहरीले दिएको प्रतिवेदनलाई आधार मानेर सरकारी वकिलको कार्यालयले अभियोगपत्र तयार गरी दर्ता गर्ने जनाइएको छ। २५ साउनमा डिपोबाट १२ हजार लिटर डिजेल खरिद गरेर पोखरा २७ स्थित पश्चिमाञ्चल ट्रेडर्समा लाँदै गरेको ग.२ख ८३६ नम्बरको ट्र्यांकरमा डिपोमा रकम बुझाएको भन्दा तीन हजार दुई सय लिटर बढी डिजेल फेला परेको थियो। जिल्ला प्रशासन कार्यालय कास्कीले घटना भ्रष्टाचार निवारण ऐनसँग सम्बन्धित रहेको भन्दै आवश्यक कारबाहीका लागि अख्तियार दुरुपयोग अनुसन्धान आयोगको पोखरास्थित कार्यालयलाई २६ साउनमा लेखिपठाएको थियो भने आवश्यक थप अनुसन्धानका लागि इलाका प्रहरी कार्यालय हंसपुरलाई लेखिपठाएको थियो।



यसअघि प्रारम्भिक अनुसन्धान सकेपछि २९ साउनमा मुलुकी अपराध संहिता २०७४ परिच्छेद २१ को दफा २५२ बमोजिमको कसुरअन्तर्गत आपराधिक विश्वासघात (ठगी) शीर्षकमा जिल्ला अदालत कास्कीमा प्रहरीले मुद्दा दर्ता गरेको थियो। प्रहरीले मुद्दा दर्ता गरेपछि अदालतले ३० साउनमा चारजनालाई पक्राउ गरी थप अनुसन्धान गर्नका लागि प्रहरीलाई अनुमति दिएको थियो। अदालतले अनुमति दिएसँगै घटनामा संलग्न रहेको आरोपमा गण्डकी धौलागिरि पेट्रोलियम डिलर्स एसोसिएसनका कार्यालय सचिव वर्ष ५१ का जगन्नाथ ढुंगाना र ट्रयांकरचालक वर्ष २८ का निर्मल थापालाई २९ साउनमा प्रहरीले पक्राउ गरेको थियो।

दुईजना पक्राउ परे पनि फरार रहेका दुईजनामध्ये डिपोबाट खरिद गरेको भन्दा बढी तेल ल्याउँदै गरेको ट्र्यांकरसँगै लैजाने पेट्रोलपम्प पश्चिमाञ्चल ट्रेडर्स पोखरा २७ डाँडाकोनाकका सञ्चालक बाबुराम जमरकट्टेलले १४ भदौमा प्रहरीसमक्ष आत्मसमर्पण गरेका थिए। जमरकट्टेल लेखनाथ उद्योग वाणिज्य संघको दुई कार्यकाल अध्यक्ष भइसकेका व्यक्ति हुन। निगमले २६ साउनदेखि उनको पम्पमा तेल ढुवानी रोकेको छ। डिपो प्रमुख चितरञ्जन दास भने हालसम्म फरार छन्।

निक्षेप उपर हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

(सूचना प्रकाशित मिति : २०८०/५/२२)

पूर्ण वहादुर नापितको नाति मान वहादुर नापितको छोरा काठमाडौं जिल्ला चिकमुगल टोल वडा नं.२७ वस्ने विष्णु वहादुर नापितको मिति २०७९/०८/१४ मा मृत्यु भएकोले निजको नाममा यस संस्थामा रहे को आवधिक वचत तथा साधारण वचत खाता नं. 00105000059 मा जम्मा रहेको रकम भुक्तानी पाउँ भनी निज खातावालाको छोरी का.म.पा. वडा नं.२० निवासी इश्वरी नापित (खाता खोल्दा ईच्छाइएको व्यक्ति) ले यस **"इन्भाइट वचत तथा ऋण सहकारी संस्था लिमिटेड"** मा निवेदन दिनुभएको हुदा उक्त निक्षेप उपर निज निवेदक वाहेक अन्य कसैको हकदावी पुग्ने भए यो सुचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्र आफ्नो हक लाग्ने व्यहोरा प्रमाणित हुने सक्कलै सवुत प्रमाण कागजात सहित यस संस्थामा हकदावी गर्न आउनुहोला। म्याद भित्र कसैको हकदावी नपरेमा निवेदकको माग दावी वमोजिम भई जाने व्यहोरा यसै सूचना मार्फत जानकारी गराउदछौं।

इन्भाइट वचत तथा ऋण सहकारी संस्था लिमिटेड
का.म.पा. वडा नं.२६, नासधो मार्ग, ठमेल, काठमाडौं
फोन नं. : ०१४५३२९५४

सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको धितो रहेको चल/अचल सम्पति लिलाम बिक्रीको १५ (पन्ध्र) दिने सूचना

प्रकाशित मितिः २०८०/०५/२२

यस सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको शाखा कार्यालय कुलेश्वर, काठमाडौंबाट तपसिलमा उल्लेखित तपाई ऋणीले विभिन्न कर्जा शिर्षक अन्तर्गत लिएको ऋणकर्जा तथा बैंकिङ्ग सुविधाहरुको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने सावाँ, व्याज समेत चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवम् मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरेकोले मिति वि.सं. २०८०/०४/१५ मा नयाँ पत्रिका राष्ट्रिय दैनिक पत्रिकामा ऋणकर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धमा ३५ (पैतिस) दिने सार्वजनिक सूचना प्रकाशित गरी ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरु समेतलाई सूचित गर्दा समेत कर्जाको सावाँ, व्याज समेत चुक्ता भुक्तानी गर्ने तर्फ कुनै चासो नदेखाएकाले सुरक्षण वापत बैंकको नाममा धितोबन्धक लेखिदिएको तपसिलमा उल्लेखित अचल सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा लिलाम बिक्री गरिने भएकोले सर्वसाधारणको जानकारीको लागि यो १५ (पन्ध्र) दिने लिलाम बिक्री सम्बन्धी सार्वजनिक सूचना प्रकाशित गरी गोप्य शिलबन्दी बोलपत्र (टेण्डर) को आव्हान गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले १६ (सोह्र) औं दिनमा सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको प्रधान कार्यालय नारायणहिटी पथ, दरबारमार्ग, काठमाडौंमा दिउँसो ४:०० बजे गोप्य शिलबन्दी बोलपत्र (टेण्डर) खोलिनेछ। सो अवधिमा इच्छुक महानुभावहरुले गोप्य शिलबन्दी बोलपत्रद्वारा आफूले बोलकबोल गर्ने रकम सहित तपसिलमा उल्लेखित शर्त बमोजिम बोलपत्र फारम बुझाउन समेत अनुरोध गरिन्छ। सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्री गर्दा पनि बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंकिङ्ग कसुर तथा सजायका सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०६४, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ र सो को नियमावली, २०५९ अनुसार ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरुको अन्य चल/अचल सम्पत्तिबाट धितोले नखामेको बक्यौता कर्जा रकम असुल उपरका लागि ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गरिने व्यहोरा ऋणी, व्यक्तिगत जमानीकर्ताहरु तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ। साथै यस सूचना बमोजिम लिलाम बिक्री हुन नसकेको धितो सम्पत्तिहरु बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ५७ बमोजिम बैंकले आफै सकार गरी लिन सक्ने व्यहोरा समेत जानकारी गराईएको छ।

तपसिल

कर्जा शिर्षक : अधिविकर्ष कर्जा, आवधिक कर्जा, मागकर्जा, प्रतितपत्र सुविधा, ट्रष्ट रिसिप्ट कर्जा, अल्पकालिन कर्जा र अल्पकालिन कर्जा -एडहक

ऋणीको नाम : सेभ इन्टरप्राइजेज प्रा. लि.
रजिष्टर्ड ठेगाना : वडा नं ४, कमलनगर, भरतपुर, चितवन
दर्ता नं. : ७७७१८/०६७/०६८ (नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय, सेवा प्रवाह इकाइ, ललितपुर)
दर्ता मिति : वि.सं.२०६७/०८/०६
पान नम्बर : ३०३४४६१८६६

कम्पनीको सञ्चालक तथा जमानीकर्ताहरुको नाम र ठेगाना

१) नाम : संजय श्रेष्ठ
बाबु : बुद्धि लाल श्रेष्ठ
बाजे : बुद्धि मान श्रेष्ठ
स्थायी ठेगाना : ललितपुर उ.म.न.पा.-४, ललितपुर
हालको ठेगाना : ललितपुर म.न.पा.-११, ललितपुर
ना.प्र.नं. : ४६०४३
जारी मिति : २०४६/०६/१२
जि.प्र.का. : ललितपुर

२) नाम : यमुना श्रेष्ठ
बाबु : बुद्धि लाल श्रेष्ठ
बाजे : बुद्धि मान श्रेष्ठ
स्थायी ठेगाना : ललितपुर उ.म.न.पा.-४, ललितपुर
हालको ठेगाना : ललितपुर म.न.पा.-११, ललितपुर
ना.प्र.नं. : १७४७/०४०/४१
जारी मिति : २०४०/०९/०५
जि.प्र.का. : ललितपुर

जमानीकर्ताको नाम र ठेगाना

नाम : दिपिका श्रेष्ठ
बाबु : पुष्कर राज श्रेष्ठ
पति : संजय श्रेष्ठ
ससुरा : बुद्धि लाल श्रेष्ठ
स्थायी ठेगाना : ललितपुर उ.म.न.पा.-१८, ललितपुर
हालको ठेगाना : ललितपुर म.न.पा.-११, ललितपुर
ना.प्र.नं. : ५६८४५
जारी मिति : २०४९/०३/२५
जि.प्र.का. : ललितपुर

धितो राखिएको सम्पत्तिको विवरणः

जिल्ला	न.पा./गा.वि.स	वडा नं/नक्सा सिट नं.	कि.नं.	क्षेत्रफल	घर-जग्गा धनी	कैफियत
ललितपुर	कुसुन्ती	४/४छ	९५३	०-१५-३-० (रोपनी)	यमुना श्रेष्ठ	सो जग्गामा निर्माण भएको तथा पछि भविष्यमा निर्माण हुने सम्पूर्ण भवनहरु तथा सो को लिग लगापात समेत।
ललितपुर	चापागाँउ	३/३क	१३०५	०-६-०-० (रोपनी)	दिपिका श्रेष्ठ	
ललितपुर	चापागाँउ	३/३क	१२८९	०-७-२-२ (रोपनी)	दिपिका श्रेष्ठ	
			१२९३	०-०-०-३ (रोपनी)		
सर्लाही	हरिऔन	८/८ज	३६३	१७२०.२९ (व.मि)	सेभ इन्टरप्राइजेज प्रा.लि.	
			५८८	५७५६.८७ (व.मि)		
			५८९	५४६९.०३ (व.मि)		
			८५९	५१६४.२५ (व.मि)		
			१०७३	४२३.३० (व.मि)		
			१०७४	३३८.६४ (व.मि)		
			१२४३	१२६९.९० (व.मि)		
			५९०	८४६.६० (व.मि)		

माथि उल्लेखित अचल सम्पत्तिका अतिरिक्त यस बैंकलाई पठाएको मौज्दातको विवरण अनुसारको स्टक मौज्दात लगायत कम्पनीले उठाउन बाँकी सम्पूर्ण रकम कलम (Entire Receivables) सहित।

धितो लेखिदिने तथा व्यक्तिगत जमानत दिनेलाई सूचना

उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै सूचनाको म्यादभित्र शीघ्र कर्जा भुक्तानी गरी गराई आफ्नो सम्पत्ति उचित संरक्षण गर्नु हुन समेत यसै सूचनाबाट अनुरोध गरिएको छ, तोकिएको दिन धितो लिलाम बिक्रीको कार्य हुने भएकोले लिलाम हुँदाका दिन लिलामबाट कायम हुने धितो मुल्य घटी वा बढी हुने प्रक्रियामा समेत धितो धनीहरुलाई उपस्थित हुन सूचित गरिएको छ। धितो लेखिदिएको सम्पत्ति लिलाम बिक्री गरी वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मूल्याङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरी लिएमा पछि मेरो/हाम्रो सम्पत्तिको उचित मुल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरी लियो भनी कही कतै उजुर गर्न पाउनु हुने छैन।

लिलाम बिक्रीको बारेमा जानकारी एवं शर्तहरु :

१. गोप्य शिलबन्दी बोलपत्र दाताले आफूले कबुल गरेको जम्मा रकमको १० (दश) प्रतिशतले हुने रकम धरौटी बापत यस बैंकको नाममा खिचिएको कुनै पनि वाणिज्य बैंकको सक्कलै ड्राफ्ट/गुडफरपेमेन्ट चेक/नगद जम्मा भौचर समेत बोलपत्र साथ संलग्न गर्नुपर्ने छ।
२. बोलकबोल फारम भर्दा सबैभन्दा बढी रकम कबोल गर्ने व्यक्तिलाई अचल सम्पत्ति दिने वा नदिने सम्पूर्ण अधिकार यस बैंकमा सुरक्षित रहनेछ।
३. लिलाम सकार गर्ने व्यक्तिले बाँकी रकम बैंकले भुक्तानी माग गरेको मितिले ७ दिन भित्रमा सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडमा नबुझाए धरौटी बापत रहेको १० प्रतिशत रकम स्वतः जफत हुनेछ।
४. लिलाम बिक्री भएको अचल सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा सकार गर्नु पर्नेछ।
५. तोकिएको लिलामी खोल्ने दिन बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिन गोप्य शिलबन्दी लिलाम खोलिनेछ।
६. लिलाम गर्दा गर्दै नभ्याएमा त्यसको भोलिपल्ट (सरकारी बिदाबाहेक) पुनःलिलामी खोल्ने कार्य हुनेछ।
७. बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ५७ को उपदफा ७ का अनुसार लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा बोलकबोल गरेको रकम सहभागी बैंकहरुलाई चित्त बुझ्दो नभएमा यस बैंकले उक्त सम्पत्तिको स्वामित्व आफूमा लिन सक्नेछ।
८. उक्त लिलाममा राखेको अचल सम्पत्ति दा.खा रजिष्ट्रेशन गर्दा लाग्ने नेपाल सरकारको दस्तुर, अन्य कर तथा शुल्क, सम्पत्ति कर आदि गर्ने व्यक्ति आफैले तिर्नु पर्नेछ।
९. लिलाम बिक्री हुने अचल सम्पत्तिको सम्बन्धित कागजातहरु हेर्न वा अन्य थप जानकारी लिन चाहनुहुने महानुभावहरुले सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको प्रधान कार्यालय नारायणहिटी पथ, दरवारमार्ग, काठमाडौं वा शाखा कार्यालय कुलेश्वर, काठमाडौंमा कार्यालय समय भित्र सम्पर्क राख्न सक्नु हुनेछ।

लिलाम खोलिने मिति :- २०८०/०६/०७ गते, आइतबार
समय :- दिउँसो ४:०० बजे
स्थान :- सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको प्रधान कार्यालय नारायणहिटी पथ, दरबारमार्ग, काठमाडौं।

Citizens Bank

मुख्य कार्यालयः
पो. ब. १९६८१, नारायणहिटी पथ, काठमाडौं, नेपाल
फोनः ९७७ १ ४५२७८४२/४३/२४ फ्याक्सः ९७७ १ ४५२७०४४
इमेलः info@ctznbank.com, SWIFT: CTZNNPKA
कल सेन्टरः support@ctznbank.com, ०१-५९७००६८

एनएमबि बैंक लिमिटेड, बबरमहलको गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना

(प्रकाशित मितिः २०८०।०५।२२ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक)

तपसिलमा उल्लेखित ऋणीहरूले यस बैंकबाट तपसिलमा उल्लेखित सम्पत्तिहरू धितो सुरक्षण राखी बिभिन्न कर्जा शिर्षक अन्तर्गत कर्जा लिएकोमा तोकिएको म्याद भित्र सो कर्जा भुक्तानी नगरेको र कर्जा भुक्तानी गर्न यस बैंकबाट ऋणीहरूलाई बारम्बार तरताकेता गर्दा तथा बिभिन्न मितिको राष्ट्रिय स्तरको दैनिक पत्रिकामा कर्जा चुक्ता भुक्तान गर्ने बारेको ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत कर्जा भुक्तानी गर्ने तर्फ कुनै ध्यान नदिएको हुँदा धितो सुरक्षणमा रहेको तपसिलमा उल्लेखित सम्पत्तिहरू लिलाम बिकीको लागि बिभिन्न मितिको राष्ट्रिय स्तरको दैनिक पत्रिकामा सार्वजनिक सूचना प्रकाशित गरीएकोमा उक्त धितोको सम्पत्तिहरू लिलाम बिकी हुन नसकेकोले पूनः धितो सुरक्षणमा रहेको तपसिलमा उल्लेखित सम्पत्तिहरू जे जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिकि गरिने हुँदा सम्बन्धित सबैका जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। बैंकको सुरक्षणमा रहेको तपसिलमा उल्लेखित सम्पत्तिहरु खरिद गर्न इच्छुक महानुभावहरूलाई यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र यस बैंकको कर्जा असूली विभाग, कुमारीपाटी, ललितपुरमा कार्यालय समय भित्र आई पुग्ने गरी गोप्य शिलबन्दी बोलपत्र पेश गर्नु हुन सूचित गरिन्छ। तोकिएको मिति र समयभित्र प्राप्त बोलपत्रहरू यो सूचना प्रकाशित भएको मितिले ८ औं दिनका दिन अर्थात मिति २०८०।०५।२९ मा (उक्त दिन बिदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिन) दिनको १:०० बजे यस बैंकको कर्जा असूली विभाग, कुमारीपाटी, ललितपुरमा खोलिने हुँदा बोलपत्र प्रस्तुतकर्ता स्वयं वा आधिकारीक प्रतिनिधिहरूलाई तोकिएको मिति, समय र स्थानमा उपस्थित हुन समेत सूचित गरिएको छ। साथै धितो लेखिदिनु हुने तथा व्यक्तिगत/संस्थागत जमानी दिनु हुने महानुभावहरूलाई पनि धितो लिलाम बिक्री हुने बारेको जानकारी यसै सूचनाद्वारा गराईन्छ। गोप्य शिलबन्दी बोलपत्रका अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिएको छ। बोलपत्र फाराम यस बैंकको कर्जा असूली विभाग, कुमारीपाटी, ललितपुरमा रू. ९००।- तिरी खरिद गर्न सकिनेछ।

तपसिल

सि.नं.	कर्जा शीर्षक	ऋणी तथा व्यक्तिगत जमानतकर्ताहरूको नाम र ठेगाना	लिलाम हुने धितोको विवरण
१.	१. ओभरड्राफ्ट कर्जा २. आवधिक कर्जा ३. डिमाण्ड कर्जा	ऋणीको नामः थापा इट्टा उद्योग प्रा.लि. (नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्टारको कार्यालयमा दर्ता रहेको) दर्ता नं.: २०१३२३/०७५/०७६ दर्ता मितिः २०७५/०७/०६ स्थायी लेखा नं.: ६०६५६२२७२ ठेगानाः रौतहट जिल्ला, चन्द्रपुर न.पा. वडा नं.८। संचालक तथा व्यक्तिगत जमानतकर्ताहरू १. जितन खनाल ना.प्र.प.नं (जारी मिति/स्थान): ६३७९/६०१(२०५१/०६/१६/ओखलढुङ्गा) बाजेको नामः खिलानाथ खनाल बाबुको नामः भोजराज खनाल ठेगानाः ओखलढुङ्गा जिल्ला, नारायण स्थान गा.वि.स. वडा नं. ४। २. राम कुमार बोहोरा ना.प्र.प.नं (जारी मिति/स्थान): १९५२७ (२०४८/०६/०३/रामेछाप) बाजेको नामः कुल बहादुर बोहोरा बाबुको नामः कृपासुर बोहोरा ठेगानाः रामेछाप जिल्ला, चनखु गा.वि.स. वडा नं. ५। ३. सन्देश बाबु साखकर्मी ना.प्र.प.नं (जारी मिति/स्थान): २०८३३ (२०५५/०८/०८/भक्तपुर) बाजेको नामः वीर बहादुर साखकर्मी बाबुको नामः जित बहादुर साखकर्मी ठेगानाः भक्तपुर जिल्ला, भौखेल गा.वि.स., वडा नं. ५। व्यक्तिगत जमानतकर्ताहरूः १. विद्या लक्ष्मी कार्की ना.प्र.प.नं (जारी मिति/स्थान): ३६२३/११८४ (२०५२/२२/०७/सिन्धुली) बाबुको नामः हरि बहादुर कार्की ससुराको नामः भोजराज खनाल पतिको नामः जितन खनाल ठेगानाः सिन्धुली जिल्ला, जरायोटार गा.वि.स. वडा नं. २। २. निर्मला थापा (बोहोरा) ना.प्र.प.नं (जारी मिति/स्थान): १८१०७५/२०२ (२०६८/०२/०९/महोत्तरी) बाबुको नामः लाल बहादुर थापा ससुराको नामः कृपासुर बोहोरा पतिको नामः राम कुमार बोहोरा ठेगानाः महोत्तरी जिल्ला, गौरीवास गा.वि.स. वडा नं. २। ३. विकुल्क्षमी साखकर्मी ना.प्र.प.नं (जारी मिति/स्थान): ३१६८२ (२०६३/०४/१९/महोत्तरी) बाबुको नामः न्हुछे बहादुर श्रेष्ठ ससुराको नामः जित बहादुर साखकर्मी पतिको नामः श्री सन्देस बाबु साखकर्मी ठेगानाः भक्तपुर जिल्ला, भौखेल गा.वि.स., वडा नं. ५।	१. नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्टारको कार्यालयमा दर्ता रहेको दर्ता नं.: २०१३२३/०७५/०७६ भएको रौतहट जिल्ला, चन्द्रपुर न.पा. वडा नं. ८ स्थीत रजिष्टर्ड ठेगाना रहेको थापा इट्टा उद्योग प्रा.लि.को नाममा मालपोत कार्यालय चन्द्रनिगाहपुर, रौतहट को लगतमा दर्ता श्रेष्ता कायम रहेको रौतहट जिल्ला, सन्तपुर(म) गा.वि.स. वडा नं. ५ स्थित कि.न. ७३२, ४४०, ३२३, ३२४, १३५, ३६३, ३६४, १३३ र ४४१ को क्षेत्रफल क्रमश ३३८६.४०, ५०७९.५९, ३३८६.४०, २०३९.८४, ५४१८.२३, ४०६३.६७, २३७०.४८, ७४५०.०७ र ५०७९.५९ ब.मि. को जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत। २. खिलानाथ खनालको नाति, भोजराज खनालको छोरा, ओखलढुङ्गा जिल्ला, नारायण स्थान गा.वि.स. वडा नं. ४ वस्ने जितन खनालको नाममा मालपोत कार्यालय लहान, सिरहाको लगतमा दर्ता श्रेष्ता कायम रहेको लाहान सिरहा जिल्ला, नैनपुर गा.वि.स. वडा नं. ७ क स्थित कि.न. २८९, २९०, ९७६ र ९७८ को क्षेत्रफल क्रमश ६३४.९५, ४५२.९३, ९६५.०९ र २९१.६५ ब.मि. को जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत।
२.	१. ओभरड्राफ्ट २. सवारी साधन कर्जा	ऋणीको नामः प्राची इन्टरप्राइजेज (नेपाल सरकार, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य तथा आपूर्ति व्यवस्थापन विभागमा दर्ता रहेको) दर्ता नं.: २१७४२/०७२/७३ दर्ता मितिः २०७२/१०/१७ स्थायी लेखा नं.: ६०३८६५६०२ ठेगानाः कैलाली जिल्ला, पहलमानपुर गा.वि.स., वडा नं. २। प्रोप्राईटरः प्रताप सिह चौधरी ना.प्र.प.नं (जारी मिति/स्थान): ६७३०२८/९४(२०६३/१०/०३/कैलाली) बाजेको नामः फुलराम चौधरी डा.थारु बाबुको नामः ठाकुर दास चौधरी ठेगानाः कैलाली जिल्ला, पहलमानपुर गा.वि.स., वडा नं. ३। व्यक्तिगत जमानतकर्ताहरूः १. चन्दा चौधरी ना.प्र.प.नं (जारी मिति/स्थान): ६७/३/००७/२२५४(२०६३/१०/२२/कैलाली) बाबुको नामः लौटन डगौरा ससुराको नामः ठाकुर दास चौधरी पतिको नामः प्रताप सिह चौधरी ठेगानाः कैलाली जिल्ला, मसुरिया गा.वि.स., वडा नं.७ । २. श्री ठाकुर दास चौधरी ना.प्र.प.नं (जारी मिति/स्थान): १३१९६ (२०४९/०९/१३/कैलाली) बाबुको नामः फुलराम चौधरी डा.थारु ठेगानाः कैलाली जिल्ला, चुहा गा.वि.स. वडा नं.२। ३. सुगन्मति डगौरा ना.प्र.प.नः २२०८ बाबुको नामः दुर्गा प्रसाद डगौरा ससुराको नामः फुलराम चौधरी डा.थारु पतिको नामः ठाकुर दास चौधरी ठेगानाः कैलाली जिल्ला, पहलमानपुर गा.वि.स., वडा नं. ३।	१. दुर्गा प्रसाद डगौराको छोरी, फुलराम चौधरी थारुको बुहारी, ठाकुर दास चौधरीको पत्नि, कैलाली जिल्ला, पहलमानपुर गा.वि.स., वडा नं ३ वस्ने सुगन्मति डगौरा को नाममा मालपोत कार्यालय धनगढी, कैलालीको लगतमा दर्ता श्रेष्ता कायम रहेको कैलाली जिल्ला, पहलमानपुर गा.वि.स./ न.पा. वडा नं. २ स्थित कि.न. ४९ को क्षेत्रफल ०.०२९०.०० ब.मि. को जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत। २. धनी एनएमबि बैंक लि./ ऋणी प्राची इन्टरप्राइजेजको नाममा बागमती प्रदेश यातायात व्यवस्था कार्यालयमा दर्ता कायम रहेको निम्नानुसारको सवारीसाधनः सवारीसाधनको विवरणः कम्पनीः Renault Car मोडलः TriberRXZ, प्रा.कार सवारी दर्ता नंः बागमती प्रदेश ०१ ०२६ च ०५०५ बनेको सालः 2021 च्यासिस नंः MEERBC001M3090220 इन्जिन नंः E062678
३.	आवधिक कर्जा	ऋणीको नामः इमामुल मत्स्य फार्म (नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभागमा दर्ता रहेको) दर्ता नं.: ६४०२/३२२/०७४/७५ दर्ता मितिः २०७४/०९/१३ स्थायी लेखा नं.: ६०४२०८२५१ ठेगानाः बारा जिल्ला, सिम्रौनगढ न.पा. वडा नं. ५। प्रोप्राईटरः शेष मकबुल ना.प्र.प.नं (जारी मिति/स्थान): ३३३/१५३०/४८२८(२०५८/०१/०४/बारा) बाजेको नामः शेष भुवाली बाबुको नामः शेष जलिल ठेगानाः बारा जिल्ला, उचिडिह गा.वि.स, वडा नं. १ । व्यक्तिगत जमानतकर्ताः आसमा खातुन ना.प्र.प.नं (जारी मिति/स्थान): ३३३००४/३१२२(२०६३/११/११/बारा) बाबुको नामः शेष बोट मियाँ ससुराको नामः शेष जलिल पतिको नामः शेष मकबुल ठेगानाः बारा जिल्ला, उचिडिह गा.वि.स. वडा नं. १।	शेष भुवालीको नाति, शेष जलिलको छोरा, बारा जिल्ला, उचिडिह गा.वि.स., वडा नं. १ बस्ने शेष मकबुल को नाममा मालपोत कार्यालय कलैया, बारा को लगतमा दर्ता श्रेष्ता कायम रहेको बारा जिल्ला, उचिडिह गा.वि.स.वडा नं. १ स्थित कि.न. ८२० को क्षेत्रफल ०-१-१५$^{१/२}$ (६०१.०६ ब.मि.) को जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत।

NMB BANK एनएमबि बैंक
समृद्ध नेपालको लागि

FMO Entrepreneurial Development Bank The Netherlands

Member of : Global Alliance for Banking on Values

एनएमबि बैंक लिमिटेड
कर्जा असुली विभाग, कुमारीपाटी, ललितपुर
सम्पर्क नं. ९७७-०१-५००८७०८/०९, Ext. १०७, १०४

गोरखाको मानव सेवा आश्रमलाई एभरेष्ट बैंकको सहयोग



काठमाडौं/ एभरेष्ट बैंक लिमिटेडले मानव सेवा आश्रम गोरखालाई आर्थिक सहयोग गरेको छ। बैंकले संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत मानव सेवा आश्रमलाई पाँच लाख रुपैयाँ सहयोग गरेको हो।

बैंकका प्रमुख कार्यकारी अधिकृत सुदेश खालिडले आश्रमकी गण्डकी प्रदेश संयोजक मुना लामालाई सहयोग रकमबराबरको चेक हस्तान्तरण गरेको जन

पररा‌ष्ट्र मामिला अध्ययन प्रतिष्ठान डेढ वर्षदेखि नेतृत्वविहीन

८ वैशाख ०७९ मा कार्यकारी निर्देशक राजेश श्रेष्ठको कार्यकाल सकिएपछि प्रतिष्ठानले पाएन नेतृत्व

पर्शुराम काफ्ले/नयाँ पत्रिका

पररा‌ष्ट्र मामिलामा प्राज्ञिक तथा बौद्धिक अभ्यास गर्ने सरकारी निकाय पररा‌ष्ट्र मामिला अध्ययन प्रतिष्ठान डेढ वर्षदेखि नेतृत्वविहीन छ। त्यसयता दुईपटक पदपूर्तिका लागि विज्ञापन भए पनि पररा‌ष्ट्र मन्त्रालयले दुवैपटक रोकेको छ। प्रतिष्ठान विकास समितिको अध्यक्ष पररा‌ष्ट्रमन्त्री एनपी साउद छन्।

८ वैशाख ०७९ मा कार्यकारी निर्देशक राजेश श्रेष्ठको कार्यकाल सकिएपछि प्रतिष्ठान नेतृत्वविहीन छ। उपकार्यकारी निर्देशक राजेन्द्र पाण्डे अहिले निमित्त कार्यकारी निर्देशकका रूपमा कार्यरत छन्।

गत भदौ र मंसिरमा कार्यकारी निर्देशक पदका लागि विज्ञापन खुलाइएको थियो। दुवैपटक तीन-तीनजनाले आवेदन दिएका थिए। 'तर, योग्य मानिस नआएको भनेर पररा‌ष्ट्र मन्त्रालयले कार्यकारी निर्देशक नियुक्ति गर्न चासो देखाएन,' प्रतिष्ठान बोर्डका एक सदस्यले भने।

अघिल्ला पररा‌ष्ट्रमन्त्रीद्वय डा. नारायण खड्का र डा. विमला राई पौड्यालले प्रष्ठिानलाई ध्यान नदिएको बोर्ड सदस्यहरूको गुनासो छ। अहिलेका पररा‌ष्ट्रमन्त्री एनपी साउदले पनि प्रतिष्ठानको महत्त्व नबुझेको उनीहरूको आरोप छ। 'हामीलाई पररा‌ष्ट्र मन्त्रालयले कहिल्यै सहयोग गरेन,' एकजना बोर्ड सदस्यले भने।

प्रतिष्ठानले श्रीलंका, इजिप्ट, ओमान, टर्की, बंगलादेश, चीन र भारतका चिन्तन प्रतिष्ठानहरूसँग सम्बन्ध गाँसेको छ। अब युएनडिपी र अमेरिकी सेन्टर काठमाडौंसँग सहकार्यका लागि प्रतिष्ठानले गृहकार्य गरिरहेको छ।

प्रतिष्ठानका प्रवक्ता मातृका पौडेलले चिन्तन संस्थाहरूमा हुने लगानीको प्रतिफल तुरुन्तै नआउने, तर लगानी गर्न छाड्नु नहुने बताए। 'सरकारले प्रतिष्ठानलाई स्वतन्त्र निकायका रूपमा विकास गर्नुपर्छ। एउटा निश्चित रकमको अक्षय कोष तोकेर त्यसको ब्याजबाट स्वतन्त्र रूपमा काम गर्ने वातावरण बनाउनुपर्छ,' पौडेलले भने।

गत वर्ष चैत मसान्तमा प्रतिष्ठानको अवधारणापत्र र प्रस्तावित विधेयक पररा‌ष्ट्र मन्त्रालयमा पठाएको, तर त्यसको कुनै जवाफ नआएको प्रतिष्ठानका सदस्यहरू बताउँछन्। प्रतिष्ठानको मुख्य उद्देश्य नेपालको वैदेशिक सम्बन्धको ज्ञानको भण्डारका रूपमा विकास गर्नु र नेपाल सरकार, विदेश सेवाका कर्मचारीलाई व्यावसायिक तालिम दिन आवश्यक र उपयुक्त सहयोग उपलब्ध गराउनु हो।

१ करोड १० लाख बजेट, जग्गा अलपत्र

सरकारले प्रतिष्ठानका लागि एक करोड १० लाख रुपैयाँ बजेट छुट्याएको छ। अधिकांश बजेट कर्मचारीको तलब-भत्ता, तेल र मर्मतसंभारमा जाने गरेको छ। कार्यकारी निर्देशकको तलब-भत्ता पुस्तक प्रकाशनमा खर्च भएको छ।

कन्सुलर सेवा विभागको भवनको तेस्रो तलामा रहेको कार्यालयमा पाँचवटा एसी राख्नका लागि यस वर्ष १७ लाख रुपैयाँ खर्च भएको छ। कार्यकारी निर्देशक, उपकार्यकारी निर्देशकको कार्यालय र सेमिनार हलमा पाँचवटा एसी राख्दा १७ लाख रुपैयाँ सकियो। यस वर्ष अन्तर्राष्ट्रिय सम्बन्ध अध्ययन गर्ने तीनजना विद्यार्थी (एमए, एमफिल र पिएचडीका एक-एकजना)लाई छात्रवृत्ति दिने योजना भए पनि आर्थिक कारणले नसकिएको प्रतिष्ठानका प्रवक्ता मातृका पौडेलले बताए। उनका अनुसार २०७९ यता प्रतिष्ठानले सातवटा पुस्तक प्रकाशन गरेको छ।

प्रतिष्ठानले राजदूत तथा सैनिक सहचारी (डिफेन्स एट्याची), श्रम सहचारी, महावाणिज्य दूतहरूलाई तालिम दिँदै आएको छ। उनीहरूलाई चार दिनको तालिम हुन्छ। पररा‌ष्ट्र मन्त्रालयमा नयाँ भर्ना भएका नायब सुब्बा र शाखा अधिकृतहरूलाई ९० दिनको तालिम हुन्छ। पररा‌ष्ट्र सेवामा आउने कर्मचारीलाई हामीले तालिमको अंक दिन पाउँदैनौं। उनीहरू मन लागे आउँछन्, नभए आउँदैनन्,' प्रतिष्ठानका एक सदस्यले गुनासो पोखे। यस वर्ष प्रतिष्ठानले मिडिया एन्ड डिप्लोमेसीसम्बन्धी एउटा अन्तर्क्रियाबाहेक कुनै पनि कार्यक्रम आयोजना गरेन। बाउन्ड्री एन्ड डिप्लोमेसी शीर्षकमा कार्यक्रम गर्नुपर्नेमा प्रतिष्ठानले पररा‌ष्ट्र मन्त्रालयको स्वीकृति पर्खेर बसेको छ।

प्रतिष्ठानमा दुईवटा गाडी छन्। कार्यकारी निर्देशक र उपकार्यकारी निर्देशकका लागि दुईवटा गाडी उपलब्ध छन्। उपकार्यकारी निर्देशकले प्रयोग गर्ने गाडी २० वर्षभन्दा पुरानो हो। कार्यकारी निर्देशकका लागि भने पाँच वर्षअघि प्रधानमन्त्री कार्यालयले गाडी उपलब्ध गराएको छ।

प्रतिष्ठानले त्रिपुरेश्वरमा रहेको साढे ६ रोपनीमा रहेको आफ्नै जमिनमा भवन बनाउन प्रयास गरेको छ। 'हामीलाई कार्यालयको स्थायित्व चाहिएको छ। अहिले कन्सुलर विभागको तेस्रो तलामा बसेका छौं। तर, आफ्नै जग्गामा भवन बनाउन पाए हुन्थ्यो,' पौडेलले भने, 'करिब ३५ करोड रुपैयाँमा भवन बनाउनका लागि ठेक्का लगाउने कुरा भएको थियो। यसमा सरकारले निर्णय गरोस् भन्ने हाम्रो चाहना छ।'

लामिछानेविरुद्धको मुद्दामा पीडित किशोरीको उमेर स्पष्ट हुने थप कागजात झिकाउने आदेश

काठमाडौं/ काठमाडौं जिल्ला अदालतले क्रिकेटर सन्दीप लामिछानेविरुद्धको मुद्दामा पीडित किशोरीको उमेर स्पष्ट हुने थप कागजात झिकाउने आदेश दिएको छ। बिहीबार न्यायाधीश शकुन्तला कार्कीको इजलासले बसाइँसराइ तथा जन्मदर्तासम्बन्धी थप अभिलेख झिकाउने आदेश गरेको हो।

जिल्ला अदालतका अनुसार काठमाडौंको एक स्थानीय तहबाट बसाइँ सरी गएकी ती किशोरीसँग सम्बन्धित कागजात उक्त स्थानीय तहबाट मगाइएको हो। ती किशोरीको परिवार १५ माघ ०६९ मा बसाइँसराइ गरी नुवाकोट गएको थियो। बिहीबार झिकाइएका कागज एक साताभित्र पेस गर्न र निरन्तर सुनुवाइ गर्ने आदेश न्यायाधीश कार्कीको इजलासबाट भएको छ। अर्को पेसी २६ भदौका लागि तोकिएको छ।

यसअघि अदालतले नुवाकोटस्थित स्थानीय तहसँग किशोरीको उमेर खुल्ने कागजात झिकाएको थियो। साथै, पीडितकी आमाको उमेर स्पष्ट हुने कागजसमेत झिकाउने आदेश भएको थियो।

क्रिकेटर लामिछानेमाथि गत वर्ष २१ भदौमा गौशाला प्रहरीमा किटानी जाहेरी परेको थियो। १७ वर्षीया किशोरीले लामिछानेमाथि बलात्कारको जाहेरी दिएकी थिइन्। नाबालिका बलात्कार मुद्दाको थुनछेक बहसमा जिल्ला अदालत काठमाडौंले सन्दीपलाई पुर्पक्षका लागि थुनामा पठाएको थियो। उच्च अदालत पाटनले भने २० लाख धरौटीमा छाड्न आदेश दिएको थियो। सर्वोच्च अदालतले लामिछानेलाई विदेशमा हुने प्रतियोगितामा भाग लिन जान पाउने आदेश गरेको थियो।

फुसको छाना फेर्ने कार्यक्रमले छोएन बालुबथानका सुकुमबासी परिवारलाई

सरकारले फुसका छाना हटाएर जस्ताका छाना हाल्न पाँच वर्षदेखि ७४ जिल्लामा कार्यक्रम सञ्चालन गरिरहेको छ, तर झापाको गौरादह नगरपालिका- ५ बालुबथानमा अरूको जग्गामा छाप्रो हालेर बसेका सुकुमबासी परिवारले लाभ पाउन सकेका छैनन्

झापामा चिरञ्जीवी घिमिरे



गौरादह नगरपालिका- ५ बालबथानकी निमा धिमालको लड्न लागेको फुसको घर

झापाको गौरादह नगरपालिका- ५ बालुबथानकी निमा धिमालको घर बाँगिएर लड्नै लागेको छ। ठूलो हावाहुरी आउँदा पनि घर उडाएर लैजान्छ जस्तो हुन्छ।

फुसले छाएको र फुसले नै बारेको घरमा ठूलो पानी पर्दा चुहिन्छ। त्यही घर पनि आफ्नो जमिनमा भएको भए त हुन्थ्यो नि ! साहुले कतिवेला उठाउने हुन् ठुंगो छैन। पाँचजनाको परिवारलाई बर्खायाममा बस्नै मुस्किल हुन्छ। 'ठूलो पानी पर्दा घरभित्र पानी छिर्छ। एक वर्षको नानी बोकेर अर्काको घरमा ओत लाग्न जानुपर्छ,' निमा भन्छिन्, 'यही घर पनि आफ्नै जमिनमा भएको भए कति खुसी हुन्थ्यौं होला ? आफ् नो त एक चपरी माटो छैन।'

निमाको परिवारले साहुको एक बिघा १४ कट्ठा जग्गामा अधियाँमा खेत रोपेर जीविकोपार्जन चलाउँदै आएको छ। वार्षिक ३५ मन धान साहुलाई बुझाउनुपर्छ। सासू-ससुरा र निमा खेतमा काम गर्छन्। उनका श्रीमान् मजदुरी गर्छन्। 'अधियाँमा खेती गरेर खानै पनि मुस्किल हुन्छ। मजदुरी गरेको पैसाले त के नै पुग्छ र ?' उनी भन्छिन्, 'अलिक पैसा कमिएको भए कम्तीमा सुरक्षित बस्ने ठाउँचाहिँ बनाउँछौं।'

सरकारले ०७५/७६ देखि नागरिक आवास कार्यक्रममार्फत फुसका छाना हटाउन ७४ जिल्लामा कार्यक्रम सञ्चालन गरिरहेको छ। गरिबीको रेखामुनि रहेका घरपरिवारले सुरक्षित आवासको निर्माण आफैंले गर्न चाहेमा प्रतिपरिवार जस्तापाता, सहुलियत दरको काठलगायत सामग्री खरिदका लागि ५० हजार अनुदान दिने व्यवस्था छ।

तर, बालुबथानका सुकुमबासी परिवारलाई यो कार्यक्रमले छोएको छैन। २५ वर्षदेखि साहुको खेती गर्दै त्यही घरमा बसेको छ, चेतबहादुर खत्रीको परिवार। 'पहाडमा थोरै पाखो थियो। ऋण लागेपछि त्यो पनि बेचेर सुख खोज्दै तराई झर्रै। २५ वर्षदेखि वार्षिक ४८ मन धान ठेक्कामा दुई बिघा खेती कमाएर बसेको छु,' उनी भन्छन्, 'म पूर्ण रूपमा सुकुमबासी हुँ। सुकुमबासीको फारम पनि धेरैपटक भरियो। तर, राज्यले अहिले जग्गा दिएन। ऐलानीमा भएको भए पनि कम्तीमा आफ्नै जग्गा र घर छ भन्न पाइन्थ्यो। यो त अर्काको ठेक्का गरेको जमिन हो। साहुकै घर हो। यस्तै फुसकै भत्कन लागेको घर भए पनि आफ्नै थियो भने कति मिठो निद्रा लाग्थ्यो होला है ?' हावाले पनि लडाउँछ जस्तो देखिने घरमा उनको नौजनाको परिवार बसेको छ।

चुनावका वेलामा उनीहरूको घर देखेपछि नेताहरूले घरलाई नै चुनावी एजेन्डा बनाएका थिए। तर, चुनावपछि भने कोही पनि नेता गाउँसम्म आइनपुगेको चेतबहादुर गुनासो गर्छन्।

गौरादह- ५ बालुबथानका विष्णुबहादुर धिमालको परिवार १८ वर्षदेखि साहुको जग्गामा ठेक्का तिरेर बस्दै आएको छ। एक बिघा खेती गर्ने उनको परिवारले २६ मन धान साहुलाई बुझाउँछ। बाँसको टेको टेकाएर फुसको छानो र फुसकै बेरा बनाएर साहुकै जमिनमा बसोवास गर्दै आएका धिमालको उठीवास लाग्ने दिन नजिकिएको छ। तर, अब कहाँ जाने भन्ने टुंगो छैन। साहुको जग्गा नेपाल-चीनमैत्री औद्योगिक पार्कमा परेको छ। उनले बनाएको फुसको घर छेउछाउ औद्योगिक पार्कले किल्ला गाडिसकेको छ। 'यत्रो वर्ष ठेक्का गरेर बसियो। आफ्नो भन्ने कहीं केही छैन। साहुको जग्गा कहिले आफ्नो नहुने रहेछ। अब उद्योगको काम थालेपछि त यो जग्गाबाट पनि उठीवास लाग्नुपर्छ,' गहभरि आँसु पार्दै धिमालले भने, 'अब कहाँ गएर बस्ने ? के गर्ने ? हाम्रो त सरकार पनि रहेनछ।'

धिमाललाई जनप्रतिनिधिले पछिल्लो समय भने केही समयपछि सुरक्षित नागरिक आवास कार्यक्रममार्फत जस्तापाता दिने आश्वासन दिएका छन्। 'टिन त दिन्छु भनेका छन्। तर, अब यहाँबाट उठ्नुपऱ्यो भने त्यो टिन कहाँ लगाउने ?' धिमाल भन्छन्।

बालुबथानमा मात्र ३० परिवार छन्, जो अरूको जग्गामा छाप्रो हालेर बसेका छन्। यी सुकुमबासी परिवारले नागरिक आवास कार्यक्रमबाट लाभ पाउन सकेका छैनन्। सघन सहरी तथा भवन निर्माण कार्यालय झापाका अनुसार फुसको छानो हटाउने सुरक्षित नागरिक आवास कार्यक्रम आएयता झापामा ६ हजार नौ सय ८२ घर छनोट भएका छन्। जसमध्ये पाँच हजार तीन सय ८२ घर फुसको छानो फेरेर 'सुरक्षित' भएका छन्। तर, निमा, चेतबहादुर, विष्णुबहादुरजस्ता अर्काको जग्गामा ठेक्का गरेर परिवार चलाउँदै आएका परिवारको फुसको छानो र फुसकै बेरा भएको घरमा राज्यको नजर अझैसम्म पनि पर्न सकेको छैन।

कान्तिमा बालिका...

पृष्ठ १ बाट क्रमशः

एवं कांग्रेस सांसद गगन थापाले आफू स्वास्थ्यमन्त्री भएको वेला अत्यावश्यक सेवा लिन लाइनमा नबस्नुपर्ने गरी बनाएको नियम अस्पताल प्रशासनले अहिले मान्न छाडेको दाबी गरे। उनले यसबारे सत्यतथ्य छानबिन गरेर सदनलाई जानकारी गराउनुपर्ने माग गरे। एमाले सचेतक महेश बर्तौलाले घटनाले अस्पतालभित्रको बेथिति झल्काएको र निर्देशकले जिम्मा लिनुपर्ने बताए। रास्वपा सांसद चन्दा कार्की भण्डारीले अस्पतालमा जनशक्ति र संरचनाको अभाव हुँदा पनि सरकार सुतेर बसेको आरोप लगाइन्।

राप्रपा प्रमुख सचेतक ज्ञानबहादुर शाहीले गणतन्त्र आएपछि अस्पताल संरचनाको निर्माण नभएको भन्दै अस्पताल संरचना बनाउनुपर्ने बताए। 'गणतन्त्र आएपछि एउटा अस्पताल बन्न सकेको छैन,' उनले भने, 'अस्पताल नबनाउने अनि संसद्मा आएर कुर्लिएर हुँदैन, अस्पताल बनाऊ, त्यसपछि मात्र देश विकास गर्न सकिन्छ।'

रास्वपाकै सुमना श्रेष्ठले कान्ति बाल अस्पतालमा जे भयो, त्यो नेपालको सिस्टमको असफलता भएको बताइन्। 'जहिले पनि क्षतिपूर्ति दिने, ठूलो ठूलो भाषण गर्ने, थामथुम गर्ने,' उनले भनिन्, 'भागबन्डाका आधारमा निर्देशक नियुक्त हुन्छ कि मेरिटको आधारमा हुन्छ ? यी हाम्रो सिस्टमेटिक असफलता हुन्।' उनले हाल कान्तिमा ६८ प्रतिशत नर्सिङ जनशक्तिको अभाव देखिएको बताउँदै यसले देशको राजधानीमा प्राथमिक उपचार केन्द्रको अवस्थाको चित्रण गरेको बताइन्।

घटनाबारे छानबिनका लागि सार्वजनिक दबाबपछि अस्पतालका निर्देशक डा. पंकज रायले तीनसदस्यीय छानबिन समिति गठन गरेका थिए।

कोशी...

पृष्ठ १ बाट क्रमशः

विश्वासको मत प्राप्त गर्ने अंकगणित सुनिश्चित भइसकेको छैन। यस्तोमा एक महिनापछि पुनः अर्को सरकार बन्ने र दाउपेचको खेलमा त्यसले पनि विश्वासको मत हासिल गर्न नसके कोशी संवैधानिक रूपमै मध्यावधिमा प्रवेश गर्नेछ। यसका लागि दुई महिनाको समय रहेकाले मध्यावधि रोक्न दलहरू सबै राजनीति प्रयोगमा जान सक्छन्।

मुख्यमन्त्री थापाले लिएको विश्वास मत संविधानसम्मत नभएको जिकिर गर्दै आफुलाई मुख्यमन्त्री नियुक्ति गर्न परमादेशको माग गरेर गत ६ भदौमा पूर्वमुख्यमन्त्री कार्कीले सर्वोच्चमा रिट दायर गरेका थिए। सर्वोच्चको पूर्ण इजलासले मुख्यमन्त्री थापाले विश्वासको मत पाएको भनी प्रदेश प्रमुखले गरेको घोषणा संविधानविपरित रहेको ठहर गर्दै संविधानको धारा १६८(३) अनुसार ठूलो दलको नेतृत्वमा सरकार गठन गर्न परमादेश दिएको हो। उक्त धारामा प्रदेश प्रमुखले प्रदेश सभामा सबैभन्दा बढी सदस्यहरू भएको दलको नेतालाई मुख्यमन्त्री नियुक्त गर्ने प्रावधान छ।

न्यायाधीशत्रय सपना प्रधान मल्ल, कुमार चुडाल र नहकुल सुवेदीको इजलासले दिएको संक्षिप्त आदेशमा भनिएको छ, '...प्रस्तुत रिट निवेदन उपरको प्रारम्भिक सुनुवाइमा यस अदालतबाट कोशी प्रदेश सरकारका नाउँमा प्रस्तुत निवेदनको अन्तिम टुंगो नलागुन्जेल दीर्घकालीन महत्त्वको र नीतिगत निर्णय नगर्नू नगराउनू भनी अन्तरिम आदेश जारी भएको देखिँदा प्रदेशको कार्यकारिणी अधिकार निहित मन्त्रिपरिषद्लाई लामो समयसम्म सो अवस्थामा राखिरहनु उचित नदेखिएकाले प्रस्तुत आदेश प्राप्त भएका मितिले ४८ घन्टाभित्र नेपालको संविधानको धारा १६८ को उपधारा (३) बमोजिमको प्रक्रियाबाट मन्त्रिपरिषद् गठन गर्नू, गराउनू भनी प्रत्यर्थी कोशी प्रदेश प्रमुखसमेतका नाउँमा परमादेश जारी गरिएको छ।'

यसअघि न्यायाधीश ईश्वरप्रसाद खतिवडाको इजलासले कार्कीको रिटमाथि अन्तरिम आदेश जारी गरेका थिए। उनको आदेशमा प्रदेश सभाको अध्यक्षतासमेत गरेका सांसदको मत पनि गणना गरी विश्वासको मत पाएको घोषणा गर्नु संवैधानिक नैतिकताविरुद्ध रहेको उल्लेख थियो। मुख्यमन्त्री थापाले पाएको मतलाई संविधानसम्मत भन्न नमिल्ने तथा सर्वोच्चबाट यसअघि प्रतिपादित सिद्धान्तकोसमेत प्रतिकूल उक्त घोषणा रहेको जनाउँदै सरकारलाई दीर्घकालीन महत्त्वको निर्णय लिन इजलासले रोक लगाएको थियो।

सोही अन्तरिम आदेशका कारण रोकिएका प्रदेशका कामकाजमा बाधा नपरोस् भनी ४८ घन्टाभित्रै नयाँ सरकार गठनको आदेश दिइएको हो। 'प्रस्तुत आदेश तत्काल कार्यान्वयन हुनुपर्ने प्रकृतिको भएकाले प्रत्यर्थीहरूको जानकारी तथा कार्यान्वयनका लागि अविलम्ब सबै प्रत्यर्थीहरूलाई तथा महान्यायाधिवक्ताको कार्यालयलाई समेत यो संक्षिप्त आदेशको एक/एक प्रतिलिपी पठाइदिनू,' फैसलामा भनिएको छ।

प्रदेश सभाको निर्वाचनपछि एमालेका तर्फबाट प्रदेशको संसदीय दलका नेता कार्की पहिलोपटक २४ पुसमा मुख्यमन्त्री बनेका थिए। तर, माओवादीले कार्की नेतृत्वको सरकारलाई दिएको विश्वासको मत असार मध्यमा फिर्ता लिएपछि सरकार ढलेको थियो। त्यसपछि माओवादी, जसपा, एकीकृत समाजवादी र कांग्रेस मिलेर थापालाई मुख्यमन्त्री बनाएका थिए। सभामुखकोसमेत हस्ताक्षरमा थापा मुख्यमन्त्री भएका थिए।

बहुमतका लागि यसअघि तत्कालीन सभामुख बाबुराम गौतमले प्रदेश प्रमुखसमक्ष थापालाई समर्थन रहेको भन्दै आफ्नो हस्ताक्षरसमेत पेस गरेका थिए। त्यसलाई अदालतले त्रुटिपूर्ण मान्दै एक साताभित्र पुनः धारा १६८(२)को सरकार गठनको प्रक्रिया सुरु गर्न आदेश दिएको थियो। ११ साउनमा पुनः १६८(२) बमोजिमको सरकार गठनका लागि सर्वोच्चले आदेश दिएको थियो।

त्यसपछि पुनः थापाले नै दाबी गरेका थिए भने ४ भदौमा उक्त दाबी परीक्षणका लागि प्रदेश सभा बैठक आह्वान भएको थियो। तर, बैठक सञ्चालन गर्ने उपसभामुख नै अनुपस्थित भइन। जेष्ठ सदस्यका हैसियतमा सभाको अध्यक्षता गरेका इम्राइल मन्सुरीले समेत मतदान गरेर थापाको पक्षमा बहुमत घोषणा गरिएको थियो। अदालतले यसलाई पनि असंवैधानिक भनेको छ।

प्रदेश सभामा पेस भएको प्रस्तावको पक्ष र विपक्षमा बराबर मत परी प्रस्तावसम्बन्धी कारबाही टुंगोमा पुग्न नसक्ने असहज वा असमान्य परिस्थितिमा मात्र सभालाई निकास दिन अध्यक्ष वा सभामुखले मतदान गर्ने व्यवस्था रहेको व्याख्या पूर्ण इजलासको छ। '...अध्यक्षता गरेका व्यक्तिको मतबिना नै सभाको मत निर्णायक भएको र सभाको अध्यक्षता गर्ने व्यक्तिले मत हाल्नुपर्ने अवस्था भनी नेपालको संविधानले परिकल्पना गरेबमोजिमको अवस्था नै उत्पन्न नभएको अवस्थामा समेत सभाको अध्यक्षता गरेका प्रत्यर्थीमध्येका कोशी प्रदेश सभाका माननीय सदस्य श्री इम्राइल मन्सुरीले उक्त प्रस्तावउपर मतदान गरेको कार्य नेपालको संविधान, संविधानवादको मान्य सिद्धान्तसमेतको प्रतिकूल देखिँदा उल्लिखित प्रस्तावमा निजले गरेको मतदान, सो मतसमेत गणना गरी उक्त प्रस्ताव प्रदेश सभाको बहुमतबाट पारित भएको भनी सो सभाले गरेको मिति २०८०/५/४ को निर्णय तथा उक्त निर्णयको जानकारी गराउन सोही मितिमा प्रदेश प्रमुखलाई गरेको पत्राचारलगायतका काम कारबाही उत्प्रेषणको आदेशद्वारा बदर हुने ठहर्छ,' आदेशमा छ।

बिहीबारको फैसलामा धारा १६८(३) बमोजिम सरकार गठनका लागि प्रदेश प्रमुखसमेतका नाममा परमादेश भएको छ। उक्त उपधारामा प्रदेश प्रमुखले प्रदेश सभामा सबैभन्दा बढी सदस्यहरू भएको संसदीय दलको नेतालाई मुख्यमन्त्री नियुक्त गर्ने प्रावधान छ। यसरी उक्त धाराबमोजिम मुख्यमन्त्री नियुक्त गर्नुपर्ने आधारबारे आदेशमा छ, '...उपधारा (२) बमोजिम गठित मन्त्रिपरिषद्ले ऐजन उपधारा (४) बमोजिम प्रदेश सभाबाट विश्वासको मत प्राप्त गर्न नसकेको यस स्थितिमा पुनः सोही उपधाराबमोजिम विश्वासको मत प्राप्त गर्ने प्रक्रिया पुनरावृत्ति गर्नु संविधानसम्मत हुने देखिएन। संविधानले नै मार्गनिर्देश गरेको अवस्थामा एउटै विकल्पमा पटक-पटक नगई संविधानबमोजिमको विकल्पमा प्रवेश गर्नु नै स्वस्थ संवैधानिक अभ्यासको विकासका दृष्टिले उचित हुने देखियो।' यसअघि ११ साउनको आदेशमा पनि १६८(२) बमोजिम सरकार गठन नभएमा वा उक्त सरकारले विश्वासको मत प्राप्त नगरेमा अर्को विकल्प खुला रहेको स्मरण गराएको थियो।

अदालतको आदेशलाई लिएर एमाले र कांग्रेसका फरक-फरक टिप्पणी छन्। एमाले संसदीय दलका नेता हिक्मतबहादुर कार्कीले संविधान मिच्ने गठबन्धनको कामलाई सर्वोच्च अदालतको फैसलाले सच्याएको प्रतिक्रिया दिए। 'संविधान मिच्ने गठबन्धनको कामलाई सर्वोच्च अदालतको फैसलाले सच्याएको छ। फैसलाको स्वागत गर्छौं। मुख्यमन्त्रीमा नियुक्त नभई अहिले नै गठबन्धनको कुरा नगर्रौं। तर, सबै दललाई मिलाएर लैजान्छौं, हाम्रो दायित्व हो। पाँच वर्षसम्म यही (मेरो नेतृत्वको) सरकार रहन्छ,' उनले भने।

बहुमत प्राप्त गठबन्धनलाई बाहिर राखेर अल्पमतको सरकार निर्माण गर्नु राम्रो नभएको कांग्रेस संसदीय दल प्रमुख सचेतक भूपेन्द्र राईको प्रतिक्रिया छ। 'कानुनी राज्य मान्ने दलहरूले सर्वोच्च अदालतको फैसलालाई मान्छौं। त्यसको विकल्प छैन। तर, बहुमत प्राप्त गठबन्धनलाई बाहिर राखेर अल्पमतको सरकार निर्माण गर्नु राम्रो देखिएन। सर्वोच्च अदालतको फैसलाको पूर्ण पाठ आएपछि थप केही गर्न सकिएला,' उनले भने।

प्रदेश प्रमुखको कार्यालयका निमित्त सचिव नरेन्द्र श्रेष्ठले फैसला इमेलमा प्राप्त भएपछि सरकार गठनको प्रक्रिया अगाडि बढ्ने बताए। 'बिहीबार कार्यालय समयसम्म हाम्रो इमेलमा फैसला आएको छैन। शुक्रबार कार्यालय समयभन्दा अगाडि फैसला इमेलमा प्राप्त होला। त्यसपछि संविधानअनुसार हामी सरकार गठनको प्रक्रिया अगाडि बढाउँछौं,' उनले भने।

मोटरसाइकल हरायो

मिति २०८०/५/१८ गते साँझ ७:३० देखि ८:३० बजेको समयमा का.जि. महाराजगंज पिपलमार्ग घरको गेट अगडीबाट मेरो निम्न व्यहोरा भएको कालो रातो रंगको **Pulsar 220CC** मोटरसाइकल हराएको हुँदा देख्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा खबर गरिदिनु होला।

नाम : ब्रोदर्श अटो प्रा.लि.
मो.सा.न. : बा. प्र. ०२-०४१ प ६०७१
चेसिस न. : MD2A13EXXMCJ98612
इन्जिन न. : DKXCMJ33015
सम्पर्क न. : 9840860563

सर्टिफिकेट हरायो

मिति २०८०/०५/०३ गते कलंकीदेखि बल्खुसम्म जाने क्रममा मेरो निम्न व्यहोरा भएको +2 को माईग्रेशन सर्टिफिकेट हराएकोले भेटाउनुहुने महानुभावहरूले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा बुझाईदिनुहुन अनुरोध छ।

नाम : लालचन्द्र बुद्ध
सिम्बोल नं. : २६५००१५६
रजिष्ट्रेशन नं. : ७०६५०४०१७
सम्पर्क : ९८६८३४३७५३

Vyas Municipality
Office of Municipal Executive
Gandaki Province
Damauli, Tanahun

Invitation for Electronic Bids

Date of publication: 2080/05/22 (08th September, 2023)

1. The Vyas Municipality invites *electronic* bids from eligible bidders for the procurement of under mentioned Works ***under National Competitive Bidding procedures specified in Public Procurement Act and Regulations.*** Bidders may obtain further information at the Vyas Municipality, Office of Municipal Executive, Gandaki Provience, Damauli, Tanahun, Telephone: 065 560632 facsimile: 065 560233 and email: vyas.planning@gmail.com, vyasmunicipality@gmail.com or may visit PPMO egp system www.bolpatra.gov.np/egp or website of Vyas Municipality www.vyasmum.gov.np
2. Bidder who chooses to submit their bid electronically may download the bidding documents for e-submission from PPMO's e-GP system www.bolpatra.gov.np/egp . Bidders, submitting their bid electronically, should deposit the cost of bidding document in the following Rajaswa (revenue) account as specified below.

Information to deposit the cost of bidding document

Name of the Bank : Nepal Bank Ltd Damauli Branch
Name of Office : Vyas Municipality Office
Rajaswa (revenue) Account no. : Ga. 1.1.0.1-06003000001001000001
Security deposit (Dharauti) Account Number : Ga.3.0.0.1-06003000003000000001

SN	Tender No.	Description	Estimated Amount (Excluding VAT and Contingencies)	Bid Security Amount	Bid Document Price	Remarks
1.	01/WORKS/ VYASMUN/ 080/081	Kalika Marga Upgrading Works (Ward-8 Section) (Widening, Drain and Structure Works) Vyas-8, Tanahun	NRs. 1,02,01,193.42	NRs. 3,06,000.00	NRs. 3000.00	First time Published Electronic Bid
2.	02/WORKS/ VYASMUN/ 080/081	Construction of Ward 13 Office II- Finishing Works, Vyas-13, Tanahun	NRs. 26,42,812.53	NRs. 79,000.00	NRs. 3000.00	First time Published Electronic Bid
3.	03/WORKS/ VYASMUN/ 080/081	Manahunkot Tourism Promotion-Temple Construction Works, Vyas-5, Tanahun	NRs. 21,30,552.98	NRs. 63,000.00	NRs. 3000.00	First time Published Electronic Bid
4.	04/WORKS/ VYASMUN/ 080/081	Bagaletauwa to Ward 12 Office Road Upgrading Works, Vyas-12, Tanahun	NRs. 17,06,017.78	NRs. 31,000.00	NRs. 3000.00	First time Published Electronic Bid

Last date and time of Bid Document Submission: 2080/06/22 (9th October, 2023); upto 12:00 Noon;
Opening of Submitted Bids in presence of representatives: 2080/06/22 (9th October, 2023); at 14:00 After Noon.

Chief Administrative Officer

का.जि.द.नं.१२८/०६३/६४, म.क्षे.हु.नि.द.न. १७/०६९/०७०
शुक्रबार २२ भदौ ०८० www.nayapatrikadaily.com नयाँ पत्रिका

टी-२० विश्वकपमा पाँच राष्ट्र छनोट हुन बाँकी

आइसिसी टी-२० विश्वकपमा एसिया र दक्षिण अफ्रिकाबाट समान दुई र अमेरिका क्षेत्रीयबाट एक राष्ट्र छनोट हुन बाँकी

नयाँ पत्रिका

सन् २०२४ मा वेस्ट इन्डिज र अमेरिकाले संयुक्त रूपमा आइसिसी टी-२० विश्वकप क्रिकेट प्रतियोगिता आयोजना गर्दै छन् । पहिलोपटक विश्वकपमा सर्वाधिक २० राष्ट्रले प्रतिस्पर्धा गर्दै छन् । अहिलेसम्म विश्वकपका लागि १५ राष्ट्रले स्थान पक्का गरिसकेका छन् । आयोजकद्वय वेस्ट इन्डिज र अमेरिकाले पहिला नै स्थान पक्का बनाए । आइसिसीले पछिल्लो संस्करणका शीर्ष आठ टोलीलाई सीधै विश्वकपमा स्थान दिइएको थियो ।

युरोपबाट आयरल्यान्ड र स्कटल्यान्ड छनोट भएका छन् । इस्ट एसिया प्यासेफिकबाट पपुवा न्युगिनीले विश्वकप खेल्ने पक्का भएको छ । अब विभिन्न क्षेत्रीय छनोटबाट अन्य पाँच राष्ट्र मात्र विश्वकपमा छनोट हुन बाँकी छ । अर्को महिनादेखि एसिया क्षेत्रीय छनोट हुँदै छ । यसबाट दुई राष्ट्र छनोट हुनेछन् । यसैगरी, अफ्रिकाबाट दुई र अमेरिका क्षेत्रबाट एक राष्ट्रको छनोट बाँकी छ ।

एसियाली छनोट नेपालमा

एसिया क्षेत्रबाट नेपाललाई विश्वकपमा पुग्ने प्रबल दाबेदार टोलीका रूपमा हेरिएको छ । आइसिसीको टी-२० वरीयतामा नेपाल १७औँ स्थानमा छ । पछिल्लो पाँच महिना लगातार ५० ओभर खेल खेलिरहेको नेपालले अब २० ओभर फर्म्याटको प्रतिस्पर्धा गर्दै छ । एकदिवसीय खेलमा नेपालले आइसिसी विश्वकप लिग-२, एसिसी प्रिमियर कप, एसिसी टिम्स कप, एकदिवसीय विश्वकप ग्लोबल छनोट तथा एसिया कपजस्तो महत्त्वपूर्ण प्रतियोगितामा सहभागी जनाएको थियो । यसै अवधिमा नेपाली क्रिकेटरले आइसिसीको पाँच पूर्ण सदस्यसँग प्रतिस्पर्धा मात्र गरेनन्, उनीहरूसँगको अनुभवसमेत बाँड्न अवसर पाए । जिम्बावे, आयरल्यान्ड, वेस्ट इन्डिज, भारत र पाकिस्तानसँग नेपालले अन्तर्राष्ट्रिय क्रिकेट मञ्चमा हेड टु हेडमा प्रतिस्पर्धा गरे ।

एसिया कपमा पहिलोपटक विश्व क्रिकेटकै शक्तिशाली मानिने टोली भारत र पाकिस्तानविरुद्ध खेलाडीले बहादुरी प्रदर्शन गरेका छन् । एकदिवसीय खेलमा दिग्गज टोलीविरुद्ध खेलको म्याच एक्सपोजर अब टी-२० विश्वकप छनोटमा खेलाडीले प्रयोग गर्नेछन् । फेरि टी-२० विश्वकप छनोट खेल नेपालमै हुँदै छ । घरेलु मैदानमा नेपालको प्रदर्शन अब्बल छ । सन् २०१४ पछि विश्वकपमा स्थान बनाउन नेपालले एसिया क्षेत्रको छनोट पार गर्नुपर्ने हुन्छ ।

यसमा कम्तीमा शीर्ष दुईमा समावेश हुनुपर्छ । १३ देखि २३ कात्तिकसम्म छनोट खेल कीर्तिपुरको त्रिभुवन अन्तर्राष्ट्रिय मैदानमा हुनेछ । एसिया छनोटमा आठ टोली छन् । एसियाली छनोटमा अहिलेसम्म नेपाल, युएई, हङकङ, ओमान, सिंगापुर, बहराइन र मलेसियाले स्थान पक्का गरेका छन् । अब उप-क्षेत्रीय छनोटबाट एक राष्ट्र आउन बाँकी छ । मलेसियाले गत जुलाईमा क्वालिफायर 'बी'बाट स्थान पक्का गरेको थियो । सेप्टेम्बरमै हुने छनोटमा कतार, साउदी अरेबिया, कुवेत र माल्दिभ्सले प्रतिस्पर्धा गर्नेछन् । यसबाट एक टोली आउनेछ ।

■ कुशल र सोमपाललाई जनही एक लाखसहित सम्मान



एसिया कपअन्तर्गत भारत र पाकिस्तानविरुद्ध छक्का प्रहार गरेका दुई नेपाली क्रिकेटरले सम्मानस्वरूप जनही एक लाख पाएका छन् । इन्स्पायर नोबेल फाउन्डेसनले पूर्वघोषणाअनुरूप नै दुई खेलाडीलाई नगदसहित सम्मान गरेको छ । यी दुई राष्ट्रविरुद्ध कुशल भुर्तेल र सोमपाल कामीले छक्का ठोकेका थिए । भारतविरुद्ध खेल्नुअघि फाउन्डेसनले छक्का प्रहार गर्नेलाई एक लाख रुपैयाँ दिने घोषणा गरेको थियो । भारतविरुद्ध कुशल र सोमपालले समान दुई छक्का प्रहार गरेका थिए ।

फाउन्डेसनका सुशील रेग्मीले खेलाडीद्वयलाई चेक हस्तान्तरण गरेका थिए । नेपाल खेलकुद पत्रकार मञ्चका पूर्वअध्यक्ष अजय फुयाँलले खेलाडीलाई यस्तो किसिमको हौसलाले आगामी दिनमा राम्रो खेल्न प्रेरित गर्ने बताए । इन्स्पायर नोबेल फाउन्डेसन अमेरिकामा रहेका गैरआवासीय नेपालीहरूले खोलेको संस्था हो । पुरस्कृत भएपछि दुवै खेलाडीले यसबाट आफूहरूलाई थप हौसला मिलेको बताउँदै फाउन्डेसनलाई धन्यवाद दिए । 'यस पुरस्कारले अझै राम्रो गर्न हौसला दिन्छ । क्रिकेटलाई मात्रै नभएर यस्तो पुरस्कार अन्य खेलाडीलाई पनि दिनुपर्छ,' सोमपालले भने ।

छनोट भएका राष्ट्र

आयोजक
अमेरिका र वेस्ट इन्डिज

आइसिसी टी-२० विश्वकपका शीर्ष आठ टोली
अस्ट्रेलिया, इंग्ल्यान्ड, भारत, नेदरल्यान्ड्स, न्युजिल्यान्ड, पाकिस्तान, दक्षिण अफ्रिका, श्रीलंका

आइसिसी टी-२० को वरीयताअनुसार
बंगलादेश र अफगानिस्तान

युरोपियन छनोट
आयरल्यान्ड र स्कटल्यान्ड

इस्ट एसिया प्यासिफिक छनोट
पपुवा न्युगिनी

छनोट हुन बाँकी
एसियाबाट २, अमेरिकाबाट १, दक्षिण अफ्रिकाबाट २

१० वर्षपछि विश्वकप खेल्ने लक्ष्य

सन् २०१४ मा नेपालले पहिलोपटक टी-२० विश्वकप खेलेको थियो । नेपालको क्रिकेट इतिहासमा पहिलोपटक अन्तर्राष्ट्रिय टी-२० खेलेको नै विश्वकप हो ।त्यसयता नेपाल विश्वकपमा पुगेको छैन । यसपटक उत्कृष्ट फर्ममा रहेको नेपालले एसियन छनोटमा उत्कृष्ट प्रदर्शन गर्ने विश्वास छ । छनोट प्रतियोगितामा नेपाली टोलीलाई घरेलु मैदान तथा समर्थकको फाइदा छ । विश्वकप छनोटअघि नेपालले चीनमा असोज ४ देखि सुरु हुने १९औँ एसियन खेलकुद प्रतियोगिताको अनुभव बटुल्नेछ । एसियाडको अनुभवसँगै नेपाली खेलाडी विश्वकपमा उत्रनेछन् ।

टी-२० मा दमदार प्रदर्शन गर्न सकेको छैन । नेपालको मुख्य प्रतिद्वन्द्वीका रूपमा ओमान, युएई र हङकङ छन् । हङकङसँग पछिल्ला पाँच खेलमा नेपालले दुई खेलमा जित निकालेको थियो । ओमानमाथि नेपाल हावी देखिन्छ । नेपालले ओमानलाई चारमध्ये तीन खेलमा पराजित गरेको थियो । एकदिवसीय राष्ट्र युएईविरुद्ध नेपालले पछिल्ला पाँच खेलमा दुई खेलमा मात्र जित निकालेको थियो । मलेसिया र बहराइनविरुद्ध नेपालको नतिजा राम्रो छ ।

नेपाल र म्यानमार आज भिड्दै



नयाँ पत्रिका

फिफा मैत्रीपूर्ण खेलमा शुक्रबार नेपाल र घरेलु टोली म्यानमारबीच प्रतिस्पर्धा गर्दै छन् । नेपाली टोलीका प्रशिक्षक भिन्सेन्जो अल्बेर्टो एनेसले म्यानमार टोली निकै बलियो रहेको बताए । 'म्यानमार धेरै बलियो छ । उनीहरूले थाई लिग खेल्दै आएका छन् । उनीहरू धेरै अनुभवी छन्,' भिन्सेन्जोले भने, 'हामी आफ्नो खेल खेल्नेछौं ।' विश्वकप छनोटअघि टोलीको कमजोरी थाहा पाउन मैत्रीपूर्ण खेल सहयोगी हुने उनले बताए । 'हामीले म्यानमारपछि विश्वकप छनोट खेल्नेछौं । यो खेलबाट हामी आफ्नो कमीकमजोरी थाहा पाउन सक्छौं । हामीसँग युवा खेलाडी छन्,' उनले भने । नेपाल र म्यानमारबीच ०७६ कात्तिकमा भेट भएको थियो । जहाँ म्यानमार ३-० ले विजयी भएको हो । नेपालका रक्षक रोहित चन्दले तयारी राम्रो भएको र नतिजा आउने बताए । 'हामीले तयारी राम्रो गरेका छौं । आशा गर्यौं, नतिजा पक्षमा आउनेछ,' उनले भने ।

नेपालको युवा टोली

साफ च्याम्पियनसिप खेलेका १० खेलाडी टोलीबाहिर छन् । सात नयाँ खेलाडीले पहिलोपटक टोलीमा स्थान बनाएका छन् । २३ सदस्यीय टोलीमा १० खेलाडीले डेब्यु गर्न बाँकी छ । नयाँ खेलाडीमा जावलाखेल युथका रक्षक छिरिङ लामा, मनाङ मर्स्याङ्दी क्लबका आशिष गुरुङ र नेपाल पुलिस क्लबका अन्जन राई छन् । मच्छिन्द्र एफसीका मिडफिल्डर उत्सव राईलाई पनि अल्बेर्टोले समावेश गरेका छन् । स्ट्राइकर त्रिभुवन आर्मी एफसीबाट दिनेश हेन्जन र जिलेस्पीजंग कार्की तथा जावलाखेल युथबाट हिसुब थपलियाले स्थान बनाएका हुन् ।

सातदोबाटो युथका गोलकिपर अभिषेक बराल र न्युरोड टिम एनआरटीबाट खेलेका मिडफिल्डर कृतिशरत्न छुन्जुले राष्ट्रिय टोलीबाट डेब्यु गर्न बाँकी छ । गोलकिपर अभिषेकले प्रधानमन्त्री कप त्रिदेशीय प्रतियोगिताको टोलीमा स्थान बनाएका थिए । तर, प्रशिक्षक भिन्सेन्जोले लाओस र भुटानविरुद्ध अभिषेकलाई डेब्यु गराएनन् । यता, अफ्रिकन राष्ट्र मौरिससँगको पहिलो मैत्रीपूर्ण खेलमा कृतिशले टोलीमा स्थान बनाए पनि प्रशिक्षक अब्दुल्लाह अल्मुताइरीले डेब्यु गराएनन् ।

यस्तै, साफ च्याम्पियनसिप खेलेका विमल घर्तीमगर, निशान खड्का, पुजन उपरकोटी, दीपकराजसिंह ठकुरी, नवीन लामा, देवेन्द्र तामाङ, विमल पाण्डे, सिमन्त थापा, विशाल श्रेष्ठ र मणिकुमार लामा टोलीबाहिर छन् । रक्षक निशान, डिफेन्सिभ मिडफिल्डर पुजन र स्ट्राइकर दीपकराज सिंह अस्ट्रेलिया पुगेका छन् ।

एन्फाले ३२ क्लबलाई छलफलमा बोलायो

सहिद स्मारक डिभिजन लिगका असन्तुष्ट ३२ क्लबलाई अखिल नेपाल फुटबल संघ (एन्फा)ले छलफलमा बोलाएको छ । एन्फाले बिहीबार ३२ क्लबलाई पत्र लेख्दै शुक्रबार ३ बजे छलफलका लागि सातदोबाटोस्थित एन्फा मुख्यालयमा बोलाएको छ । आगामी आइतबार हुने विशेष साधारणसभामा भौतिक उपस्थिति हुनुपर्ने र बक्यौता रकम चाँडै पाउनुपर्ने ३२ क्लबले संयुक्त रूपमा माग राखेका छन् । एन्फाले साधारणसभाको दुई दिनअघि छलफलबाट समाधान निकाल्ने प्रयास गरेको छ । 'एन्फामा संघमा दर्ता भएअनुसार २४ भदौमा एन्फाको विशेष साधारणसभासम्बन्धी ध्यानाकर्षणपत्र प्राप्त भएको छ, यस सम्बन्धमा छलफलका लागि उपस्थित हुन आग्रह छ,' एन्फाका महासचिव किरण राईको हस्ताक्षर रहेको पत्रमा भनिएको छ ।

क्लबहरूले अगाडिका बक्यौता रकम नआए एन्फाले आगामी दिनमा आयोजना गर्ने प्रतियोगिता नखेल्ने चेतावनी दिएका छन् । तीनवटै डिभिजन लिगका ४० मध्ये जावलाखेल युथ, पुल्चोक युथ, प्लानिङ ब्वाइज, झम्सिखेल युथ, स्वयम्भू क्लब, बागमती युवा क्लब, खालीबारी युवा क्लबसहित तीन विभागीय क्लबले ऐक्यबद्धता जनाएका छैनन् ।

म्याच फिक्सिङ काण्डमा श्रीलंकाका सचित्र पक्राउ

एजेन्सी

श्रीलंकाली प्रिमियर लिगमा म्याच फिक्सिङ गरेको आरोपमा श्रीलंकाका पूर्वस्पिनर सचित्र सेनानायके पक्राउ परेका छन् । सन् २०२० को श्रीलंकाली प्रिमियर लिगमा दुई खेलाडीलाई खेल मिलेमतो गराउन राजी गरेको आरोपमा सचित्र पक्राउ परेका हुन् । श्रीलंकाली प्रहरीले म्याच फिक्सिङको मुख्य अभियोगमा सचित्रलाई शुक्रबार अदालतसमक्ष उपस्थित गराउने एजेन्सीले जनाएको छ । तीन वर्षअघिको लिगमा सचित्र कुनै पनि क्लबमा आबद्ध थिएनन् । तर, उनले खेलाडीलाई लोभ्याउन प्रयास गरेको प्रहरीको भनाइ छ ।

उनले श्रीलंकामा नभएर बाहिर देशबाट दुई खेलाडीलाई फकाएको प्रहरीको प्रारम्भिक अनुसन्धानमा उल्लेख छ । प्रहरीले दुई खेलाडीको नाम गोप्य राखेको छ । सचित्रले दुबईबाट खेलाडीलाई लोभ्याएका थिए ।

> पूर्वराष्ट्रिय खेलाडी सचित्र सेनानायकेमाथि सन् २०२० को श्रीलंकाली प्रिमियर लिगमा दुई खेलाडीलाई प्रलोभनमा पारेको आरोप

सन् २०१९ को कानुन लागू

श्रीलंकाका खेलाडी वेलावेलामा फिक्सिङ काण्डमा मुछिने गर्छन् । तर, सरकारले म्याच फिक्सिङ सम्बन्धमा लामो समयसम्म कानुन बनाउन सकेन । सन् २०१९ मा सरकारले राजनीतिदेखि खेलकुदसम्म भ्रष्टाचार रोक्न एउटा विशेष कानुन बनाएको थियो । जसमा खेल भावनाविपरीत कार्य गर्ने जोकोहीलाई कानुनको दायरामा ल्याउने उल्लेख छ । 'कुनै पनि खेलका खेलाडीले नतिजा प्रभावित पार्न सक्ने काम गरे म्याच फिक्सिङ मानिनेछ, उसलाई तत्काल कानुनबमोजिम पक्राउ गर्न सकिन्छ,' प्रहरीले जारी गरेको विज्ञप्तिमा भनिएको छ । प्रहरीले यही कानुनको धारा अपनाउँदै सचित्रलाई पक्राउ गरेको हो ।

बलिङ एक्सनमा प्रतिबन्ध

श्रीलंकाबाट ४९ एकदिवसीय खेल खेलेका सचित्र बलिङ एक्सनका कारण दुईपटक अन्तर्राष्ट्रिय क्रिकेट काउन्सिल (आइसिसी)को प्रतिबन्धमा परेका थिए । सन् २०१४ मा उनको बलिङ एक्सन नियमअनुसार नभएको जनाउँदै आइसिसीले प्रतिबन्ध लगाएको थियो । प्रतिबन्धमा पर्नुअघि उनले टी-२० विश्वकप खेलेका थिए । श्रीलंकाले त्यही वर्ष नै आइसिसी टी-२० विश्वकप जितेको थियो । विश्वकप च्याम्पियन टोलीका सदस्य रहेका सचित्र सन् २०१३ मा इन्डियन प्रिमियर लिग (आइपिएल)को कोलकाता नाइट राइडर्समा आबद्ध थिए । त्यसवेला कोलकाताले उनलाई भित्र्याउन ६ लाख २५ हजार अमेरिकन डलर खर्चेको थियो । एकदिवसीय खेलमा उनले ५३ विकेट लिएका थिए । २४ अन्तर्राष्ट्रिय टी-२० मा उनको नाममा २५ विकेट रहेको छ । सन् २०१५ को डिसेम्बरमा उनले अन्तिमपटक श्रीलंकाबाट एकदिवसीय खेल खेलेका थिए । सन् २०१३ मा उनले एकपटक मात्र टेस्ट खेले ।



खेल संक्षेप

ज्ञान निकेतन र जेनिथ फाइनलमा

काठमाडौं/ ज्ञान निकेतन र जेनिथ तेस्रो केएमसी अन्तरविद्यालय बास्केटबल प्रतियोगिताको सिनियर पुरुषमा बिहीबार फाइनलमा प्रवेश गरेका छन् । आयोजक केएमसीको कोर्टमा भएको सेमिफाइनलमा ज्ञान निकेतनले सैनिकलाई ३९-२३ ले पराजित गऱ्यो । जेनिथले दोस्रो सेमिफाइनलमा नेरिक एकेडेमीलाई ३९-३१ ले हरायो । जुनियर पुरुषमा अवेरनेस इन्टरनेसनल एकेडेमी (एआइए) र ज्ञान निकेतन उपाधिका लागि भिड्ने भएका छन् । एआइएले सनसाइनलाई ३०-२० ले हरायो । ज्ञान निकेतनले पुष्पसदनमाथि २०-१४ को जित दर्ता गऱ्यो । सिनियर महिलामा इनोभेटिभ र एनसिसिएसले फाइनलमा स्थान सुरक्षित गरेका छन् । इनोभेटिभले चेल्सी वर्ल्ड स्कुलमाथि २९-२३ को जित निकाल्यो । एनसिसिएसले एलाइट ग्रान्डलाई २०-१४ ले निराश बनायो । एनसिसिएसकी विभा महर्जनले नौ स्कोर गरिन् । प्रतियोगिताको फाइनल शुक्रबार हुनेछ ।

प्रत्येक वर्ष अन्तरप्रदेश खेलकुद हुने

काठमाडौं/ प्रदेश खेलकुद विकास समितिले प्रत्येक वर्ष अन्तरप्रदेश राष्ट्रिय खेलकुद गर्ने भएको छ । हेटौंडामा प्रदेश खेलकुद परिषद्का सदस्यसचिवहरूको बैठकले प्रत्येक वर्ष प्रतियोगिता आयोजना गर्ने निर्णय गरेको हो । अन्तरप्रदेश प्रतियोगिता आलोपालो रूपमा आयोजना गर्ने निर्णय गरेको सदस्यसचिव सूर्यलाल भण्डारीले जानकारी गराएका छन् । पहिलो संस्करण खेलकुद बागमती प्रदेशले आगामी फागुनमा आयोजना गर्दै छ । सो प्रतियोगितामा सहभागी हुने प्रदेशले टिम तयारी आफ्नै खर्चमा गर्ने निर्णय भएको छ ।

विद्यालयमा स्कुल टु ओलम्पिक

काठमाडौं/ सैनिक आवासीय महाविद्यालयले बिहीबार स्कुल टु ओलम्पिक कार्यक्रम आयोजना गरेको छ । नेपाल ओलम्पियन्स संघको समन्वयमा भएको अन्तरक्रियात्मक कार्यक्रम स्कुल टु ओलम्पिकमा ओलम्पियन र अन्य खेलाडीले विद्यार्थीहरूको बीचमा आफ्नो अनुभव साटेका थिए । नेपाललाई पहिलो अन्तर्राष्ट्रिय पदक दिलाएका जितबहादुर केसीले आफ्नो अनुभव खेलाडीसँग बाँडे ।

यसैगरी, १२औँ र १३औँ दक्षिण एसियाली खेलकुद (साग)मा फुटबलका स्वर्ण पदक विजेता गोलरक्षक विकेश कुथूले खेलाडीप्रति समाजको दृष्टिकोण सम्बन्धमा प्रतिक्रिया दिए । ओलम्पियन दीपक विष्टले समयको उचित व्यवस्थापन गर्न सके अध्ययन र खेललाई सँगै लैजान सकिने बताए । जीवनमा एउटा असफलताबाट हार खान नहुने धावक राजेन्द्र भण्डारीले सुनाए । महाविद्यालयका प्राचार्य दलबहादुर पुनले फुटबल, क्रिकेट, भलिबल, मार्सल आर्ट्सका खेलको नियमित अभ्यास हुने जानकारी दिएका छन् ।

लुइस चार वर्ष जेल जान सक्ने

एजेन्सी/ फिफा महिला विश्वकप फुटबल प्रतियोगितामा खेलाडीलाई चुम्बन गरेका स्पेनिस फुटबल संघका अध्यक्ष लुइस रुविलेस चार वर्ष जेल जान सक्ने भएका छन् । लुइसविरुद्ध अहिले विशेष अदालतमा मुद्दा चलिरहेको छ । फिफाको अनुशासन कमिटीले पनि उनीमाथि अनुसन्धान प्रक्रिया अगाडि बढाएको छ । स्पेनको अदालतले सार्वजनिक स्थलमा यौन दुर्व्यवहार गरेको आरोप ठहराए उनी चार वर्ष जेल चलान हुन सक्ने स्पेनिस मिडियाले जनाएको छ । गत महिना अस्ट्रेलियाको सिड्नीमा भएको महिला विश्वकपको फाइनलमा इंग्ल्यान्डलाई हराएपछि स्पेन पहिलोपटक विश्व च्याम्पियन बनेको थियो ।



पदक वितरण समारोहमा फुटबल संघका अध्यक्ष लुइसले च्याम्पियन खेलाडी जेनी हर्मोसोलाई तीनपटक चुम्बन गरेका थिए । स्ट्राइकर जेनीले तत्काल केही प्रतिक्रिया दिइनन् । होटेलमा पुगेपछि उनले आफ्नो स्वीकृतिविना अध्यक्षले चुम्बन गरेको जनाइन् । उनले फिफा र स्पेनिस फुटबल संघमा आफूमाथि भएको यौन दुर्व्यवहारको अपिल गरिन् । पदक वितरणमा आफूले नियन्त्रण राख्न नसकेको र खराब विचारले खेलाडीलाई चुम्बन नगरेको लुइसले प्रतिक्रिया दिएका थिए ।

बालोन डिअरमा मेसी र हाल्यान्ड दाबेदार

पाँचपटकको विजेता पोर्चुगलका कप्तान क्रिस्टियानो रोनाल्डो करिअरमा पहिलोपटक बालोन डिअरको अन्तिम ३० खेलाडीभित्र परेनन्

जुरिच/ गत सिजनमा युरोपियन र अन्तर्राष्ट्रिय फुटबल प्रतियोगितामा प्रदर्शन गरेका आधारमा फिफाले बिहीबार बालोन डिअर २०२३ का लागि ३० खेलाडीको मनोनयन सार्वजनिक गरेको छ । यसपटकको बालोन डिअर उपाधिका लागि म्यानचेस्टर सिटीका सर्वाधिक सात खेलाडी परेका छन् । गत सिजन सिटीले युरोपमा ट्रेबल उपाधि जितेको छ । इंग्लिस प्रिमियर लिगमा ट्रेबल गर्ने सिटी दोस्रो क्लब बनेको थियो । सन् १९९९ मा म्यानचेस्टर युनाइटेडले पहिलोपटक ट्रेबल उपाधि जितेको थियो । आश्चर्यजनक रूपमा यसपटक पोर्चुगलका कप्तान क्रिस्टियानो रोनाल्डो अन्तिम ३० भित्र पर्न सकेनन् । उनी सन् २००३ पछि सूचीमा नपरेका हुन् ।

रोनाल्डोले बालोन डिअर पाँचपटक जितेका छन् । स्पेनिस क्लब रियल म्याड्रिडबाट उनले चार र एकपटक म्यानचेस्टर युनाइटेडबाट जितेका थिए । गत सिजन उनी युनाइटेड छाड्दै कीर्तिमानी रकममा साउदी प्रो लिगमा आबद्ध भएका थिए । फिफाले युरोपियन लिग र अन्तर्राष्ट्रिय खेलका आधारमा खेलाडी छनोट गरेको जनाएको छ ।

साउदी प्रो लिगमा रोनाल्डोको आगमनपछि विश्वको ध्यान केन्द्रित भएको छ । यसअघि साउदी प्रो लिगको त्यति चर्चा थिएन । युरोपियन लिग खेल्ने खेलाडीहरूको बाहुल्य रहेको सूचीमा अमेरिकाको इन्टर मियामीमा आबद्ध भएका अर्जेन्टिनाका कप्तान लियोनल मेसी लगातार मनोनयनमा परेका छन् । गत वर्ष उनकै कप्तानीमा अर्जेन्टिनाले कतार विश्वकप उपाधि जितेको थियो । उनी यसपटक पनि उपाधिका प्रमुख दाबेदार मानिन्छन् । अर्जेन्टिनालाई विश्व च्याम्पियन बनाउन प्रमुख भूमिका निर्वाह गरेका कारण उनलाई दाबेदारका रूपमा हेरिएको हो । यसअघि उनले यो उपाधि कीर्तिमानी रूपमा सातपटक जितेका थिए ।



हाल्यान्डको मेसीलाई चुनौती

प्रशिक्षक पेप ग्वार्डिओलाले सिटीलाई तीन प्रमुख उपाधि दिलाउँदा नर्वेका स्ट्राइकर इर्लिन हाल्यान्ड मुख्य खेलाडी बनेका थिए । गत सिजनमा इंग्लिस क्लब सिटीका लागि गोलमेसिन बनेका हाल्यान्डले यसपटक बालोन डिअरमा मेसीलाई चुनौती दिन सक्ने जनाइएको छ । बिबिसीले हाल्यान्ड सम्भावित दाबेदार खेलाडीका रूपमा उल्लेख गरेको छ । हाल्यान्डले इंग्लिस प्रिमियर लिग र युरोपियन च्याम्पियन्स लिगमा उत्कृष्ट प्रदर्शन गरेका थिए ।

गोल मात्र नभएर उनले असिस्टमा समेत प्रमुख भूमिका निर्वाह गरे । हाल्यान्डसँगै सिटीबाट जोस्को ग्वार्डियोल, केभिन डे ब्रुयने, बर्नार्डो सिल्भा, रुबेन डायस, रोड्री र जुलियन अल्भारेज मनोनयनमा परेका छन् । सिटीका सात गरी समग्रमा बालोन डिअरमा इंग्लिस क्लबबाट १२ खेलाडी परेका छन् । आर्सनलका साका, मार्टिन, लिभरपुलका मोहमद सलाह, म्यानचेस्टर युनाइटेडका गोलरक्षक एन्ड्रे ओनाना र आस्टोन भिल्लाका गोलरक्षक इमिलिआनो मार्टिनेज परेको बिबिसीले जनाएको छ ।

सात स्पेनिस क्लबका खेलाडी

अवार्डमा स्पेनिस क्लबबाट सात खेलाडी मनोनयनमा परेका छन् । बालोन डिअरका साबिक विजेता करिम बेन्जिमा अहिले साउदी प्रो लिग अल इतिहादमा आबद्ध छन् । गत वर्ष उनले रियल म्याड्रिडमा रहँदै उपाधि जितेका थिए । उनको उपाधि रक्षा गर्ने सम्भावना निकै कम देखिएको छ । स्पेनिस क्लबमा रियल म्याड्रिडकै दबदबा छ । म्याड्रिडबाट जुड बेलिङ्घम, भिनिसियस जुनियर र लुका मोड्रिच परे । यसैगरी, बार्सिलोनाबाट रोबर्ट लेवान्डोस्की र इल्के गुन्डोगन रहे । सेभिल्लाबाट यासिन बोनौ र एटलेटिको म्याड्रिडबाट एन्टोइन ग्रिजम्यान मनोनयनमा परेका छन् ।

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित । **कार्यकारी निर्देशक** : सुशील थापा । **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा । **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com